# सार्बजनिक सुनुवाई तथा प्रतिबद्धता अनुगमन परियोजना, धनकुटाको

# अन्तिम प्रगति प्रतिवेदन-२०७०

प्रतिवेदन पेश गर्ने निकाय:

**स्थानीय शासन उत्तरदायी संयन्त्र (LGAF), विराटनगर**

**परियोजनाको कार्यक्षेत्र :**

**वेलहारा, तेलिया, तांखुवा, परेवादिन र भीरगाऊं, धनकुटा**

**परियोजना अवधि :**

**२०६९ फागुनदेखि २०७० आषाढसम्म**

प्रतिवेदन तयार पार्ने :

**जनहित असल शासन क्लब**

**कुरुले तेनुपा, धनकुटा**

**१५ आषाढ २०७०**

# विषय सुची

पेज नं.

## खण्ड एक
## परिचय


| | |
|---|---|
| १.१ परिचय | १ |
| १.२ सार्वजनिक सुनुवाई  तथा प्रतिबद्धता अनुगमन परियोजना | १ |
| १.३ सार्वजनिक सुनुवाईका चरणहरु | १ |
| १.३.१ अभिलेख अध्ययन र अभिमुखीकरण कार्यक्रम | ४ |
| १.३.२ सेवाग्राही बहिगमन सर्वेक्षणको नतिजा | ५ |
| १.३.३ नागरीक प्रतिवेदन पत्र सर्वेक्षणको नतिजा | ७ |
| १.३.४ सवाल पहिचान बैठक | ९ |
| १.३.५ सार्बजनिक सुनुवाई कार्यक्रम | १० |
| १.३.६ प्रतिबद्धता अनुगमन | १४ |
| १.३.७ गाऊँ परिषद् र सार्वजनिक सुनुवाईको सहभागीताको विश्लेषण | १५ |


## खण्ड दुई
## वेलहारा गाविसको सार्बजनिक सुनुवाई कार्यक्रम


| | |
|---|---|
| २.१ अभिलेख अध्ययन र अभिमुखीकरण कार्यक्रम | ४ |
| २.२ सेवाग्राही बहिगमन सर्वेक्षणको नतिजा | ५ |
| २.३ नागरीक प्रतिवेदन पत्र सर्वेक्षणको नतिजा | ७ |
| २.४ सवाल पहिचान बैठक | ९ |
| २.५ सार्बजनिक सुनुवाई कार्यक्रम | १० |
| २.६ प्रतिबद्धता अनुगमन | १४ |
| २.७ गाविसको गाऊँ परिषद् र सार्वजनिक सुनुवाईको सहभागीताको विश्लेषण | १५ |


## खण्ड तीन
## तेलिया गाविसको सार्बजनिक सुनुवाई कार्यक्रम


| | |
|---|---|
| ३.१ अभिलेख अध्ययन र अभिमुखीकरण कार्यक्रम | ४ |
| ३.२ सेवाग्राही बहिगमन सर्वेक्षणको नतिजा | ५ |
| ३.३ नागरीक प्रतिवेदन पत्र सर्वेक्षणको नतिजा | ७ |
| ३.४ सवाल पहिचान बैठक | ९ |
| ३.५ सार्बजनिक सुनुवाई कार्यक्रम | १० |
| ३.६ प्रतिबद्धता अनुगमन | १४ |
| ३.७ गाविसको गाऊँ परिषद् र सार्वजनिक सुनुवाईको सहभागीताको विश्लेषण | १५ |


## खण्ड चार
## तांखुवा गाविसको सार्बजनिक सुनुवाई कार्यक्रम


| | |
|---|---|
| ४.१ अभिलेख अध्ययन र अभिमुखीकरण कार्यक्रम | ४ |
| ४.२ सेवाग्राही बहिगमन सर्वेक्षणको नतिजा | ५ |
| ४.३ नागरीक प्रतिवेदन पत्र सर्वेक्षणको नतिजा | ७ |
| ४.४ सवाल पहिचान बैठक | ९ |
| ४.५ सार्बजनिक सुनुवाई कार्यक्रम | १० |
| ४.६ प्रतिबद्धता अनुगमन | १४ |
| ४.७ गाविसको गाऊँ परिषद् र सार्वजनिक सुनुवाईको सहभागीताको विश्लेषण | १५ |

**खण्ड पाँच**

**परेवादिन गाविसको सार्बजनिक सुनुवाई कार्यक्रम**


५.१ अभिलेख अध्ययन र अभिमुखीकरण कार्यक्रम ४
५.२ सेवाग्राही बहिगमन सर्वेक्षणको नतिजा ५
५.३ नागरीक प्रतिवेदन पत्र सर्वेक्षणको नतिजा ७
५.४ सवाल पहिचान बैठक ९
५.५ सार्बजनिक सुनुवाई कार्यक्रम १०
५.६ प्रतिबद्धता अनुगमन १४
५.७ गाविसको गाऊँ परिषद् र सार्वजनिक सुनुवाईको सहभागीताको विश्लेषण १५


**खण्ड छ**

**भीरगाऊँ गाविसको सार्बजनिक सुनुवाई कार्यक्रम**


६.१ अभिलेख अध्ययन र अभिमुखीकरण कार्यक्रम ४
६.२ सेवाग्राही बहिगमन सर्वेक्षणको नतिजा ५
६.३ नागरीक प्रतिवेदन पत्र सर्वेक्षणको नतिजा ७
६.४ सवाल पहिचान बैठक ९
६.५ सार्बजनिक सुनुवाई कार्यक्रम १०
६.६ प्रतिबद्धता अनुगमन १४
६.७ गाविसको गाऊँ परिषद् र सार्वजनिक सुनुवाईको सहभागीताको विश्लेषण १५


**खण्ड सात**

**जिल्ला विकास समितिले गरेको सार्वजनिक सुनुवाई कार्यक्रमहरु**


७.१ गाविसस्तरीय घोषणापत्रहरु ३८
७.२ तुलनात्मक घोषणापत्रहरुको विवरण ३९


**खण्ड आठ**

**सिकाई तथा चुनौतीहरु**


८.१ सिकाईहरु ३८
८.२ चुनौतीहरु ३९


**खण्ड नौ**

**तथ्यहरु तथा सुझावहरु**


९.१ तथ्यहरु ४१
९.२ उपलब्धी ४३
९.३ सुझावहरु ४३

अनुसुची

# सार्बजनिक सुनुवाई तथा प्रतिबद्धता परियोजना धनकुटा

## खण्ड एक
## परिचय

### १.१ परिचय

स्थानीय शासन उत्तरदायी संयन्त्र (LGAF) संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तरगत सञ्चालित स्थानीय शासन सामुदायिक विकास कार्यक्रम (LGCDP) को कार्यान्वयनमा अनुगमन संयन्त्रको रुपमा जिल्ला विकास महासंघ अन्तरगत कार्यान्वयन इकाइहरु जिविस महासंघ, नगरपालिका संघ र गाविस महासंघले संयुक्त रुपमा सञ्चालन गर्दै आएको अर्धसरकारी परियोजना हो ।

नेपालको संविधान, २०४७ र अन्तरिम संविधान, २०६३ ले सूचनाको हक लाई नागरिकको मौलिक हकको रुपमा व्याख्या गरेको छ । सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को व्यवस्था अनुसार जनताले लिखित माग गरेमा सार्वजनिक निकायले माँग गरेको सूचना तोकिएको समय भित्र उपलब्ध गराउनु पर्दछ ।

सार्वजनिक सुनुवाइ भन्नाले सरोकारवाला सर्वसाधारण नागरिक र सेवा प्रदान गर्ने सार्वजनिक निकायका पदाधिकारीहरु बीच ती निकायहरुबाट प्रदान गरिएका समग्र सेवा, बस्तु र सुविधाको बारेमा सार्वजनिक चासोको विषयलाई लिएर सार्वजनिक थलोमा खुला छलफल गर्ने प्रकियालाई जनाउँछ । स्थानीय निकायकाहरुले प्रदान गर्ने सेवा सुविधाको सन्दर्भमा स्थानीय निकायका पदधिकारीहरु तथा स्थानीय सरोकारवाला नागरिक बीच सार्वजनिक स्थानमा गरिने खुला छलफल नै सार्वजनिक सुनुवाई हो । सार्वजनिक सुनुवाईले शासन सञ्चालनमा पारदर्शिता, आर्थिक अनुशासन कायम गर्ने, नेतृत्वमा जवाफदेहिता र सार्वजनिक चासोका बिषयमा आम नागरिकहरुको सूचनाको पहुँचलाई मजबुत बनाउनुका साथै सार्वजनिक सेवा, बस्तु र निर्णय प्रकृयामा आम नागरिकको सहभागितालाई प्रवर्द्धन गर्दछ । यसबाट सार्वजनिक बस्तु, सेवा र विकास निर्माणका कृयाकलापहरु जनअपेक्षा बमोजिम सञ्चालन गर्ने संस्कारको विकास गर्न समेत टेवा पुग्दछ । सार्वजनिक सुनुवाईले जिम्मेवार पदाधिकारीहरुलाई सार्वजनिक बस्तु, सेवा र सुविधाको बारेमा सेवाग्राहीबाट पृष्ठपोषण प्राप्त गर्ने अवसर प्रदान गरी कमिकमजोरीहरु सच्याउन मद्दत गर्दछ । यसरी सार्वजनिक सुनुवाईले जिम्मेवार पदाधिकारीहरुलाई निरन्तर नागरिकहरुप्रति जवाफदेही हुन र पारदर्शी रुपमा शासन सञ्चालन गर्न उत्साहित गर्दछ ।

सार्वजनिक सुनुवाईमा सार्वजनिक चासोका बिषयमा जिम्मेवार पदाधिकारी तथा सेवाग्राही बीच प्रश्नोत्तर हुनुका साथै सेवाग्राहीले सार्वजनिक बस्तु, सेवा र सुविधा प्रवाहमा भविष्यमा अपेक्षा गरेका सुधारहरु समेत प्रष्फुटित हुने र जिम्मेवार पदाधिकारीहरुबाट उक्त सुधारहरु गर्ने संभावनाहरुको बारेमा जानकारी प्रदान गर्ने प्रकृयाबाट सुधारका प्रतिवद्धताहरु समेत तयार हुन्छ । यसरी तयार भएको प्रतिवद्धता कार्यान्वयनबाट नै सुधारको अपेक्षा गर्न सकिन्छ । यी प्रतिवद्धताहरु के कति कार्यान्वय भए भनेर यथार्थ अवस्था पत्ता लगाउने र कार्यान्वयनको सुनिश्चितता गर्ने कार्यलाई प्रतिवद्धता कार्यान्वयन अनुगमन (Compliance Monitoring) भनिन्छ ।

संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयले स्थानीय निकायहरुले जनतालाई प्रदान गर्दै आएका सेवा सुविधाहरुको अवस्था तथा गुणस्तरको बारेमा जनधारणा बुझ्न र सो बमोजिम सेवा सुविधा प्रवाहमा सुधार ल्याउनको लागि र स्थानीय निकायहरुलाई जनउत्तरदायी बनाउन टेवा पुर्‍याउने उद्देश्यले सामाजिक परिक्षण गर्ने अवधारणा बमोजिम स्थानीय निकाय सामाजिक परिक्षण कार्यविधि २०६३ जारी गरेको छ । यस कार्यविधिमा सामाजिक परिक्षण (Social Audit) लाई स्थानीय निकायहरुको "सामाजिक कार्यसम्पादनको लेखाजोखालाई सम्झनुपर्छ" भनी परिभाषित गरिएकोछ । स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ ले गरेको व्यवस्था अनुसार वर्षमा एक पटक सामाजिक परिक्षण गर्नुपर्ने प्रावधान भएकोले स्थानीय निकायहरू (जिल्ला विकास समिति, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गा.वि.स.हरू) ले आर्थिक वर्ष समाप्त भएको प्रथम चौमासिक भित्र सामाजिक परीक्षण गरी सक्नु पर्ने व्यवस्था सो कार्यविधिमा गरिएकोछ । सामाजिक परिक्षणबाट स्थानीय निकायहरुको लगानी सामाजिक जिम्मेवारी पुरा गर्ने तर्फ केन्द्रित छ छैन भन्ने विषयका साथै समाजका विपन्न, दलित, जनजाति, महिला,बालबालिका तथा पिछडिएका वर्गको उत्थानमा गरेको प्रयास तथा त्यसको उपलब्धि असर , प्रभाव समेतको स्थानीय सरोकारवाला सेवाग्राही जनताहरुबाट सार्वजनिक रुपमा लेखाजोखा भई सुधारकालागि पृष्ठपोषण प्राप्त हुने अपेक्षा सो कार्यविधिले गरेकोछ ।

स्थानीय निकाय सामाजिक परिक्षण (Social Audit) कार्यविधि, २०६३ को समय सापेक्ष परिमार्जन गरी स्थानीयनिकाय सामाजिक परिक्षण कार्यविधि, २०६७ समेत संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट जारी भएकोछ । साथै स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि, २०६७ पनि सं.मा. तथा स्था.वि.म.ले तयार गरेको छ । सो सार्वजनिक सुनुवाई कार्यविधिको अभ्यासले स्थानीय निकाय र नागरिकहरुको बीचमा दोहोरो सम्वाद स्थापित गर्न र त्यस्तो सम्वादबाट जनतालाई देश विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्वारा स्थानीय निकायमा जिम्मेवारीको संस्कार बस्दै जाने विश्वास गरिएकोछ । यस सार्वजनिक सुनुवाई कार्यविधिले स्थानीय निकायहरुले बर्षमा २ पटक सार्वजनिक सुनुवाइ गर्ने प्रावधान गरेको छ र यस्तो सार्वजनिक सुनुवाईमा सेवा प्रवाह संवन्धि जानकारी संकलन प्रकृयामा सहभागी भई मत जाहेर गरेका सेवाग्राही नागरिकहरुलाई प्राथमिकता दिई अभिमत प्रकट गर्न

लगाउने व्यवस्था गरिएकोछ । यसवाट स्थानीय निकायले गर्ने गरेको सेवा प्रवाहको हैसियत बुझी वास्तविक रुपमा पृष्ठपोषण (Feedback) पाउन सक्ने अपेक्षा गरिएकोछ । यसै गरी नेपालको संविधान, २०४७ र अन्तरिम संविधान, २०६३ ले सूचनाको हक लाई नागरिकको मौलिक हकको रुपमा व्याख्या गरेको छ । सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को व्यवस्था अनुसार जनताले लिखित माग गरेमा सार्वजनिक निकायले माँग गरेको सूचना तोकिएको समय भित्र उपलब्ध गराउनु पर्दछ । साथै स्थानीय निकायहरुले आयोजना गर्ने सार्वजनिक सुनुवाई कार्यक्रमको संयोजकत्व स्थानीय निकायका पदाधिकारीहरुबाट नगरी स्वतन्त्र सुनुवाई संयोजक (Third Party Hearing) को व्यवस्था गर्ने प्रावधान पनि महत्वपूर्ण देखिएकोछ । साथै सामाजिक परीक्षण कार्यविधिमा पनि स्वतन्त्र सामाजिक परीक्षक नियुक्त गर्ने प्रावधान रहेकोछ ।

नेपाल सरकारले समेत सार्वजनिक सुनुवाईलाई महत्व दिएको पाइन्छ । सार्वजनिक निकायहरुबाट प्रदान गरिने सेवा सुविधा गुणस्तरिय छ छैन भन्ने बारेमा सेवाग्राहीबाट नै प्रत्यक्ष पृष्ठपोषण लिने उद्देश्यले नेपाल सरकारले २०६२ सालमा सार्वजनिक सुनुवाई कार्यक्रम संवन्धी कार्यविधि, २०६२ तयार गरी जारी गरेको पाइन्छ । यस कार्यविधि बमोजिम प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा नियमित रुपमा सार्वजनिक सुनुवाई आयोजना गर्नु पर्ने व्यवस्था छ, तर व्यवहारमा भने लागू हुन सकेको पाइदैन । सरकारले सुशासन ऐन, २०६४, सूचनाको हक सम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ समेत जारी गरेकोछ । यसै ऐन कार्यान्वयनलाई टेवा पुर्‍याउने उद्देश्यले बिभिन्न निर्देशिका तथा कार्यविधिहरु जस्तै जनगुनासो ब्यवस्थापन निर्देशिका २०६५, सरकारी निर्णय प्रकृया सरलीकरण गर्ने निर्देशिका २०६५, सेवा अभियान सञ्चालन निर्देशिका २०६५, सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०६५ आदि जारी भएका छन् । यसका साथै स्थानीय निकायहरुले अवलंवन गर्नुपर्ने जवाफदेहीता संवन्धि बिभिन्न कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउनको लागि संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय, उत्तरदायित्व संवन्धी संयन्त्र (कार्यविधिहरु) को कार्यान्वयन रणनीति २०६७ जारी गरिसकेको छ ।

यसरी सार्वजनिक सुनुवाई कार्यक्रम नेपाल सरकारको नीति, नियम बमोजिमकै कार्यक्रम हो भन्ने कुरा स्पष्ट देखिन्छ । संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयले जारी गरेको सामाजिक परिक्षण कार्यविधि, २०६७ र स्थानीय निकाय सार्वजनिक सुनुवाई कायविधि, २०६७ मा भएका ब्यवस्थाहरुलाई हेर्दा सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाईमा धेरै भिन्नता नभए पनि सामाजिक परिक्षणले मूख्य गरी लाभान्वित वर्गमा परेको असर तथा प्रभावलाई ध्यान दिएको छ भने सार्वजनिक सुनुवाईमा अध्ययनबाट प्राप्त जुन सुकै बिषय बस्तुमा बहस गर्न सकिने व्यवस्था गरिएको छ । प्रकृयागत रुपले यी दुबैलाई सार्वजनिक सुनुवाइकै स्वरुप (Varient) को रुपमा लिन सकिन्छ । सामाजिक परीक्षण वा सार्वजनिक सुनुवाई दुबै अनुसन्धानमा आधारित बिषयमा गर्ने व्यवस्था छ र यसको लागि स्वतन्त्र सामाजिक परीक्षक वा सार्वजनिक सुनुवाई संयोजक नियुक्त गर्ने व्यवस्था छ । यी दुबै सवालमा आधारित सेवाग्राही र सेवाप्रदायक बीचको बहसलाई भन्दा बढी स्थानीय निकायहरुले प्रदान गर्ने वा गरेका सेवा सुविधाहरुको संवन्धमा अध्ययनबाट देखिएका कुराहरु सरोकारवालाहरुलाई जानकारी गराउने वा सार्वजनिक गर्नेमा केन्द्रित रहने देखिन्छ । सार्वजनिक सुनुवाई अध्ययनबाट देखिएका महत्वपूर्ण सवालहरुमा केन्द्रित रही सेवा प्रदायक निकायका जिम्मेवार प्रतिनिधि तथा सेवाग्राही बीच दोहोरो संवादमूलक हुनु आवश्यक छ । त्यसैले प्रश्न उत्तर कार्यक्रमको लागि यथेष्ठ समय दिनु पर्दछ । सिएसओ (Civil Society Organizations) हरुले सार्वजनिक सुनुवाई गर्दा संवन्धित स्थानीय निकायहरुसँगको समन्वयमा कार्यक्रम दोहोरो नपर्ने गरी (सिएसओ तथा स्थानीय निकायहरुले अलग अलग कार्यक्रम आयोजना गर्ने अवस्था) गर्नु उपयुत्त हुन्छ ।

## १.२ सार्वजनिक सुनुवाई तथा प्रतिबद्धता अनुगमन परियोजना

सदरमुकामबाट नजिकै भएर पनि पहाडी जिल्लाहरुमा प्रभावकारी अनुगमन हुन नसक्दा जनसहभागितामुलक विकास प्रक्रियामा गाउँ विकास समितिले प्रवाह गर्ने सेवा सुविधाबाट जनता सुसुचित भई लाभ लिनबाट वञ्चित भइरहेको अवस्थालाई नजिकैबाट संस्थाले नियालिरहेको हुँदा भोगोलिक क्षेत्र छनौट गर्दा धनकुटा जिल्ला सदरमुकामबाट नजिकै रहेका गाविसहरु छनौट गरिएको थियो ।

वेलहारा गाविसमा पटक पटक गाविस सचिवको हेरफेरले समस्या रहेको भन्ने जानकारी प्राप्त भएको, ताँखुवा गाविसमा जनसहभागिता हुँदै हुँदैन भन्ने थाहा भएको, तेलिया गाविसमा सामाजिक परिचालनको अवस्था निकै राम्रो रहेको छ तर नागरिक वडापत्र छैन, गाऊँ पार्श्वचित्र बनाउन दिएको सस्थाबाट पार्श्वचित्र नबनाएको, पेश्की बेरुजुको अवस्था धैरै रहेको, स्थानीय सहकारी संस्थाबाट राम्रो सेवा नपाएको जस्ता जनगुनासा सुनिएको अवस्था विद्यमान भएकोले छनौट गरिएको छ । त्यसैगरी लामो समयदेखि एउटै सचिवले काम गरिरहेको भएता पनि जनसहभागिता पटक्कै नहुने, चेतनाको स्तर कमजोर रहेको र सामाजिक परिचालन समेत कमजोर भएको कारण त्यो गाविसको वास्तविक अवस्था पत्ता लगाउन समेत स्वतन्त्र अनुगमनको खाँचो रहेको भन्ने विश्लेषणका आधारमा यो गाविस चयन गरिएको थियो ।
त्यस्तै परेवादिन गाविसको गाविस भवन एउटा वडामा, गाविसको सबै कामकारवाही अर्को वडाको कार्यालयमा, व्यापारिक क्षेत्र, कृषिको पकेट क्षेत्र भएकोले सेवाग्राहीहरु सधैं व्यस्त हुने हुँदा गाविसप्रति कम चासो, सर्वसाधारणको पनि आम्दानी राम्रो नै रहने हुँदा सहकारीतर्फ आकर्षित भई कृषि व्यवसायमा तल्लीन रहेको अवस्थामा गाविसको बजेटबारे र सेवाबारे सुसुचित गर्नुपर्ने देखिएको साथै भीरगाऊँ गाविस सदरमुकाम नजिकै भएको कारण अधिकाँश समय गाविस सचिव सदरमुकाम बस्ने, गाविसमा अन्य कुनै कर्मचारी नभएको, गाविस कार्यालय जीर्ण रहेको अवस्थाबारे जानकारी प्राप्त भएकोले स्थलगत अनुगमन एवं स्थानीय नागरीकहरुलाई सुसुचित गर्न सकिन्छ भन्ने अभिप्रायले यो परियोजना पाँच गाविसमा छनौट भएको थियो । यस अधिको आर्थिकवर्षमा सदरमुकामबाट धैरै टाढाको

५ वटा दुर्गम गाविसहरु चयन गरी सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन भइसकेको अवस्था थियो । यो परियोजनाले धनकुटा जिल्लाका ५ वटा गाविसहरुमा प्रक्रियागत चरणहरु पुरा गरी सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्ने र कार्यक्रमबाट भएका प्रतिबद्धताहरुलाई कार्यान्वयनको लागि अनुगमन गर्ने कार्य गरेको छ ।

## १.३ परियोजनाको उद्धेश्य :

स्थानीय निकायबाट उपलब्ध हुने वा उपलब्ध गराईएको सेवा, वस्तु र सुविधाका संवन्धमा अध्ययन अनुसन्धानबाट देखिएका सवाल/बिषयहरु सार्वजनिक गरी त्यस्ता विषयका सम्वन्धमा सार्वजनिक थलोमा सेवाग्राही नागरिक तथा स्थानीय निकायका जिम्मेवार पदाधिकारी बीच दोहोरो संवाद (पश्न-उत्तर प्रकृया) बाट स्थानीय निकायहरुले प्रदान गर्ने सेवा, सुविधा र बस्तुका संवन्धमा सेवाग्राही नागरिक प्रति जवाफदेहिता सृजना गरी प्रदत्त सेवा, सुविधा र बस्तुको गुणस्तर कायम गर्न टेवा पुर्‍याउनु तथा समग्रमा पारदर्शिता तथा जवाफदेहिताको माध्यमबाट सुशासनको प्रत्याभूति दिन टेवा पुर्‍याउनु नै सार्वजनिक सुनुवाई तथा प्रतिबद्धता कार्यान्वयन अनुगमन कार्यक्रमको उद्देश्य रहेको छ । यसका उद्देश्यहरु बुंदागत रुपमा निम्नानुसार छन् :

- स्थानीय निकायहरुले प्रदान गर्दै आएका वा प्रदान गर्ने अपेक्षा गरिएका सेवा, सुविधा तथा बस्तुको गुणस्तर, प्रभावकारिता तथा उपयुक्तताका बारेमा अध्ययन अनुसन्धान गरी जल्दाबल्दा सवाल/बिषयहरुको पहिचान गर्ने ।
- पहिचान भएका महत्वपूर्ण जनसरोकारका जल्दाबल्दा सवाल तथा बिषयहरुलाई सार्वजनिक सुनुवाईको माध्यमबाट सार्वजनिक गर्ने ।
- सार्वजनिक सुनुवाईमा सार्वजनिक गरिएका सवाल/बिषयहरुका संवन्धमा सेवाग्राही नागरिक तथा स्थानीय निकायका जिम्मेवार पदाधिकारीहरु बीच दोहोरो संवाद (प्रश्न-उत्तर) को माध्यमबाट उठाईएका सवालका संवन्धमा जिम्मेवार पदाधिकारीहरुमा जावाफदेहीता सृजना गर्ने ।
- पारदर्शिता तथा जवाफदेहिताको माध्यमबाट प्रदत्त सेवा, सुविधा र बस्तुको गुणस्तर, प्रभावकारीता तथा उपयुक्तता कायम गर्न टेवा पुर्‍याउने ।
- सेवाग्राहीका समस्या, गुनासा, आकांक्षा र सुझावहरु प्राप्त गरी समयमै उचित व्यवस्थापन गर्न र स्थानीय निकायको कार्यशैलीमा चुस्तता ल्याउन टेवा पुर्‍याउने ।
- स्थानीयस्तरमा सञ्चालित विकास निर्माणको गुणस्तर, लगानी, प्रतिफलका बारेमा सूचना आदान प्रदान गरेर सुसूचित समाज निर्माणमा टेवा पुर्‍याउने ।
- स्थानीय निकायबाट सूचना माग गर्न पाउने, कामकार्वाहीको अवलोकन गर्न पाउने जस्ता सूचनाको अधिकारलाई स्थापित गर्न टेवा पुर्‍याउने ।
- आम सेवाग्राही (विशेषगरी बिपन्न, महिला, दलित, आदिबासी, जनजाती, मधेशी, अपाङ्ग तथा  पछाडि पारिएको वर्ग) बाट पृष्ठपोषण लिने र सो बमोजिम सुधारका उपायहरु अवलंवन गर्ने परम्परा स्थापित गरी स्थानीय निकाय तथा स्थानीय सेवाग्राही नागरिक बीच एक आपसमा विश्वास तथा सहयोगको वातावरण निर्माण गर्न टेवा पुर्‍याउने ।
- नागरीकहरु र सेवा प्रदायक निकायहरुबीचको तहगत भऱ्याङ्गलाई घटाउने ।

## १.४ सार्वजनिक सुनुवाई तथा प्रतिबद्धता अनुगमन परियोजनाका चरणहरु

सामाजिक जवाफदेहिता प्रबर्द्धनको लागि सार्वजनिक सुनुवाई कार्यक्रम एक जटिल तर प्रभावकारी औजार हो । यसमा सेवा प्रदायक संस्था र सेवाग्राहीबीचको दुरी कम गर्न, सेवाग्राहीकै प्रत्यक्ष अनुगमनका आधारमा सेवाको गुणस्तरीयता मुल्याँकन गर्न, हाकाहाकी जिज्ञाषा, प्रश्न तथा सुझावहरु राख्न अवसर प्रदान गर्दछ । यो कार्यक्रम सञ्चालनको लागि विभिन्न चरणहरु पछ्याउनु पर्ने हुन्छ । जुन यसप्रकार रहेका छन् :

### १.४.१ अभिलेख अध्ययन र अभिमुखीकरण कार्यक्रम

यो चरणमा सर्वप्रथम स्थानीय शासन उत्तरदायी संयन्त्रको सहयोगमा सार्वजनिक सुनुवाई परियोजना सहजीकरण गर्ने नागरीक समाज संस्थाले सम्बन्धित गाविस, जिविस, नगरपालिकाका प्रमुखलाई लिखित रुपमा जानकारी गराउने कार्य गरिन्छ । त्यसपछि गाविसको हकमा गाऊँ विकास समितिका सचिव, राजनीतिक दलका स्थानीय नेता, लक्षित वर्ग कार्यक्रम सञ्चालन गरिरहेका महिला, दलित, जनजाती, अपाँग, बालबालिका कार्यक्रमका सञ्जालहरु, कृषि समन्वय समिति, उपभोक्ता समितिका अध्यक्ष सचिवहरुसंग अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिन्छ र सार्वजनिक सुनुवाईका पाँच छ चरणहरुबारे जानकारी गराइन्छ । यसबाट सार्वजनिक सुनुवाई भनेको केहो? किन र के का लागि सञ्चालन गरिन्छ ? भन्ने जानकारी सरोकारवालाहरु समक्ष पुर्‍याउन सहयोग गर्दछ । सर्वप्रथम परियोजना सञ्चालन गर्ने संस्थाले आफ्नो संस्थाका बोर्ड सदस्यहरु तथा कर्मचारीहरुलाई परियोजनाबारे अभिमुखीकरण गराउनु पर्दछ ।
त्यसपछि स्थानीय सरोकारवालाहरुलाई अभिमुखीकरण गरिसकेपछि गाविसमा भएको अभिलेख अध्ययन गरिन्छ । गाविसको सार्वजनिक सुनुवाई सञ्चालन गर्न गाऊँ परिषद्को निर्णय मुख्य अभिलेख हो भने अन्य गाविसमा उपलब्ध अभिलेखहरु, गाविस अनुदान सञ्चालन कार्यविधिहरुको अध्ययन गरिन्छ ।

### १.४.२ सेवाग्राही बहिगमन सर्वेक्षणको नतिजा

गाविसस्तरीय सरोकारवालाहरुसंगको अभिमुखीकरण सम्पन्न भएपश्चात गाविसको कार्यालय परिसरमा बसेर सेवा लिन आउने स्थानीय सेवाग्राहीहरुसंग गाविसबाट प्रवाह भइरहेको सेवाको गुणस्तरबारेमा प्रश्नहरु सोधिने र उत्तरदाताहरुबाट प्राप्त प्रतिक्रियालाई अभिलेखिकरण गर्ने गरिन्छ । यसमा उत्तरदाताहरुको आधारभुत सुचना संकलन गरिन्छ भने सेवाग्राहीहरुको गाविसप्रतिको धारणाहरु संकलन गरिन्छ । साथै गाविसको कार्यालयलाई सेवाग्राहीहरुबाट प्राप्त गुनासा, सुझाव, सल्लाह, जिज्ञाषाहरुलाई समेत टिपोट गर्ने कार्य गरिन्छ । यस सर्वेक्षणको लागि गाविसको कार्यालय परिसरबाट कम्तिमा ६० जना सेवाग्राहीहरुसंग कुराकानी गरी सुचना संकलन गर्ने कार्य गरिन्छ ।

### १.४.३ नागरीक प्रतिवेदन पत्र सर्वेक्षणको नतिजा

नागरीक प्रतिवेदन पत्र सामाजिक जवाफदेहिता अभिवृद्धि गराउने एउटा महत्वपुर्ण औजार हो । यस औजारको प्रयोगबाट सार्बजनिक सेवा कसरी प्रदान भएको छ भन्ने बुझ्न सजिलो हुन्छ । यो प्रश्नावलीका माध्यमबाट, अन्तरवार्ता तथा अन्तरक्रिया विधिबाट तयार गर्न सकिन्छ । प्रश्नावलीको माध्यमबाट यो परियोजनामा नागरीक प्रतिवेदन पत्रको प्रयोग गरिने जानकारी समेत कार्यक्रममा गराइएको थियो ।

सेवा प्रदायक संस्था र सेवाग्राहीबीच रहेको असमझदारी कम गर्न, सेवाग्राही सेवा प्रदायक निकाय, कार्यालयको सेवा प्रवाह जवाफदेहि, पारदर्शी बनाउन आवश्यक छ । सेवाग्राहीका चाहना, आवश्यकता, सरल ढँगले पुरा गर्न सेवा प्रदायक निकायलाई पृष्ठपोषण प्रदान गर्न सेवा प्रदायक निकायका कमी कमजोरी सुधार गरी सेवा प्रवाहको गुणस्तर अभिवृद्धिमा सहयोग पुर्याउन नागरीक प्रतिवेदन पत्रको प्रयोग गरिन थालिएको संयोजक अधिकारीबाट जानकारी दिइयो ।

यो औजारको प्रयोगको लागि गाविसस्तरमा सम्पुर्ण वडाहरुको प्रतिनिधित्व हुने गरी समावेशीताको सिद्धान्तलाई समेत आत्मसात गर्दै कम्तिमा ६० जना सेवाग्राहीहरु जो गाविसको सेवा प्रवाहमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा संलग्न छन्, उनीहरुलाई प्रश्नावलीको माध्यमबाट प्रतिक्रियाहरु संकलन गर्ने गरिन्छ । सेवाग्राहीहरुसंग सोधिएको प्रश्नहरु र उनीहरुले दिएका प्रतिक्रियाहरुलाई सार्वजनिक सुनुवाई कार्यक्रममा सवालको रुपमा उठान गर्ने गरी अभिलेखिकरण गरिनेछ ।

### १.४.४ सवाल पहिचान बैठक

कार्यालयबाट प्राप्त अभिलेख अध्ययन, सेवाग्राही बहिर्गमन सर्वेक्षण र नागरीक प्रतिवेदन पत्र सर्वेक्षणबाट प्राप्त सुझावहरुलाई पुनः सरोकारवाला सेवाप्रदायकहरुसंग बैठक गरी सवाल पहिचान गर्ने र सार्वजनिक सुनुवाईको मिति तथा सवाल टुँगो लगाउने गरिन्छ । सवाल पहिचान बैठकले सार्वजनिक सुनुवाईको दिन जवाफदेहि वक्ताहरुलाई के के विषयमा आफ्नो धारणा राख्ने भन्ने कुराको जानकारी हुन्छ र उनीहरु जवाफदेहि भएर प्रस्तुत हुन सक्दछन् । साथै सार्वजनिक सुनुवाईको लागि गरिएको सेवाग्राही बहिर्गमन सर्वेक्षण र नागरीक प्रतिवेदन पत्र सर्वेक्षणबाट प्राप्त सुझाव, जिज्ञाषा र समस्याहरुबारे पनि छलफल भई साझा सार्वजनिक प्रतिबद्धताको घोषणा पत्र तयार पार्ने बारे समेत निर्णय हुनेछ ।

### १.४.५ सार्बजनिक सुनुवाई कार्यक्रम

यो परियोजनाको मुख्य क्रियाकलापको रुपमा खोज अनुसन्धान र सर्वेक्षणबाट प्राप्त सुझाव सल्लाह, गुनासा, जिज्ञाषाहरुलाई आम सर्वसाधारण नागरीकहरुको माझ राखी छलफल गराउनु र भावि कार्यक्रमहरुको गुणस्तरीयताको लागि साझा सार्वजनिक प्रतिबद्धता गराउने सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धित क्षेत्रमा नै गर्ने रहेको छ । जस अनुसार जवाफदेहि वक्ताहरु र आम सरोकारवाला नागरीकहरुबीच दोहोरो सम्वादको माध्यमबाट विषयवस्तुकेन्द्रीत छलफल भई समस्या समाधान गर्ने निचोड निक्लने गर्दछ ।

### १.४.६ नतिजा आदानप्रदान कार्यक्रम

जिल्ला विकास समिति र अन्य सरोकारवालाहरुसमक्ष जिल्लास्तरमा नतिजा आदानप्रदान कार्यक्रम सञ्चालन गरी पत्रकार सम्मेलनमार्फत प्रतिबद्धताका विषयवस्तुहरु जानकारी गराउन सकिन्छ । यसपछि प्रतिबद्धता अनुगमनको चरण भनेको सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएपश्चात त्यस कार्यक्रममा उठेका सवालहरुमा जवाफदेहि निकाय र वक्ताहरुबाट गरिने साझा सार्वजनिक प्रतिबद्धताहरुको तोकिएको समयसिमाभित्र कार्य भयो भएन भन्ने जानकारीको लागि गरिने क्रियाकलाप हो । यसमा लिखित, स्थलगत, मौखिक जुनसुकै प्रक्रियाबाट पनि प्रतिबद्धता अनुगमन गर्न सकिन्छ । प्रतिबद्धता अनुगमन भएमा कार्यक्रमको उपलब्धी भए नभएको समिक्षा गर्न सजिलो हुन्छ ।

### १.४.७ गाऊँ परिषद् र सार्वजनिक सुनुवाईको सहभागीताको विश्लेषण

यो क्रियाकलाप अभिलेख अध्ययनबाट प्राप्त सुचनालाई सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएपश्चातको सुचनासंग तुलना गरेर हेर्न सञ्चालन गरिन्छ । कार्यक्रम गर्नुभन्दा अगाडि नै गाऊँ परिषद्को बैठकको निर्णय प्रतिलिपीको आधारमा परिषद्मा नागरीकहरुको सहभागिताको विवरण निकाल्ने गरिन्छ र सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएपश्चात स्थानीय वासिन्दाको सहभागिताको अवस्थासहितको विवरण निकालेर तुलनात्मक अध्ययन गरिन्छ । जसले गर्दा गाऊँ विकास समितिहरुलाई आगामी आर्थिक वर्षहरुमा जनसहभागिता बढाउन र सामाजिक जवाफदेहिता प्रबर्द्धन गर्न सहयोग मिल्ने देखिन्छ ।

## खण्ड दुई
## वेलहारा गाविसको सार्वजनिक सुनुवाई

### २.१ अभिलेख अध्ययन र अभिमुखीकरण कार्यक्रम

धनकुटा/स्थानीय शासन उत्तरदायी संयन्त्र (LGAF) विराटनगरको सहयोगमा जनहित असल शासन क्लब, कुरुले तेनुपा, धनकुटाले वेलहारा गाविसको सभाहलमा आयोजना गरेको सार्बजनिक सुनुवाई तथा प्रतिबद्धता अनुगमन परियोजनासम्बन्धी गाविसस्तरीय सरोकारवालाहरुसंग एक दिने अभिमुखीकरण कार्यक्रम मिति २०६९ चैत्र ८ गते विहिवार सम्पन्न भएको छ ।

उपस्थित सम्पुर्ण सहभागीहरुको सामुहिक सभापतित्व तथा गाविस सचिव केशव पोखरेलको प्रमुख आतिथ्यमा सम्पन्न सो अभिमुखीकरण कार्यक्रममा सार्बजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्नुपर्ने उद्धेश्य, औचित्य र सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालनका चरणहरुबारे सरोकारवालाहरुलाई जानकारी गराइएको थियो ।

स्थानीय शासन उत्तरदायी संयन्त्रको आर्थिक सहयोगमा गाविसस्तरमा सार्बजनिक सुनुवाई गर्न लागिएको जानकारी गराइएको थियो । साथै स्थानीय शासन उत्तरदायी संयन्त्रको बारेमा समेत जानकारी दिइएको थियो । बैठकले राजनैतिक दल, संघसंस्था, सञ्जाल, नागरीक समाज तथा पत्रकार सबैले आआफ्नो तर्फबाट सबै चरणमा सक्दो सहयोग गरी कार्यक्रम सफल पार्न सहयोग गर्ने निर्णय गरेको छ । साथै कार्यक्रमको प्रचारप्रसार र सेवाग्राही बहिर्गमन सर्वेक्षण, नागरीक प्रतिवेदन पत्र सर्वेक्षण र सवालहरुलाई अन्तिम रुप दिने बैठकहरु सञ्चालन गरी वडा नागरीक मञ्चतहसम्म प्रचारप्रसार गरी सार्बजनिक सुनुवाई कार्यक्रमको तयारी गर्न आवश्यक सबै खाले सहयोग गर्ने निर्णय समेत भएको छ ।

कार्यक्रममा सहभागीहरुले आयोजकलाई गाविसस्तरमा रहेका समस्याहरु समाधान गर्न सक्ने गरी सार्बजनिक सुनुवाई कार्यक्रमलाई उपलब्धीमुलक, अनुसन्धानमुलक बनाउन सुझावहरु राख्नु भएको थियो । कार्यक्रममा सामाजिक परिचालक टंक रोइला, नेपाली काँग्रेसका रंगलाल रोइला, नेकपा एमालेका हरिप्रसाद बाँस्तोला, एनेकपा माओवादीका कृष्णराज राया, पुर्व गाविस उपाध्यक्ष हरिबहादुर राई, नागरीक सचेतना केन्द्रका कमला नेपाली, महिला समन्वय समितिका संयोजक कमला आचार्य, वडा नागरीक मञ्चका लक्ष्मीप्रसाद रोइला, पालाङ्ग तामाङ्ग, अपाँग सेवा संघका तारा रोइला, स्वास्थ्य चौकी व्यवस्थापन समितिका पृथ्वी भण्डारी, वेलहारा स्वास्थ्य चौकीका इन्चार्ज दीपक चौधरी, आदिवासी जनजाती गाऊँ इकाइका अध्यक्ष कालिबहादुर राई लगायत नागरीक समाज, उपभोक्ता समिति एवं पत्रकारहरु समेतको उपस्थिति रहेको थियो ।

| क.सं. | अभिमुखीकरण कार्यक्रमको उपस्थिति विवरण | | | |
|---|---|---|---|---|
| | विवरण | महिला | पुरुष | जम्मा |
| १ | दलित | २ | १ | ३ |
| २ | जनजाती | ० | ८ | ८ |
| ३ | मधेषी | ० | १ | १ |
| ४ | अन्य | ५ | १४ | १९ |
| **कुल सहभागी** | | **७** | **२४** | **३१** |

### २.२ सेवाग्राही बहिगमन सर्वेक्षणको नतिजा

सेवाग्राही बहिर्गमन सर्वेक्षणको सहभागीहरुको विवरण :

| गाविस | लिँग | | | जातजाती | | | |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | दलित | जनजाती | अन्य | जम्मा |
| वेलहारा | २२ | ३८ | ६० | ४ | १८ | ३८ | ६० |

सेवाग्राही बहिर्गमन सर्वेक्षणमा २२ महिला, ३८ पुरुषसंग कुराकानी गरिएको थियो जसमा ४ जना दलित, १८ जना जनजाती र ३८ जना अन्य समुदायको सेवाग्राहीहरुसंग कुराकानी भएको थियो ।

**सेवाग्राही बहिर्गमन सर्वेक्षणमा उत्तरदाताबाट प्राप्त प्रतिक्रियाको नतिजा :**

| क. सं. | विवरण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| ०१ | सेवाग्राही सेवा प्रदायक निकायमा आउनुको उद्धेश्य के थियो ? | | |
| | सिफारिस लिनको लागि | ८ | १३।३३ |
| | पञ्जिकरणको कार्य गर्न | ७ | ११।६७ |
| | तिरो तिर्न | ७ | ११।६७ |
| | मतदाता फोटो खिच्न | २ | ३।३३ |

| क. सं. | विवरण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| | उपभोक्ता समितिको रकम लिन | १ | १।६६७ |
| | बैठकको उद्धेश्य | १ | १।६६७ |
| | दलित भत्ता लिन | १ | १।६६७ |
| | स्वास्थ्य परिक्षणको लागि | ३३ | ५५ |
| | **जम्मा** | **६०** | **१००** |
| ०२ | सेवा प्रदायक निकायमा सेवाग्राहीको कामको प्रगति -काम भयो की भएन ? | | |
| | भयो | ५६ | ९३।३३ |
| | भएन | ४ | ६।६६७ |
| | **जम्मा** | **६०** | **१००** |
| ०३ | गाविसको कार्यालय जाँदा नागरीक वडापत्र हेर्नुहुन्छ, थाहा छ? | | |
| | हेर्छु, थाहा छ | १ | १।६६७ |
| | थाहा छैन | २६ | ४३।३३ |
| | **जम्मा** | **२७** | **४५** |
| ०४ | स्वास्थ्य संस्थामा जाँदा नागरीक वडापत्र हेर्नुहुन्छ, थाहा छ? | | |
| | हेर्छु, थाहा छ | १७ | २८।३३ |
| | थाहा छैन | १६ | २६।६७ |
| | **जम्मा** | **३३** | **५५** |
| ०५ | सेवाप्रदायक निकायका पदाधिकारीहरुबाट सो सेवा सम्बन्धी सुझाव प्राप्त भयो ? | | |
| | भयो | ५० | ८३।३३ |
| | भएन | १० | १६।६७ |
| | **जम्मा** | **६०** | **१००** |
| ०६ | गाविसमा हुने बजेटबारे जानकारी हुन्छ कि हुन्न ? | | |
| | हुन्छ | ७ | ११।६७ |
| | हुन्दैन | ५३ | ८८।३३ |
| | **जम्मा** | **६०** | **१००** |
| ०७ | सेवाग्राहीको अपेक्षा वा सन्तुष्टि कस्तो भयो ? | | |
| | सन्तुष्ट | ४८ | ८० |
| | असन्तुष्ट | १२ | २० |
| | **जम्मा** | **६०** | **१००** |

**सेवाग्राही बहिर्गमन सर्वेक्षणबाट प्राप्त गुनासा, सुझावहरु :**

गाविससंग सम्बन्धित

१.गाविस सचिव गाविसमा नै बस्ने व्यवस्था हुनुपर्ने, कार्यालय नियमित खुल्नु पर्ने, कर्मचारी १० बजेदेखि ४ बजेसम्म नियमित बस्नुपर्ने,

२. नागरीक वडापत्र गाविस परिसरमा अनिवार्य राख्नु पर्ने र वडा वडामा नागरीक वडापत्र वितरण गरिनुपर्ने ।

३. बजेट समयमा नै निकासा हुनुपर्ने, साथै योजनामा विनियोजित रकम समेत समयमा दिनुपर्ने ।

४. गाविसको बजेट नेतामुखी मात्र नभई जनतामुखी हुनुपर्ने, गाविसमा आउने बजेटकोबारेमा सर्बसाधारण सबैलाई जानकारी हुनुपर्ने ।
५. गाऊँ परिषद्को सुचना सबैलाई हुनुपर्ने । गाविसका सबै गतिविधिहरु जनतालाईथाहा हुनुपर्ने। गाविसका कामकारवाही पारदर्शी हुनुपर्ने ।
६. उपभोक्ता समितिले गरेका कार्यहरुको जानकारी सरोकारवाला सबैलाई गराउनु पर्ने ।
७. गाविसलाई जनप्रतिनिधिमुलक संस्था बनाउनु पर्ने । जनप्रतिनिधिविहिन अवस्थाको अन्त्य हुनुपर्ने ।
८. तिरो बुझाउन वडा वडामा वडा नागरीक मञ्चहरुमार्फत घुम्ती सेवा हुनुपर्ने ।

स्वास्थ्य संस्थासंग सम्बन्धित

१. स्वास्थ्य संस्था समयमा खुल्नु पर्ने र स्वास्थ्यकर्मीहरु नियमित समयसम्म अनिवार्य बस्नु पर्दछ ।
२. स्वास्थ्य संस्थामा महत्वपुर्ण औषधीहरु नपाइने र बाहिर जानुपर्ने अवस्थाको अन्त्य हुनुपर्ने ।
३. महिलाहरुको समस्याहरु बढि हुने हुँदा अनमी स्वास्थ्यकर्मीहरु अनिवार्य कार्यालयमा बस्नु पर्ने ।
४. स्वास्थ्य संस्थाको हाताभित्र तथा वाहिर सरसफाई तथा फोहोर व्यवस्थापन हुनु जरुरी छ ।
५. २४ सै घण्टा डाक्टर र सेवा उपलब्ध गराउन व्यवस्था संस्थाले गर्नुपर्‍यो ।
६. स्वास्थ्य संस्थामा पिउने पानीको समस्या रहेको छ ।
७. सुत्केरी आमा र बच्चाको लागि सुत्ने र बस्ने ठाऊँ राम्रो र पर्याप्त नभएकोले त्यसको लागि स्वास्थ्य संस्थाले आवश्यक व्यवस्था गर्नुपर्ने ।
८. सुत्केरी महिलाको लागि आवश्यक सामग्रीहरु कार्यालयमा पर्याप्त हुनुपर्ने ।
९. भिडियो एक्सरेको व्यवस्था गाऊँको स्वास्थ्य चौकीमा पनि हुनु पर्ने ।

## २.३ नागरीक प्रतिवेदन पत्र सर्वेक्षणको नतिजा

**नागरीक प्रतिवेदन पत्र सर्वेक्षणको सहभागीहरुको विवरण :**

| गाविस | लिँग | | | जातजाती | | | |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | दलित | जनजाती | अन्य | जम्मा |
| वेलहारा | २१ | ३९ | ६० | ६ | २० | ३४ | ६० |

नागरीक प्रतिवेदन पत्र सर्वेक्षणमा २१ जना महिला र ३९ जना पुरुषसंग कुराकानी गरिएको थियो जसमा ६ जना दलित, २० जना जनजाती र ३४ जना अन्य समुदायका सेवाग्राहीहरु रहेका थिए ।

**नागरीक प्रतिवेदन पत्र सर्वेक्षणबाट प्राप्त गुनासा, सुझावहरु :**

१. सेवाग्राहीको काम समयमा नै हुनुपर्‍यो । गाविस सचिव नियमित गाविसमा रहने व्यवस्था हुनुपर्‍यो । कार्यालय नियमित खुल्नु पर्ने र कर्मचारी १० बजेदेखि ४ बजेसम्म नियमित बस्नुपर्ने व्यवस्था होस् ।
२. सबै क्षेत्र र वडाका समस्याहरुलाई समानुपातिक विकास गरिनुपर्दछ । गाविसको बजेट सबै वडाहरुलाई समान रुपमा वितरण हुनुपर्ने । गाविसले घुम्ति सेवाहरु सञ्चालन गर्नुपर्ने ।
३. नागरीक वडापत्र गाविस परिसरमा अनिवार्य राख्नु पर्ने र वडा वडामा नागरीक वडापत्र पर्चाको रुपमा वितरण गरिनुपर्ने
४. पछाडि पारिएका वर्ग समुदायलाई सशक्तिकरण गर्न विशेष खालको कार्यक्रम गाविसले ल्याउनु पर्दछ ।
५. नागरीक सचेतना केन्द्र सञ्चालनको लागि गाविसबाट विशेष सहयोग हुनुपर्दछ ।
६. उपभोक्ता समिति, लक्षित वर्ग समुदायका सञ्जालहरुलाई विशेष खालको तालिमको व्यवस्था हुनुपर्दछ ।
७. गाविसमा जनप्रतिनिधि आवश्यक छ । स्थानीय निकायको निर्वाचन हुनुपर्दछ ।
८. गाविसमा हुने प्रत्येक कार्यक्रमहरुमा विद्यालय तथा शिक्षकहरुलाई सहभागी गराउने र गाविसबाट विद्यालयहरुका लागि पनि बजेट विनियोजनको मापदण्ड हुनुपर्ने आवश्यकता छ ।
९. गाविसको बजेट विनियोजन गर्दा वडा वडाको जनसंख्याको आधारमा हुनुपर्दछ ।
१०. खेलकुद विकासका लागि पनि पर्याप्त बजेट विनियोजन गर्नुपर्दछ ।
११. लक्षित वर्गका लागि विनियोजित बजेट सबै पाउनु पर्ने र तोकिएको शीर्षकमा नै खर्च गर्न दिनुपर्ने माग छ
१२. गाऊँ परिषद्को सुचना सबैमा हुनेपर्ने र गाविसका सबै गतिविधिहरु जनतालाई थाहा हुने गरी सार्वजनिक हुनुपर्ने ।
१३. विनियोजित बजेट गाविसमा पनि समयमा नै निकासा हुनुपर्ने, उपभोक्ता समितिहरुमा पनि समयमा नै दिनुपर्ने ।
१४. सञ्चालित योजना तथा कार्यक्रमको अनिवार्य गाविसस्तरबाट अनुगमन हुनुपर्ने । सबै योजनाहरुलाई पारदर्शी बनाउनुपर्ने ।
१५. वडा नागरीक मञ्चको भुमिका बढाई जिम्मेवारी प्रदान गर्नुपर्दछ र अझ सक्रिय बनाउनु पर्दछ ।
१६. प्रत्येक वडाहरुमा रहेका सामुदायिक संस्थाहरुलाई गाविसबाट सक्रिय बनाउन सहयोग गर्नुपर्दछ ।
१७. सबै प्रकारका अपाँगहरुलाई सुविधा तथा भत्ताको व्यवस्था हुनुपर्ने ।
१८. युवा वर्गको नेतृत्व तथा प्रतिनिधित्व हुने गरी रोजगारको अवसर सिर्जना हुने खालको कार्यक्रमहरु गाविसले प्रदान गर्नुपर्दछ ।
१९. राजनीतिक दलहरुले सक्रिय रुपमा जनताको पक्षमा काम गर्नुपर्दछ ।

**नागरीक प्रतिवेदन पत्र सर्वेक्षणबाट प्राप्त प्रतिक्रियाहरुको नतिजा :**

| क्र. सं. | विवरण | उत्तरदाता संख्या | प्रतिशत | क्र. सं. | विवरण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| ०१ | सेवाग्राही सेवा प्रदायक निकायमा आउनुको उद्धेश्य के थियो ? | | | ०७ | उत्तरदाताको संस्थागत जिम्मेवारी के हो ? | | |
| | सिफारिस लिनको लागि | १९ | ३१।७ | | वडा नागरीक मञ्च | १३ | २१।७ |
| | पञ्जिकरणको कार्य गर्न | ९ | १५ | | महिला सञ्जाल | ५ | ८।३३ |
| | तिरो तिर्न | १२ | २० | | दलित सञ्जाल | ३ | ५ |
| | मतदाता फोटो खिच्न | १ | १।६७ | | उपभोक्ता समिति | ८ | १३।३ |
| | योजना माग गर्न | २ | ३।३३ | | जनजाती महासंघ | ५ | ८।३३ |
| | लक्षित वर्गको बजेट लिन | ६ | १० | | नागरीक सचेतनाकेन्द्र | ४ | ६।६७ |
| | बैठकमा सहभागी हुन | १० | १६।७ | | अपाँग समन्वय समिति | २ | ३।३३ |
| | अन्य भेटघाट | १ | १।६७ | | विद्यालयको प्रतिनिधि | ५ | ८।३३ |
| | **जम्मा** | ६० | १०० | | कृषि समन्वय समिति | २ | ३।३३ |
| ०२ | सेवा प्रदायक निकायमा सेवाग्राहीको कामको प्रगति -काम भयो की भएन | | ० | | सामुदायिक वन उपभोक्ता सर्मीति | २ | ३।३३ |
| | भयो | ५० | ८३।३ | | बालबालिकाका समन्वय समिति | २ | ३।३३ |
| | भएन | १० | १६।७ | | अन्य | ९ | १५ |
| | **जम्मा** | ६० | १०० | | **जम्मा** | ६० | १०० |
| ०३ | गाविसको कार्यालय जाँदा नागरीक वडापत्र हेर्नुहुन्छ, थाहा छ? | | ० | ०८ | उत्तरदाताको पदीय जिम्मेवारी के हो ? | | |
| | हेर्छु, थाहा छ | ० | ० | | अध्यक्ष | ६ | १० |
| | थाहा छैन | ६० | १०० | | संयोजक | ७ | ११।७ |
| | **जम्मा** | ६० | १०० | | सचिव | ३ | ५ |
| ०४ | गाविसको योजना निर्माण प्रक्रियामा तपाई सहभागी हुनु भएको छ? | | ० | | सदस्य | ३१ | ५१।७ |
| | भएको छु | ३१ | ५१।७ | | प्रधानाध्यापक | १ | १।६७ |
| | भएको छैन | २९ | ४८।३ | | शिक्षक | ४ | ६।६७ |
| | **जम्मा** | ६० | १०० | | अन्य | ८ | १३।३ |
| ०५ | गाविसमा हुने बजेटबारे जानकारी हुन्छ कि हुन्न ? | | ० | | **जम्मा** | ६० | १०० |
| | हुन्छ | ३३ | ५५ | ०६ | सेवाग्राहीको अपेक्षा वा सन्तुष्टि कस्तो भयो ? | | ० |
| | हुन्दैन | २७ | ४५ | | सन्तुष्ट | २७ | ४५ |
| | **जम्मा** | ६० | १०० | | असन्तुष्ट | ३३ | ५५ |
| | | | | | **जम्मा** | ६० | १०० |

## २.४ सवाल पहिचान बैठक

सार्बजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्न सवालहरुको टुँगो लगाउँदै वेलहारा गाविसमा बैशाख १९ गते विहिवार सर्वपक्षीय सवाल पहिचान बैठक सम्पन्न भएको छ ।

स्थानीय शासन उत्तरदायी संयन्त्र विराटनगरको सहयोगमा जनहित असलशासन क्लब, कुरुले तेनुपा धनकुटाले आयोजना गर्न लागेको सार्वजनिक सुनुवाई कार्यक्रममा कुन कुन विषयवस्तुहरुमाथि छलफल गर्ने भन्ने सवालको टुँगो लागेको हो । क्लबले एक महिना अवधिसम्म गाविसको कार्यालय परिसरमा सेवाग्राही बहिर्गमन सर्वेक्षण र सबै वडाहरुमा नागरीक प्रतिवेदन पत्र सर्वेक्षण गरी १२० जना सेवाग्राहीहरुसंग सुझावहरु संकलन गरेको थियो । सो सर्वेक्षणबाट प्राप्त समस्या, गुनासाहरुलाई समेत समेटी राजनैतिक दल, नागरीक समाज, उपभोक्ता समितिका पदाधिकारी, वडा नागरीक मञ्चका संयोजकहरु सम्मिलित सरोकारवालाहरुको बैठकले विभिन्न १५ वटा विषयहरु सार्बजनिक सुनुवाई कार्यक्रममा छलफलको लागि लैजाने र सार्बजनिक सुनुवाई कार्यक्रममा सर्वसाधारण नागरीकहरुलाई समेत सहभागिता गराउने गरी प्रचारप्रसार गर्ने निर्णय समेत गरेको छ । ती सवालहरुमा गाविस अनुदान सञ्चालन कार्यविधि बमोजिम गाऊँ परिषद्‌बाट निर्णय भएका योजनाहरु कार्यान्वयनका अवस्था, गाऊँमा लक्षित वर्ग कार्यक्रमको प्रभावकारीता, सामाजिक परिचालनको अवस्था, उपभोक्ता समितिका रचनात्मक कार्य र समस्याहरु, बजेट विनियोजन प्रक्रिया, स्वास्थ्य संस्थासंग सम्बन्धित समस्याहरु लगायत सवालहरु रहेका छन् । गाविस सचिव केशव पोखरेलको अध्यक्षतामा बैठक भएको थियो भने बैठकको सहजीकरण जनहित असल शासन क्लबका कार्यक्रम संयोजक नोदनाथ त्रिताल र सचिव हुकुमप्रसाद दाहालले संयुक्त रुपमा गर्नुभएको थियो ।

**कार्यक्रमको लागि चयन गरिएका प्रमुख सवालहरु :**

१. गाविसको गाऊँ परिषद्‌का निर्णयहरुको कार्यान्वयनको हालसम्मको अवस्था ।
२. गाविसको नागरीक वडापत्र र गाऊँ पार्श्वचित्र प्रकाशन (हाते पुस्तिका, होर्डिङ्गबोर्ड)
३. गाविस अनुदान कार्यान्वयनमा लक्षित वर्ग कार्यक्रम (दलित, जनजाती, अपाँग, बालबालिका, महिला आदि) कार्यान्वयनको अवस्था, पेश्की बेरुजु फछ्र्यौट ।
४. सामाजिक परिचालनको उपलब्धी र राम्रा काम ।
५. उपभोक्ता समितिहरुको राम्रो पक्ष र सुधार गर्नुपर्ने पक्ष ।
६. गाविसको प्राविधिक सहायकको जिम्मेवारी र उपभोक्ताको जनगुनासो ।
७. गाविसमा बजेट आउने प्रक्रिया, उपभोक्तामा निकासा हुने र खर्च हुने प्रक्रिया, हालसम्मको बेरुजु (नियमित गर्नुपर्ने पेश्की बेरुजु वा असुल गर्नुपर्ने बेरुजु ?)
८. सामाजिक लेखा परीक्षण गर्ने, गाविसस्तरीय अनुगमन समिति गठन र क्रियाशीलता छ कि छैन ?
९. गाऊँ विकास समितिमा देखिएको समस्या : कार्यालयका समस्या ? कर्मचारीका समस्या ? नागरीकका समस्या ?
१०. समस्या समाधान गर्न कसले के गर्नुपर्दछ ? राज्यले ? गाविसले ? सेवाग्राहीले ?
११. साझा सार्बजनिक प्रतिबद्धताको घोषणा पत्रमा के के समावेश गर्ने ?
१२. वेलहारा गाविसलाई चकमुक्त क्षेत्र, अँध्यारोमुक्त, प्लाष्टिकमुक्त र खुला दिशामुक्त क्षेत्र घोषणा गर्ने अभियान
१३. गाविसमा गुनासो पेटिका राख्ने ।
१४. गाविसको पुर्व गाविस सचिवबाट कम्प्युटर लगायत सामग्री बरबुझारथ नभएको विषय ।
१५. आवधिक योजनाको लागि विनियोजित बजेट र त्यसको कार्यान्वयनको अवस्था ।

## २.५ सार्बजनिक सुनुवाई कार्यक्रम

गाऊँ विकास समितिको कार्यालय, वेलहारा र जनहित असल शासन क्लब, कुरुले तेनुपा, धनकुटाले संयुक्त आयोजनामा वेलहारा गाविसमा मिति २०७० जेठ ९ गते बिहिवारका दिन आयोजना गरेको ***'गाऊँ विकास समितिको सेवा प्रवाहको अवस्था र वार्षिक कार्यक्रम कार्यान्वयनको गुणस्तरीयता'*** विषयक **सार्बजनिक सुनुवाई** कार्यक्रम सफलतापुर्वक सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख जवाफदेहि वक्ताको रुपमा गाविस सचिव केशब पोखरेल हुनुहुन्थ्यो भने अन्य अतिथि वक्ताहरुमा स्वास्थ्य चौकी इञ्चार्ज दीपक चौधरी, देउराली उच्च मावि प्रअ घनश्याम बराल, प्रहरी चौकी, मुलघाटका इञ्चार्ज सुरेश आले, सामाजिक परिचालक टँक रोइला, एनेकपा माओवादी इञ्चार्ज कृष्णराज राया, नेपाली काँग्रेस सभापति रंगलाल रोइला, नेकपा एमालेका अध्यक्ष हरिप्रसाद बास्तोला, नेकपा माओवादीका इञ्चार्ज राजु राई, स्वास्थ्य चौकी व्यवस्थापन समिति सदस्य पृथ्वी भण्डारी, महिला सञ्जाल संयोजक कमला आचार्य, प्राविधिक सहायक दिनेश पाँचकोटी, संघीय समाजवादी पार्टी प्रतिनिधि हरीबहादुर राई, जनजाती महासंघ अध्यक्ष कालीबहादुर राई, कृषि समन्वय समिति अध्यक्ष वीरबहादुर बस्नेत, सामुदायिक वन उपभोक्ता महासंघ अध्यक्ष ऋषिचन राई, खानेपानी उपभोक्ता समिति अध्यक्ष ज्ञानेन्द्र घिमिरे, दलित सञ्जालका संयोजक रामचन्द्र नेपाली, एकीकृत योजना तर्जुमा समितिका सदस्य बलबहादुर अधिकारी, आठपहरीया राई युवा क्लबका सदस्य दिपेन राई लगायतले बोल्नु भएको थियो ।

कार्यक्रममा बेलहारा गाविसका विभिन्न वडाहरुबाट १८० जना भन्दा बढी स्थानीय वासिन्दाको सहभागीता रहेको थियो । कार्यक्रममा कान्तिपुर दैनिक एवं टेलिभिजन सम्वाददाता विनोद घिमिरे, रेडियो मकालु प्रतिनिधि मनिषा पोखरेल, धनकुटा साप्ताहिकका कार्यकारी सम्पादक हरिबहादुर लम्जेल लगायतको उपस्थिति रहेको थियो । साथै रेडियो मकालु बाट कार्यक्रमको तीन घण्टा प्रत्यक्ष प्रशारण भएको थियो भने कार्यक्रमको भिडियो डकुमेन्टी समेत निर्माण गरिएको थियो ।

कार्यक्रमका सहभागीहरुले अतिथि वक्ताहरुलाई विभिन्न सार्वजनिक सरोकारका विषयहरुमा जिज्ञाषा एवं प्रश्नहरु राखेका थिए भने सम्बन्धित पक्षबाट सवालजवाफ गरिएको थियो । कार्यक्रमको अन्त्यमा छलफलका विषयहरुमा केन्द्रीत भएर ११ बुँदे साझा सार्बजनिक प्रतिबद्धताको घोषणापत्रमा हस्ताक्षर गरिएको थियो । हस्ताक्षरित घोषणा पत्रको प्रस्तावनामा निम्न अनुसार बुँदाहरु रहेका छन् :

- *वेलहारा गाविसका सेवाग्राहीहरुबाट सेवाग्राही बहिर्गमन सर्वेक्षण (Exit Poll) र नागरीक प्रतिवेदन पत्र (CRC) सर्वेक्षणमा प्राप्त सुझाव, सल्लाह र गुनासाहरुलाई मध्यनजर गर्दै,*
- *नागरीक वडापत्रको महत्व र सेवाग्राहीहरुको सुसुचित हुने आकाँक्षा र वेलहारा गाविसमा हालसम्म गुनासो पेटिका, नागरीक वडापत्र नभएको अवस्थालाई आत्मसात गर्दै,*
- *वेलहारा गाविसको गाऊँ पार्श्वचित्र र आवधिक योजना निर्माण कार्य सम्पन्न नभएको यथार्थतालाई मनन् गर्दै,*
- *गाविसको गाऊँ परिषद्को निर्णयहरुको कार्यान्वियनको अवस्थालाई समिक्षा गर्दे,*
- *गाविसबाट सञ्चालित योजनाहरुका उपभोक्ता समितिहरु, लक्षित वर्ग महिला, दलित, जनजाती, अपाङ्ग, जेष्ठ नागरीक कार्यक्रम र सर्वदलीय संयन्त्रका पदाधिकारीहरु तथा सामुदायिक संस्थाहरुका अध्यक्ष मेनेजर र वडा नागरीक मञ्चका अध्यक्षहरु समेतले स्थानीय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि-२०६९ बारे अभिमुखीकरण तालिम पाउनु पर्ने भनी राखेको चासो र नीतिगत प्रक्रियाबारे देखाएको अनभिज्ञता ध्यानमा राख्दै,*
- *गाविसस्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति गठन भएर पनि अपेक्षाकृत क्रियाशील हुन नसकेको विगत आर्थिक वर्षहरुको अनुभवलाई स्मरण गर्दै,*
- *गाविसबाट सञ्चालित योजनाहरुको विवरण उल्लेख गरेर होर्डिङ्ग बोर्ड राख्नु पर्ने कार्यविधिमा भएको व्यवस्था र योजना व्यवस्थापनका लागि अपनाउनुपर्ने पारदर्शीताको संस्कारलाई मध्यनजर गर्दै,*
- *गाविसका योजनाहरुमा नियमित गर्नुपर्ने बेरुजु रकम र असुलउपर गर्नुपर्ने बेरुजु रकमको अवस्थालाई ध्यान दिँदै,*
- *गाविसमा प्राप्त सशर्त अनुदान सञ्चालनका लागि लक्षित वर्ग र क्षेत्रको लागि पुँजीगत तर्फको कम्तिमा ३५% बजेट अनिवार्य विनियोजन गरी लक्षित वर्ग र क्षेत्रलाई सशक्तिकरण गर्नुपर्ने नीतिगत प्रावधान सम्बन्धमा सरोकारवालाहरुको चासोलाई मध्यनजर गर्दै,*

*यसैगरी निम्न अनुसारको साझा सार्वजनिक प्रतिबद्धताको घोषणा पत्र जारी भएको छ :*

| *प्रतिबद्धता नं.* | *प्रतिबद्धताको विषयवस्तु* | *जिम्मेवार व्यक्ति अर्थात निकाय* | *कार्यान्वियनको समय सिमा* |
|---|---|---|---|
| १ | गाविसको नागरीक वडापत्र नभएको र सेवाग्राहीहरुलाई सुविधाको लागि नागरीक वडापत्र कार्यालय परिसरमा टाँस गर्ने र मुलघाट क्षेत्रमा होर्डिग बोर्ड बनाएर राखिने छ । साथै कार्यालय परिसरमा गुनासो पेटिका बनाएर राख्ने । | *गाविसको कार्यालय* | *१५ दिनभित्र* |
| २ | गाऊँ विकास समितिको कार्यालय परिसरमा राखिएको नागरीक वडापत्रलाई हाते पुस्तिकाको रुपमा प्रकाशन गरी वडा नागरीक मञ्चहरु, उपभोक्ता समिति, सञ्जालहरु मार्फत सर्वसाधारणको घरदैलोमा पुऱ्याउने अभियान सञ्चालन गर्ने, | *गाविस, राजनैतिक दल, वडा नागरीक मञ्च, उ.स.आदि ।* | *असार मसान्तसम्म* |
| ३ | गाविसबाट सञ्चालित योजनाहरुका उपभोक्ता समितिहरु, लक्षित वर्ग र क्षेत्रका महिला, दलित, जनजाती, अपाङ्ग प्रतिनिधिहरु र सर्वदलीय संयन्त्रका पदाधिकारीहरु तथा सामुदायिक संस्थाहरुका अध्यक्ष मेनेजर समेतलाई स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि-२०६९ का प्रावधानहरुबारे अभिमुखीकरण कार्यक्रम गर्ने, | *गाऊँ विकास समितिको कार्यालय* | *आगामी ३ महिनाभित्र* |
| ४ | उपभोक्ता समितिहरुको नियमित आमभेला र दर्ता नविकरण गर्ने, जनलेखापरीक्षणलाई निरन्तरता दिने, योजना सञ्चालन पुर्व प्राविधिक इस्टिमेट र सम्पन्न भएपश्चात अन्तिम मुल्याङ्कन योजनास्थलमा नै गर्ने गराउने र सम्पुर्ण योजनाहरु तथा लक्षित वर्गका कार्यक्रमहरुको समेत बजेट सहितको विवरण उल्लेख गरेर योजनास्थलमा होर्डिङ्ग बोर्ड राख्ने व्यवस्थालाई अनिवार्य कार्यान्वयन गर्न गराउने, | *गाविस र उपभोक्ता समितिहरु* | *असार मसान्तसम्ममा* |
| ५ | गाविसबाट सञ्चालित लक्षित वर्ग कार्यक्रमको लागि विनियोजित पुँजीगत तर्फको कम्तिमा ३५% बजेटले लक्षित वर्ग र क्षेत्रलाई नै सहभागिता गराई सशक्तिकरण गर्ने गरी सीपमुलक, आयमुलक र व्यवसायमुलक कार्यक्रम सञ्चालनको लागि प्राथमिकता दिने, | *वडा नागरीक मञ्च, एकीकृत योजना तर्जुमा समिति, गाऊँ परिषद्* | *आगामी गाऊँ परिषद्सम्ममा* |
| ६ | गाविसबाट गत आर्थिक वर्षमा बजेट विनियोजन भएर पनि विभिन्न कारणले कार्यान्वयन हुन नसकेको अवस्थाको समिक्षा गर्दै चालु आर्थिक वर्षका कार्यक्रमहरुको सञ्चालन आषाढ मसान्तसम्म अनिवार्य सक्न सम्पुर्ण उपभोक्ता समितिहरु, वडा नागरीक मञ्च, राजनीतिक दलका पदाधिकारीहरु समेतले आवश्यक पहल एवं पैरवी | *गाविस र सम्पुर्ण उपभोक्ता समितिहरु* | *आगामी असार मसान्तसम्म* |

| प्रतिबद्धता नं. | प्रतिबद्धताको विषयवस्तु | जिम्मेवार व्यक्ति अर्थात निकाय | कार्यान्वयनको समय सिमा |
|---|---|---|---|
| | गर्ने, | | |
| ७ | गाविसबाट गत गाऊँ परिषद्मा गठन भएको योजना सुपरीवेक्षण तथा अनुगमन समितिलाई पुनर्गठन गरी आमन्त्रित सदस्यहरु समेत थप गरेर गाविसस्तरमा सञ्चालित योजनाहरुको स्थलगत अनुगमन र निरीक्षण मुल्याँकनको कार्यलाई निरन्तरता दिने, साथै राजनैतिक दलका पदाधिकारीधिहरु, शिक्षक, कर्मचारीहरु उपभोक्ता समितिमा रहन नपाउने र दोहोरो उपभोक्ता समितिमा बस्न नपाउने व्यवस्थालाई पुर्णरुपले कार्यान्वयन गर्ने, | गाविस र अनुगमन समिति | आगामी गाऊँ परिषद्सम्ममा |
| ८ | वेलहारा गाविसभित्र रहेको एक उच्च मावि र अन्य निम्न मावि र प्राथमिक विद्यालयहरुमा बालबालिकालाई प्रत्यक्ष फाइदा पुग्ने गरी शैक्षिक गुणस्तर अभिवृद्धिको लागि गाविसबाट बालबालिका शीर्षकमा विनियोजन हुने १०% बजेटभित्र 'वाइटबोर्ड अभियान कार्यक्रम' लाई समावेश गरी सम्पूर्ण विद्यालयहरुमा रहेका कालोपाटी र चक विस्थापित गरेर आगामी गाऊँ परिषद्पश्चात गाविसलाई 'कालोपाटीरहित चकमुक्त क्षेत्र' घोषणा गर्ने अभियानको शुरुवात गर्ने, | गाविस र सम्पूर्ण विद्यालयका प्रअ एवं व्यवस्थापन समितिहरु | आगामी ७ महिना भित्र |
| ९ | गाविसको बजेटले सञ्चालित योजनाहरुमा रहेका नियमित गर्नुपर्ने बेरुजु रकमहरु र असुलउपर गर्नुपर्ने बेरुजु रकमहरुलाई अध्यावधिक गरी अनुगमन समितिले ताकेता गरी फछ्र्यौटको लागि तत्काल पहल गर्ने | गाविस र उपभोक्ता समितिहरु | असार मसान्तसम्म |
| १० | गाविसका निवर्तमान सचिव विनोद थापाबाट हालसम्म गाविसका भौतिक विद्युतीय सामग्रीहरु कम्प्युटर प्रिन्टर लगायत बरबुझारथ नगरेको, गाऊँ पार्श्वचित्र निर्माणको लागि सम्पुर्ण रकम लगेर हालसम्म पार्श्वचित्र बनाएर गाविसलाई उपलब्ध नगरेको कारण गाविसको आवधिक योजना निर्माणको लागि बाधा परेको हुँदा तत्काल गाविसमा सम्पुर्ण सामग्रीहरु फिर्ता गरी पार्श्वचित्र बुझाउन सम्बन्धित व्यक्तिसमक्ष लिखित अनुरोध गर्ने, | गाविस सचिव | असार मसान्तसम्म |
| ११ | गाऊँ विकास समितिले आगामी आर्थिक वर्षदेखि गाऊँ परिषद् सम्पन्न भएको एक महिनाभित्र परिषद्बाट भएका निर्णयहरु सार्बजनिक गर्न र आम नागरीकहरुलाई सुसुचित गराउँदै पृष्ठपोषण लिन वर्षको एक पटक अनिवार्य सार्बजनिक सुनुवाई कार्यक्रम आयोजना गर्ने, गाऊँ परिषद्को निर्णय प्रतिलिपी गाविस परिसरमा टाँस गर्ने, | गाविस सचिव | आगामी गाऊँ परिषद्पश्चात |

माथि उल्लेखित ११ बुंदे साझा सार्बजनिक प्रतिबद्धताको घोषणा पत्रमा हस्ताक्षर गर्ने आधिकारीक वक्ताहरुमा वेलहारा गाविस सचिव केशव पोखरेल, देउराली उच्च माविका प्रअ घनश्याम बराल, नेपाली काँग्रेसका सभापति रंगलाल रोइला, एनेकपा माओवादीका इञ्चार्ज कृष्णराज राया, नेकपा एमालेका अध्यक्ष हरिप्रसाद बाँस्तोला, एकीकृत योजना तर्जुमा समितिका अध्यक्ष बलबहादुर अधिकारी, नेकपा माओवादीका इञ्चार्ज राजु राई, मुलघाट प्रहरी चौकीका इञ्चार्ज सुरेश आले, महिला सञ्जालकी अध्यक्ष कमला आचार्य, जनजाती महासंघ गाऊँ इकाई समितिका अध्यक्ष कालीबहादुर राई, स्वास्थ्य चौकी इञ्चार्ज दीपक चौधरी, स्वास्थ्य चौकी व्यवस्थापन समिति सदस्य पृथ्वी भण्डारी, कृषि समन्वय समिति अध्यक्ष बीरबहादुर बस्नेत, बेलहारा मेनलाईन खानेपानी उपभोक्ता समितिका अध्यक्ष ज्ञानेन्द्र घिमिरे, अपाँग समन्वय समितिका अध्यक्ष नगेन्द्र बस्नेत, सामुदायिक वन उपभोक्ता समिति गाऊँ महासंघका अध्यक्ष ऋषिचन राई, किराँत आठपहरीया युवा समुहका अध्यक्ष दिपेन राई, अपाँग समन्वय समितिका प्रतिनिधि मानबहादुर न्यौपाने र वेलहारा गाविसका सामाजिक परिचालक टँक रोइला रहनु भएको छ ।

सामुहिक सभापतित्वमा सम्पन्न सो सार्बजनिक सुनुवाई कार्यक्रममा सर्वसाधारणबाट उठेका प्रश्नहरुको जवाफ गाविस सचिव, सामाजिक परिचालक, राजनीतिक दलका नेता, लक्षित वर्ग कार्यक्रमका प्रमुख एवं प्रतिनिधिहरु, सरकारी कार्यालयका प्रमुख, प्रधानाध्यापक लगायतले दिनु भएको थियो । तीन चरणमा सञ्चालन गरिएको कार्यक्रमको पहिलो चरणमा गाविस सचिव केशव पोखरेलबाट गाविसको गाऊँ परिषद्का निर्णयहरु र वार्षिक कार्यक्रमहरुबारे प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो भने सामाजिक परिचालक टंक रोइलाबाट सामाजिक परिचालनको प्रगति प्रतिवेदन जानकारी गराउनु भएको थियो । त्यसपछि कार्यक्रमको दोस्रो चरण दोहोरो सम्वादको प्रश्न उत्तर कार्यक्रमको चरण रहेको थियो । यस चरणमा सहभागिहरुले विभिन्न सार्वजनिक सरोकारका विषयमा प्रश्नहरु राख्नु भएको थियो भने सम्बन्धित पक्षले जवाफ दिन भएको थियो । कार्यक्रमको तेस्रो एवं अन्तिम चरणमा सम्पूर्ण जवाफदेहि अतिथि वक्ताहरुलाई कार्यक्रमप्रति टिप्पणीसहित समापन मन्तव्यको लागि समय दिइएको थियो । कार्यक्रममा ११ बुदे घोषणा पत्र गाविस सचिव केशव पोखरेलले पढेर जारी गर्नुभएको थियो भने सहभागीबाट ताली बजाएर ऐक्यबद्धता प्रकट गरिएको थियो ।

कार्यक्रमको सञ्चालन एवं सहजीकरण जनहित असल शासन क्लबका कार्यक्रम संयोजक नोदनाथ त्रितालले गर्नुभएको थियो भने स्वागत मन्तव्य सहित कार्यक्रमको औचित्य र उद्देश्यमाथि अनुसन्धान सहायक हुकुमप्रसाद दाहालले प्रकाश पार्नुभएको थियो ।

कार्यक्रमको तीन घण्टासम्म रेडियो मकालु ९२.२ मेगाहर्जबाट प्रत्यक्ष प्रशारण गरिएको थियो भने रेडियोका प्रतिनिधि मनिषा पोखरेलले कार्यक्रम स्थलबाट प्रत्यक्ष प्रशारण गर्नुभएको थियो । त्यस्तै कान्तिपुर टेलिभिजनका प्रतिनिधि विनोद घिमिरेले कार्यक्रमको छायाँकन गर्नुभएको थियो भने धनकुटा साप्ताहिकका कार्यकारी सम्पादक हरिबहादुर लम्जेलले अडियो रेकर्डिंग र फोटोग्राफर कार्य गर्नुभएको थियो । सम्पुर्ण महानुभावहरुलाई धन्यवाद ज्ञापन सहित गाविस सचिव केशव पोखरेलले कार्यक्रमको समापन गर्नुभएको थियो ।

कार्यक्रमको दोहोरो सम्वादको प्रश्न उत्तर कार्यक्रममा कस कसले के के जिज्ञाषा एवं प्रश्नहरु राख्नु भयो र कस्तो जवाफ प्राप्त भयो भन्नेबारे विस्तृत विवरण निम्न अनुसार रहेको छ :

| क्र. सं. | प्रश्नकर्ताको नाम ठेगाना | सोधिएको प्रश्न | जवाफकर्ताको नाम | जवाफ दिएको विवरण |
|---|---|---|---|---|
| १ | गंगाप्रसाद आचार्य, सचिव, गुठीमार्गा भञ्ज्याँग ग्रामिण सडक उपभोक्ता समिति | बजेट विनियोजन हुँदा कुन प्रक्रियाले हुन्छ ? गुठीटार सडकको अवस्था राम्रो छैन, त्यसलाई गाविसले के गर्न सक्छ ? | केशव पोखरेल, गाविस सचिव | बजेट विनियोजन गर्दा वडा भेलामार्फत आएका योजनाहरुलाई एकीकृत योजना तर्जुमा समितिले निर्णय गरी विनियोजन हुन्छ। त्यो सडकको बारेमा गाऊँ परिषद्मा छलफल गरेर दलहरुको सहमतिमा बजेट विनियोजन गर्न सकिन्छ। |
| २ | रेखबहादुर भटराई, संयोजक, वडा नागरीक मञ्च, वडा नं. २ | सरकारले सहकारी सञ्चालनका लागि दिएको एक लाख रुपैया सुपथ मुल्यको पसल अहिले कहाँ छ र कुन हालतमा छ ? | कालीबहादुर राई, व्यवस्थापक | त्यो रकमको पसल अहिले बन्द छ। जिन्सी ४० हजार बराबरको बचत छ भने बाँकी अरु पसलबाट उधारो गएको छ। त्यसको कस्को नाममा कति बाँकी छ भन्ने पनि सुची तयार भएको छ। आगामी आमसभामा त्यसलाई पेश गर्नेछु। |
| ३ | कालीबहादुर राई, अध्यक्ष, आदिवासी जनजाती गाऊँ इकाई महासंघ, वेलहारा | आदिवासी जनजातीका लागि विनियोजन हुने बजेट १५प्रतिशत हो, तर गत सालको ७० हजार पाउनु पर्नेमा २५ हजार मात्र पाइयो, किन ? | केशव पोखरेल, गाविस सचिव | अनुदान घटेर आएको हुँदा आदिवासीको मात्र होइन, अन्य लक्षित वर्गको पनि बजेट घटेर आएको हो। पुर्ण बजेट बनाइए पनि अनुदान घटेर आउँदा यस्तो समस्या आएको हो। |
| ४ | घनश्याम बराल, प्रअ, देउराली उच्च मावि, वेलहारा | वजेट बाँडफाँड गर्दा वडाबाट माग भई आएका योजनाहरु एकीकृत योजना तर्जुमा समितिले पारित गरी गाऊँ परिषद्बाट निर्णय हुनु पर्ने हो तर यस गाविसमा परिषद्मा जसको उपस्थिति बढी छ वा जो जो उपस्थित भएका छन्, तिनिहरुको निर्णय पारित हुन्छ, किन यस्तो हुन्छ? | केशव पोखरेल, गाविस सचिव | विगत वर्षहरुको सिकाईबाट आगामी गाऊँ परिषद्मा यस्ता कमि कमजोरीहरु सुधार गरेर लैजानु पर्ने हुन्छ। त्यसको लागि आफ्नो तर्फबाट प्रतिबद्धता व्यक्त गर्दछु। |
| ५ | पृथ्वी भण्डारी, सदस्य, स्वास्थ्य व्यवस्थापन समिति | वेलहारा गाविसको गाऊँ पार्श्वचित्र बनाउन भनेर २ वर्ष अघिदेखि ८० हजार बजेट विनियोजन भइसकेको छ तर गाऊँमा पार्श्वचित्र आएको छैन, यसको अवस्था के छ ? | केशव पोखरेल, गाविस सचिव | यस अघिका गाविस सचिवकै नाममा ८० हजार पेश्की देखिन्छ, तत्कालीन गाविस सचिवले पटक पटक अनुरोध गर्दा पनि नबुझाएको हुँदा यस विषयमा उहाँलाई नै सोध्नु उपयुक्त होला। |
| ६ | पृथ्वी भण्डारी, सदस्य, स्वास्थ्य व्यवस्थापन समिति, वेलहारा | वेलहारा गाविसको गाऊँ पार्श्वचित्र बनाउन भनेर २ वर्ष अघिदेखि ८० हजार बजेट विनियोजन भइसकेको छ तर गाऊँमा पार्श्वचित्र आएको छैन, यसको अवस्था के छ ? | विनोद थापा, पुर्व गाविस सचिव - मोवाइल कुराकानी | पार्श्वचित्र बनाउन पेश्की लिएको हो। बुझाउने भनेर तयारी गर्दा गर्दै ढिला भएको छ। प्रिन्ट गर्न मात्र बाँकी छ, तयार भइसकेको छ। अब ५ दिनभित्रमा बुझाउन तयार छु। |
| ७ | गंगाप्रसाद आचार्य, सचिव, गुठीमार्गा भञ्ज्याँग ग्रामिण सडक उपभोक्ता समिति | वेलहारा मेनलाईन खानेपानीमा केकस्तो मर्मतसम्भार र काम भएका छन् ? पानी खान नपाएर उपभोक्ताले सास्ती बेहोर्नु परेको छ। | ज्ञानेन्द्र घिमिरे, अध्यक्ष, मेनलाईन खानेपानी उपभोक्ता समिति, वेलहारा | खानेपानीको मर्मत संभारमा सामान्य कामहरु भएका छन्। स्रोत साधनको कमीले गर्दा समस्या उत्पन्न भएको छ। पानीको मुहान आसपासका बासिन्दाहरुलाई चित्त बुझाएर पानी ल्याउनका लागि कठिनाई छ। यसमा गाविस उपभोक्ता सबैले पहल गर्नु पर्दछ। |
| ८ | रेखबहादुर भटराई, संयोजक, वडा | सामाजिक परिचालक नियुक्तीको लागि परीक्षा लिएर पनि हालसम्म परीक्षाफल प्रकासित गरिएको छैन । एनेकपा | कृष्णराज राय, इञ्चार्ज, एनेकपा | यसमा मेरो छोरी राख्न खोजेको छैन। परीक्षाको नतिजा ननिकाल्नुमा पहिलेका सचिव सरको नै कमजोरी देखिन्छ। |

| | | | | |
|---|---|---|---|---|
| | नागरीक मञ्च, वडा नं. २ | माओवादीको इञ्चार्ज कृष्णराज रायले आफ्नै छोरीलाई राख्नका लागि परीक्षाफल प्रकाशन गर्न नदिएको भन्ने गुनासो छ नि ? यसको यथार्थ के हो ? | माओवादी | |
| ९ | राजेन्द्र विक, सचिव, दलित समन्वय समिति, वेलहारा | २०६८ सालमा सामाजिक परिचालक नियुक्ति गर्ने भनेर १६ जनाको फारम भरियो, रकम लिइयो, परीक्षा दिइयो, तर रिजल्ट भएन । हाम्रो परिश्रम र परीक्षा दस्तुर खोई ? यसमा कसले वदनीयतपुर्वक रिजल्ट रोकेको हो ? यसमा सबै दलले जिम्मेवारी लिएर जवाफ दिनुपर्दछ । | कृष्णराज राया, इञ्चार्ज, एनेकपा माओवादी | यसको सबै जिम्मेवारी पुर्व गाविस सचिव र राजनीतिक दलहरुले लिनै पर्दछ । कोही एक जनाको मात्र नियतवस यो रोकिएको होइन । |
| | प्रति प्रश्न | राजनितीक दलहरुले नि यसको जवाफ दिनु पर्‍यो । | हरीबहादुर राई, अध्यक्ष, संघीय समाजबादी पार्टी, वेलहारा | गाविसले २ जना समाज परिचालक भनेर विज्ञापन गरेको थियो । जिविस र हुसाडेक नेपालले १ जना सोही कामको लागि मान्छे छानेर पठाइदियो । त्यसपछि अर्को राख्ने नराख्ने निर्णय हुन सकेन । गाविसको आन्तरिक स्रोत साधन नभएकोले यो समस्या उत्पन्न भएको हो । |
| १० | राजु राई, अध्यक्ष, नेकपा-माओवादी | सामाजिक परिचालक राख्ने काममा राजनीतिक हस्तक्षेप भएको हो । मुख्य गरी तीन वटा राजनीतिक दलभित्र सिर्जना भएको अवस्था हो । आफ्नो पार्टीको मानिसलाई जागीर खुवाएर झोला बोकाउन खोजेको हो की ? | कृष्णराज राया, | यो राजनीतिक खेल होइन, गाविसको आन्तरीक समस्या हो । यसलाई हामी सबै दलहरु बैठकमा बसेर कुरा मिलाउने पर्दछ । |
| | प्रतिप्रश्न | | केशव पोखरेल, गाविस सचिव | गाविसमा कामको चापले गर्दा काम गर्न कठिन छ । सामाजिक परिचालनको नतिजा पहिलेको ननिकाल्ने भन्ने भएकोले हामीले पनि त्यति चासो दिएको छैन । यो आर्थिक वर्षपछि निवेदनकर्ताहरुलाई बोलाएर सर्वदलीय बैठक बसेर छलफल गरी निर्णय गर्नेछौं । |
| ११ | भुपेन्द्रबहादुर महत, प्रअ, श्री कन्यादेवी प्रावि, बेलहारा | जनलेखा परीक्षणमा को को हुनुहुन्छ ? र के के काम गर्नु भएको छ? गाविसको बालबालिका शीर्षकको रकमबाट व्हाइट बोर्ड कार्यक्रम गर्न सकिन्छ कि सकिन्न ? | केशव पोखरेल, गाविस सचिव | जनलेखा परीक्षणमा सहकार्यको लागि सामाजिक परिचालक हुनुहुन्छ र सार्वजनिक लेखा परीक्षणका दिन मात्र गाविस सचिव र अन्यको सहभागिता हुन्छ ।<br>गाविसको बालबालिका शिर्षकको बजेटबाट आगामी गाऊँ परिषद्मा निर्णय गरेर कालोपाटीमुक्त क्षेत्र निर्माण अभियान सञ्चालन गर्न सकिन्छ । |
| १२ | रत्नबहादुर रायमाझी, सचिव, गुठीटार सुकेआहाल ग्रास उस | वेलहारा मेनलाइन खानेपानी अध्यक्षले केके काम गरिरहनु भएको छ? पानी नआएर मान्छे मर्न लागेको अवस्था छ । | ज्ञानेन्द्र घिमिरे, अध्यक्ष, मेनलाइन खानेपानी उपभोक्ता समिति | पानीको मुहान लामो दुरीमाछ । मुहान आसपासका वासिन्दाले पाइप लगाएर पानी तान्ने, बस्ती बसाल्ने गरेको ले मुहानमा समस्या छ । समस्या समाधानका लागि क्षेत्रीय खानेपानी अनुगमनले नै बैठक बसालेर मुहानका मान्छेलाई १६ एमएम पाइपमा पानी दिने निर्णय गरेको छ । लामो दुरीको योजना भएकोले स्रोतसाधनको अपुगछ । जसले गर्दा समस्या आएको छ । सबै मिलेर काम गरे पानी खान छिटै पाइन्छ । |
| १३ | सुवर्ण कार्की, सामुदायिक वन महासंघ | गाविसबाट कृषिका लागि विनियोजन हुने १५प्रतिशत रकम वेलहारा गुठिटार सहकारीलाई मात्र किन एकमुष्ठ दिइयो ? एकमुष्ठ सहकारीलाई मात्र बजेट दिँदा कृषकलाई राहत हुन्छ कि हुन्न ? | केशव पोखरेल, गाविस सचिव | एकीकृत योजना तर्जुमा समिति र गाऊँ परिषदले नै निर्णय गरेको हुनाले सहकारीलाई एक लाख रुपैया दिएको हो । |
| १४ | जितेन्द्र बास्तोला, | गाविस सचिव सर महिनामा कति दिन गाविस कार्यालयमा रहनु | केशव पोखरेल, | गाविस सचिवले धेरै तिरको काम भ्याउनु पर्ने हुँदा समस्या छ । मैले सकेसम्म |

| | | | | |
|---|---|---|---|---|
| | वेलहारा ७ | पर्ने हो ? र रहने गर्नुभएको छ ? गाविसमा सचिव नियमित बस्नु पर्छ कि पर्दैन ? | गाविस सचिव | सेवा प्रदान गर्न खोजिरहेको छु । म जुनसुकै समयमा पनि सेवा दिन तत्पर छु । गाविसकै कामले सदरमुकाम धेरै बस्नु पर्दछ । |
| १५ | फणिन्द्रप्रसाद धिताल, शिक्षक, बालकल्याण प्रावि, वेलहारा ६ | गाविसबाट विद्यालयका लागि कस्ता कस्ता योजनाहरु सञ्चालन भएका छन् ? गाविसले विद्यालयका लागि व्हाइट बोर्ड अभियान सञ्चालन गरेर चकमुक्त गाविस घोषणा गर्न सक्छ कि सक्दैछ ? | केशव पोखरेल, गाविस सचिव | चकमुक्त क्षेत्र घोषणा गर्नु राम्रो कार्यक्रम हो । सबै विद्यालयलाई चकमुक्त बनाउन पहल गर्नुपर्दछ । आगामी गाऊँ परिषद्मा वडा वडाबाट योजनाहरु माग भइआएर गाऊँ परिषद्मा निर्णय गर्नुपर्दछ । |
| १६ | पालाँग तामाँग, वेलहारा वडा नागरीक मञ्च संयोजक, वडा नं. ५ | गाविसको नाममा किनिएको कम्प्युटर कहाँ छ ? को संग छ ? यो कहिलेसम्ममा गाविसमा आउँछ ? | केशव पोखरेल, गाविस सचिव | पहिलेका गाविस सचिव विनोद थापाले गाविसको सबैथोक रोहित निरौला सरलाई जिम्मा लगाएको रहेछ । तर गाविसमा नल्याएको अवस्था रहेछ । पछि म आएपछि बुझ्दा कागजी रुपमा मात्र जिम्मा लिएको रहेछ । सबै सामानहरु विनोद थापाको डेरामा नै रहेको जानकारी छ । ल्याउन सकिएको छैन ।<br>विनोद थापाः कार्यक्रमस्थलबाट मोवाइलमा भएको कुराकानी : त्यो सामान लैजानु भनेर ठिक पारिदिएको छु तर त्यहाँको सचिव सरले नलग्नुभएकोले रोकिएको हो । आफुले गाविस छोड्दा गाऊँमै लगिदिन नसकेको कारण कम्प्युटर लगाउन अन्य खाताहरु समेत आफुसंग सुरक्षित छ, गाविस सचिव जहिले आएर पनि लैजान सक्नु हुन्छ । |
| १७ | कमला आचार्य, संयोजक, महिला सञ्जाल | देउराली उच्च माविमा विद्यार्थीले एसएलसी पासको चारित्रिक प्रमाणपत्र किन पाउँदैनन् ? महँगो दस्तुर लिने र विद्यार्थी रोक्ने काम भएको छ । विद्यार्थीले इच्छा बमोजिम पढ्न जान पाउने कि नपाउने ? | राजु राई, अध्यक्ष, विद्यालय व्यवस्थापन समिति | विद्यालय व्यवस्थापन समिति, शिक्षकहरु सबै मिलेर उच्च मावि सञ्चालन गर्नकै लागि विद्यार्थी रोक्ने प्रयास भएको हो । २ वर्षका लागि यो निर्णय भएको छ । अभिभावक भेलाको बेला यो प्रश्न राख्नु भएको भए त्यतिबेलै यो समस्या समाधान हुने थियो । तै पनि बसेर कुरा गरौंला,सकारात्मक सहयोग गरौंला । |
| १८ | शंकरनाथ रोइला, सामुदायिक वन उपभोक्ता समिति | प्रस्तावित वेलहारा एयरपोर्टको काम केके भइरहेको छ ? गाविसले ३० हजार लगानी गरेको बतायो, त्यो कसरी खर्च भयो ? यसमा दलहरुको भुमिका के? | केशव पोखरेल, गाविस सचिव | जेठ मसान्तसम्ममा सर्वेक्षणको अन्तिम रिपोर्ट दिने भन्ने सुनिएको छ । यसमा पटक पटक आएको टोली र भएको बैठकमा गाविसमा पनि ३० हजार खर्च भइसकेको छ । नेपाल सरकारले यसको लागि २ करोड बजेट विनियोजन गरेको छ । एयरपोर्टको कुरा अगाडि बढ्छ भन्ने आशा गरौं । |
| १९ | कोपिला लामिछाने, सिर्जना महिला समुह | महिला सञ्जाललाई गाविसले दिएको बजेट महिला सञ्जालका तत्कालीन अध्यक्षबाट हिनामिना भइरहेको छ । त्यो रकमको बारेमा के हुन्दैछ ? | केशव पोखरेल, गाविस सचिव | त्यो हिनामिना भएको बजेट फछ्र्योट भएको छैन । त्यस रकमको बारेमा जिल्ला प्रशासन कार्यालयमा उजुरी परेको छ । त्यसको कारवाही कहाँ पुग्यो भन्ने थाहा छेन । |
| २० | उमेश राई, वडा नागरीक मञ्च अध्यक्ष,वडा नं. ६ | राजारानी बेंसी ग्रामिण सडक उपभोक्ता समिति अध्यक्ष सचिवले बजेट लगेको छ कि छैन ? | केशव पोखरेल, गाविस सचिव | एक पटक गाविसमा आउनुभएको थियो, निर्णय गरेर लिएर आउनु भनेको अहिले सम्म आउनु भएको छैन, त्यसैले बजेट लगेको छैन । |
| २१ | सुशीला विक, डुम्रेसान्ने महिला समुह वेलहारा २ | महिला सञ्जालका लागि विनियोजित बजेट बाट हाम्रो २ न. वडामा जनचेतना कार्यक्रम गर्दा ५ हजार रकम दिएको थियो र कार्यक्रमको लागि सामाजिक परिचालक, महिला सञ्जाल र राजनैतिक दलहरुलाई कार्यक्रमका लागि पत्राचार गरेका थियौं । तर कार्यक्रममा कोही पनि आउनु भएन । वडा न.. २ र ३ का महिलाहरुलाई किन सबैले हेला गर्नुभएको हो? महिला सञ्जाल का लागि विनियोजित बजेटको खर्च सार्वजनिक गरिनुपर्दछ । | कमला आचार्य, महिला सञ्जाल, वेलहार ा | समय नमिलेर नआएको हो । फोनबाट जानकारी दिएको थिएं । अन्य कार्यक्रममा आउने प्रतिबद्धता गर्दछु ।<br>सबै राजनीतिक दलका प्रतिनिधिले समेत व्यस्तता र अन्य कार्यक्रमहरुमा जानुपरेका कारण महिलाको कार्यक्रम छुटेको र आगामी दिनमा त्यस्तो हुन नदिने प्रतिबद्धता व्यक्त गरे । |

कार्यक्रममा उपस्थित सहभागीहरुको लिँगीय विवरण निम्न अनुसार रहेको छ :

| क्र.सं. | *सार्बजनिक सुनुवाईको उपस्थिति विवरण* | | | |
|---|---|---|---|---|
| | विवरण | महिला | पुरुष | जम्मा |
| १ | दलित | ७ | ११ | १८ |
| २ | जनजाती | २८ | ४५ | ७३ |
| ४ | अन्य | १३ | ८३ | ९६ |
| **कुल सहभागी** | | **४८** | **१३९** | **१८७** |

यसैगरी कार्यक्रममा उपस्थित सहभागीहरुको वडागत सहभागिताको विवरण निम्न अनुसार रहेको छ :

| सहभागीहरुको विवरण | वडागत रुपमा सहभागीहरुको विवरण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | अन्य | जम्मा |
| | ३ | ६ | ३ | १७ | ८१ | ७ | ५० | ९ | ५ | ६ | १८७ |

**२.६ प्रतिबद्धता अनुगमन**

**२.७ गाऊँ परिषद् र सार्वजनिक सुनुवाईको सहभागीताको विश्लेषण**

| कार्यक्रम | **सार्बजनिक सुनुवाई, वेलहारा** | | | **गाऊँ परिषद, वेलहारा** | | |
|---|---|---|---|---|---|---|
| विवरण | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| दलित | ७ | ११ | १८ | २ | १ | ३ |
| जनजाती | २८ | ४५ | ७३ | ३ | १० | १३ |
| अन्य | १३ | ८३ | ९६ | ५ | १८ | २३ |
| जम्मा | **४८** | **१३९** | **१८७** | १० | २९ | ३९ |

# खण्ड तीन
# तेलिया गाविसको सार्वजनिक सुनुवाई

## ३.१ अभिलेख अध्ययन र अभिमुखीकरण कार्यक्रम

धनकुटा/स्थानीय शासन उत्तरदायी संयन्त्र (LGAF) विराटनगरको सहयोगमा जनहित असल शासन क्लब, कुरुले तेनुपा, धनकुटाले तेलिया गाविसको सभाहलमा आयोजना गरेको सार्बजनिक सुनुवाई तथा प्रतिबद्धता अनुगमन परियोजनासम्बन्धी गाविसस्तरीय सरोकारवालाहरुसंग एक दिने अभिमुखीकरण कार्यक्रम मिति २०६९ चैत्र ६ गते मंगलवार सम्पन्न भएको छ । उपस्थित सम्पुर्ण सहभागीहरुको सामुहिक सभापतित्व तथा गाविस सचिव रमेश गौतमको प्रमुख आतिथ्यमा सम्पन्न सो अभिमुखीकरण कार्यक्रममा सार्बजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्नुपर्ने उद्धेश्य, औचित्य र सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालनका चरणहरुबारे सरोकारवालाहरुलाई जानकारी गराइएको थियो । स्थानीय शासन उत्तरदायी संयन्त्रको आर्थिक सहयोगमा गाविसस्तरमा सार्बजनिक सुनुवाई गर्न लागिएको जानकारी गराइएको थियो । साथै स्थानीय शासन उत्तरदायी संयन्त्रको बारेमा समेत जानकारी दिइएको थियो । बैठकले राजनैतिक दल, संघसंस्था, सञ्जाल, नागरीक समाज तथा पत्रकार सबैले आआफ्नो तर्फबाट सबै चरणमा सक्दो सहयोग गरी कार्यक्रम सफल पार्न सहयोग गर्ने निर्णय गरेको छ । साथै कार्यक्रमको प्रचारप्रसार र सेवाग्राही बहिर्गमन सर्वेक्षण, नागरीक प्रतिवेदन पत्र सर्वेक्षण र सवालहरुलाई अन्तिम रुप दिने बैठकहरु सञ्चालन गरी वडा नागरीक मञ्चतहसम्म प्रचारप्रसार गरी सार्बजनिक सुनुवाई कार्यक्रमको तयारी गर्न आवश्यक सबै खाले सहयोग गर्ने निर्णय समेत भएको छ ।

कार्यक्रममा सहभागीहरुले आयोजकलाई गाविसस्तरमा रहेका समस्याहरु समाधान गर्न सक्ने गरी सार्बजनिक सुनुवाई कार्यक्रमलाई उपलब्धीमुलक, अनुसन्धानमुलक बनाउन सुझावहरु राख्नु भएको थियो । कार्यक्रममा सामाजिक परिचालक शंकर ओझा, तिलेश्वर माविका प्रअ कुलबहादुर अधिकारी, तेलिया इलाका हुलाक कार्यालयका प्रतिनिधि गंगाबहादुर खड्का, श्री शारदा निमाविका प्रअ छत्र अधिकारी, नेपाली काँग्रेसका गाऊँ अध्यक्ष गणेश नेपाली, नेकपा एमालेका गाऊँ अध्यक्ष सुरेशकुमार लिम्बु, तेलिया उपस्वास्थ्य चौकीका इञ्चार्ज रामनारायण शाह, दलित नेटवर्कका संयोजक युरमान विक, आदिवासी जनजाती गाऊँ महासंघका संयोजक सोमराज लिम्बु, अपाँग समन्वय समितिका संयोजक यज्ञबहादुर तामाङ्ग, वडा नागरीक मञ्चहरुका संयोजकहरु, उपभोक्ता समितिहरुका प्रतिनिधिहरु, पत्रकार लगायतको सहभागिता रहेको छ । कार्यक्रमले गाविसस्तरमा हुने सार्वजनिक सुनुवाई कार्यक्रमलाई सर्वसाधारणको सहभागितमा सफलतापुर्वक सम्पन्न गर्न आवश्यक सबै खाले सहयोग गर्ने र वडा नागरीक मञ्चहरुमार्फत प्रचारप्रसारमा सहयोग पुर्याउने निर्णय समेत भएको छ । कार्यक्रममा निम्न अनुसार सहभागिता भएको छ :

| क्र.सं. | **अभिमुखीकरण कार्यक्रमको उपस्थिति विवरण** | | | |
|---|---|---|---|---|
| | विवरण | महिला | पुरुष | जम्मा |
| १ | दलित | २ | ३ | ५ |
| २ | जनजाती | १ | ९ | १० |
| ३ | मधेषी | ० | १ | १ |
| ४ | अन्य | १ | १९ | २० |
| **कुल सहभागी** | | ४ | ३२ | ३६ |

## २.२ सेवाग्राही बहिगमन सर्वेक्षणको नतिजा

सेवाग्राही बहिर्गमन सर्वेक्षणको सहभागीहरुको विवरण :

| **गाविस** | **लिँग** | | | **जातजाती** | | | |
|---|---|---|---|---|---|---|---|
| | **महिला** | **पुरुष** | **जम्मा** | **दलित** | **जनजाती** | **अन्य** | **जम्मा** |
| **तेलिया गाविस** | १७ | ४३ | ६० | १५ | ११ | ३४ | ६० |

तेलिया गाविसमा सेवाग्राही बहिर्गमन सर्वेक्षणमा १७ महिला, ४३ पुरुषसंग कुराकानी गरिएको थियो जसमा १५ जना दलित, ११ जना जनजाती र ३४ जना अन्य समुदायको सेवाग्राहीहरुसंग कुराकानी भएको थियो ।

**सेवाग्राही बहिर्गमन सर्वेक्षणमा उत्तरदाताबाट प्राप्त प्रतिक्रियाको नतिजा :**

| क्र. सं. | विवरण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| ०१ | सेवाग्राही सेवा प्रदायक निकायमा आउनुको उद्धेश्य? | | |
| | सिफारिस लिनको लागि | २६ | ४३.३३ |
| | पञ्जिकरणको कार्य गर्न | १० | १६.६७ |
| | तिरो तिर्न | १५ | २५.०० |
| | योजनासम्बन्धी कार्यको लागि | २ | ३.३३ |
| | भत्ता प्राप्त गर्न | ७ | ११.६७ |
| | **जम्मा** | ६० | १००.०० |
| ०२ | सेवा प्रदायक निकायमा सेवाग्राहीको कामको प्रगति - काम भयो की भएन ? | | ०.०० |
| | भयो | ५८ | ९६.६७ |
| | भएन | २ | ३.३३ |
| | **जम्मा** | ६० | १००.०० |
| ०३ | गाविसको कार्यालय जाँदा नागरीक वडापत्र हेर्नुहुन्छ, थाहा छ? | | ०.०० |
| | हेर्छु, थाहा छ | २ | ३.३३ |
| | थाहा छैन | ५८ | ९६.६७ |
| | **जम्मा** | ६० | १००.०० |
| ०४ | सेवाप्रदायक निकायका पदाधिकारीहरुबाट सो सेवा सम्बन्धी सुझाव प्राप्त भयो ? | | ०.०० |
| | भयो | ३२ | ५३.३३ |
| | भएन | २८ | ४६.६७ |
| | **जम्मा** | ६० | १००.०० |
| ०५ | गाविसमा हुने बजेटबारे जानकारी हुन्छ कि हुन्न ? | | ०.०० |
| | हुन्छ | २० | ३३.३३ |
| | हुन्दैन | ४० | ६६.६७ |
| | **जम्मा** | ६० | १००.०० |
| ०६ | सेवाग्राहीको अपेक्षा वा सन्तुष्टि कस्तो भयो ? | | ०.०० |
| | सन्तुष्ट | ५७ | ९५.०० |
| | असन्तुष्ट | ३ | ५.०० |
| | **जम्मा** | ६० | १००.०० |

**सेवाग्राही बहिर्गमन सर्वेक्षणबाट प्राप्त गुनासा, सुझावहरु :**

**गाविससंग सम्बन्धित**

१. गाविस सचिव गाविसमा नै बस्ने व्यवस्था हुनुपर्ने, कार्यालय नियमित खुल्नु पर्ने, कर्मचारी १० बजेदेखि ४ बजेसम्म नियमित बस्नुपर्ने,

२. नागरीक वडापत्र गाविस परिसरमा अनिवार्य राख्नु पर्ने र वडा वडामा नागरीक वडापत्र वितरण गरिनुपर्ने ।

३. बजेट समयमा नै निकासा हुनुपर्ने, साथै योजनामा विनियोजित रकम समेत समयमा दिनुपर्ने ।

४. सेवाग्राहीको काम समयमा नै गरिदिनुपर्दछ । योजना सञ्चालन पछि दीगो बनाउने खालका कार्यक्रमहरु राखिनुपर्दछ । अनुदान बजेट बढेर आउनु पर्दछ ।

५. गाऊँ परिषद्को सुचना सबैलाई हुनुपर्दछ । गाविसका सबै गतिविधिहरु जनतालाई थाहा हुनुपर्ने । गाविसका कामकारवाही पारदर्शी हुनुपर्ने । गाविसमा आउने बजेटकोबारेमा सर्बसाधारण सबैलाई जानकारी हुनुपर्ने ।

६. आवश्यकताका आधारमा प्राथमिकता क्रम तोकेर योजनाहरु बाँडफाँड गर्नु पर्नेछ ।

७. राजनीतिक दलको दवावमा परेर काम गर्नुपर्ने अवस्था हटाउनु पर्दछ ।

८. वडा नं. ६ मा खानेपानीको अधिक समस्या भएकोले प्राथमिकता दिई बजेट विनियोजन गरी काम गरिदिनुपर्छ ।

## २.३ नागरीक प्रतिवेदन पत्र सर्वेक्षणको नतिजा

**नागरीक प्रतिवेदन पत्र सर्वेक्षणको सहभागीहरुको विवरण :**

| गाविस | लिँग | | | जातजाती | | | |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | दलित | जनजाती | अन्य | जम्मा |
| तेलिया | २२ | ३८ | ६० | १२ | २६ | २२ | ६० |

नागरीक प्रतिवेदन पत्र सर्वेक्षणमा २२ जना महिला र ३८ जना पुरुषसंग कुराकानी गरिएको थियो जसमा १२ जना दलित, २ट जना जनजाती र २२ जना अन्य समुदायका सेवाग्राहीहरु रहेका थिए ।

**नागरीक प्रतिवेदन पत्र सर्वेक्षणबाट प्राप्त गुनासा, सुझावहरु :**

१. कर्मचारी नियमित उपस्थित भएर सहज ढँगबाट सेवा प्रदान गर्नुपर्ने ।
२. कार्यालय व्यवस्थित गरिनुपर्ने । नागरीक वडापत्रलाई व्यवस्थित राख्नुपर्ने ।
३. गाविसबाटै नागरीकता प्राप्त हुने व्यवस्था गरिनुपर्ने ।
४. आवश्यकता पहिचान गरी बजेट विनियोजन गरिनुपर्ने ।
५. जननिर्वाचित पदाधिकारी हुनुपर्ने ।
६. चेतनामुलक कार्यक्रमहरु गरेर सशक्तिकरण गर्नुपर्ने ।
७. लक्षित वर्गको बजेट सही ढँगबाट विनियोजन गरेर वास्तविक शीर्षकमा नै खर्च गरिनुपर्ने ।
८. गाविसको सबै प्रकारको बैठकहरुमा उपस्थित हुँदा र कार्यक्रम सञ्चालन गर्दा समयको पालना गरिनुपर्ने ।
९. समयमा बजेट निकासा गर्नुपर्ने ।
१०. गाविसको कार्यालयको कम्पाउण्ड तारबेरा गरिनुपर्ने ।
११. बजेट विनियोजनमा पारदर्शीता हुनुपर्ने ।
१२. योजना तथा कार्यक्रमहरुको अनुगमन तथा मुल्याँकन अनिवार्य गर्नुपर्दछ ।

## नागरीक प्रतिवेदन पत्र सर्वेक्षणबाट प्राप्त प्रतिक्रियाहरुको नतिजा :

| क्र. सं. | विवरण | उत्तरदाता संख्या | प्रतिशत | क्र. सं. | विवरण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| ०१ | सेवाग्राही सेवा प्रदायक निकायमा आउनुको उद्धेश्य के थियो ? | | | ०७ | उत्तरदाताको संस्थागत जिम्मेवारी के हो ? | | |
| | सिफारिस लिनको लागि | १५ | २५ | | वडा नागरीक मञ्च | १५ | २५।०० |
| | पञ्जिकरणको कार्य गर्न | ३१ | ५२ | | महिला सञ्जाल | ५ | ८।३३ |
| | तिरो तिर्न | ६ | १० | | दलित सञ्जाल | ४ | ६।६७ |
| | योजना माग गर्न | ५ | ८।३ | | उपभोक्ता समिति | ११ | १८।३३ |
| | सामाजिक सुरक्षा भत्ता लिन | ३ | ५ | | जनजाती महासंघ | ७ | ११।६७ |
| | **जम्मा** | ६० | १०० | | नागरीक सचेतनाकेन्द्र | ४ | ६।६७ |
| ०२ | सेवा प्रदायक निकायमा सेवाग्राहीको कामको प्रगति -काम भयो की भएन ? | | | | अपाँग समन्वय समिति | १ | १।६७ |
| | भयो | ६० | १०० | | विद्यालयको प्रतिनिधि | १ | १।६७ |
| | भएन | ० | ० | | कृषि समन्वय समिति | २ | ३।३३ |
| | **जम्मा** | ६० | १०० | | सामुदायिक वन उपभोक्ता समीति | १ | १।६७ |
| ०३ | गाविसको कार्यालय जाँदा नागरीक वडापत्र हेर्नुहुन्छ, थाहा छ? | | | | बालबालिकाका समन्वय समिति | २ | ३।३३ |
| | हेर्छु, थाहा छ | ३२ | ५३ | | अन्य | ७ | ११।६७ |
| | थाहा छैन | २८ | ४७ | | **जम्मा** | ६० | १००।०० |
| | **जम्मा** | ६० | १०० | ०८ | उत्तरदाताको पदीय जिम्मेवारी के हो ? | | |
| ०४ | गाविसको योजना निर्माण प्रक्रियामा तपाई सहभागी हुनु भएको छ? | | | | अध्यक्ष | ५ | ८।३३ |
| | भएको छु | ५२ | ८७ | | उपाध्यक्ष वा सह संयोजक | २ | ३।३३ |
| | भएको छैन | ८ | १३ | | संयोजक | १० | १६।६७ |
| | **जम्मा** | ६० | १०० | | सचिव | २ | ३।३३ |
| ०५ | गाविसमा हुने बजेटबारे जानकारी हुन्छ कि हुन्न ? | | ० | | कोषाध्यक्ष | १ | १।६७ |
| | हुन्छ | ३८ | ६३ | | सदस्य | ३४ | ५६।६७ |
| | हुन्दैन | २२ | ३७ | | प्रधानाध्यापक | १ | १।६७ |
| | **जम्मा** | ६० | १०० | | अन्य | ५ | ८।३३ |
| ०६ | सेवाग्राहीको अपेक्षा वा सन्तुष्टि कस्तो भयो ? | | ० | | **जम्मा** | ६० | १००।०० |
| | सन्तुष्ट | ५४ | ९० | | | | |
| | असन्तुष्ट | ६ | १० | | | | |
| | **जम्मा** | ६० | १०० | | | | |

**२.४ सवाल पहिचान बैठक**

आगामी जेठ १९ गते सार्बजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्न सवालहरुको टुँगो लगाउँदै वेलहारा गाविसमा गत विहिवार सर्वपक्षीय सवाल पहिचान बैठक सम्पन्न भएको छ ।

स्थानीय शासन उत्तरदायी संयन्त्र विराटनगरको सहयोगमा जनहित असलशासन क्लब, कुरुले तेनुपा धनकुटाले आयोजना गर्न लागेको सार्वजनिक सुनुवाई कार्यक्रममा कुन कुन विषयवस्तुहरुमाथि छलफल गर्ने भन्ने सवालको टुँगो तेलिया गाविसको लागि जेठ ३ गते बसेको बैठकमा लागेको हो । क्लबले एक महिना अवधिसम्म गाविसको कार्यालय परिसरमा सेवाग्राही बहिर्गमन सर्वेक्षण र सबै वडाहरुमा नागरीक प्रतिवेदन पत्र सर्वेक्षण गरी १२० जना सेवाग्राहीहरुसंग सुझावहरु संकलन गरेको थियो । सो सर्वेक्षणबाट प्राप्त समस्या, गुनासाहरुलाई समेत समेटी राजनैतिक दल, नागरीक समाज, उपभौक्ता समितिका पदाधिकारी, वडा नागरीक मञ्चका संयोजकहरु सम्मिलित सरोकारवालाहरुको आज बसेको बैठकले विभिन्न १५ वटा विषयहरु सार्बजनिक सुनुवाई कार्यक्रममा छलफलको लागि लैजाने र सार्बजनिक सुनुवाई कार्यक्रममा सर्वसाधारण नागरीकहरुलाई समेत सहभागिता गराउने गरी प्रचारप्रसार गर्ने निर्णय समेत गरेको छ । ती सवालहरुमा गाविस अनुदान सञ्चालन कार्यविधि बमोजिम गाऊँ परिषद्बाट निर्णय भएका योजनाहरु कार्यान्वयनका अवस्था, गाऊँमा लक्षित वर्ग कार्यक्रमको प्रभावकारीता, सामाजिक परिचालनको अवस्था, उपभोक्ता समितिका रचनात्मक कार्य र समस्याहरु, बजेट विनियोजन प्रक्रिया, स्वास्थ्य संस्थासंग सम्बन्धित समस्याहरु लगायत सवालहरु रहेका छन् । बैठकमा ३९ जनाको सहभागिता रहेको थियो ।

गाविस सचिव रमेशकुमार गौतमको अध्यक्षतामा बैठक भएको थियो भने बैठकको सहजीकरण जनहित असल शासन क्लबका कार्यक्रम संयोजक नोदनाथ त्रिताल र सचिव हुकुमप्रसाद दाहालले संयुक्त रुपमा गर्नुभएको थियो । कार्यक्रममा निम्न अनुसार सहभागिता रहेको थियो :

| क्र.सं. | मिति २०७० जेठ ३ गते शुक्रवार तेलिया गाविस | | | |
|---|---|---|---|---|
| | विवरण | महिला | पुरुष | जम्मा |
| १ | दलित | ० | २ | २ |
| २ | जनजाती | २ | १२ | १४ |
| ३ | मधेषी | | | ० |
| ४ | अन्य | ४ | १९ | २३ |
| **कुल सहभागी** | | ६ | ३३ | ३९ |

**कार्यक्रमको लागि चयन गरिएका प्रमुख सवालहरु :**

१. गाविसको गाऊँ परिषद्का निर्णयहरुको कार्यान्वयनको हालसम्मको अवस्था ।
२. गाविसको नागरीक वडापत्र व्यवस्थित र गाऊँ पार्श्वचित्र प्रकाशन (हाते पुस्तिका, होर्डिङ्गबोर्ड)
३. गाविस अनुदान कार्यान्वयनमा लक्षित वर्ग कार्यक्रम (दलित, जनजाती, अपाँग, बालबालिका, महिला आदि) कार्यान्वयनको अवस्था, पेश्की बेरुजु फछ्र्यौट ।
४. सामाजिक परिचालनको उपलब्धी र राम्रा काम ।
५. उपभोक्ता समितिहरुको राम्रो पक्ष र सुधार गर्नुपर्ने पक्ष ।
६. गाविसको प्राविधिक सहायकको जिम्मेवारी र उपभोक्ताको जनगुनासो ।
७. गाविसमा बजेट आउने प्रक्रिया, उपभोक्तामा निकासा हुने र खर्च हुने प्रक्रिया, हालसम्मको बेरुजु (नियमित गर्नुपर्ने पेश्की बेरुजु वा असुल गर्नुपर्ने बेरुजु ?)
८. सामाजिक लेखा परीक्षण गर्ने, गाविसस्तरीय अनुगमन समिति गठन र क्रियाशीलता छ कि छैन ?
९. गाऊँ विकास समितिमा देखिएको समस्या : कार्यालयका समस्या ? कर्मचारीका समस्या ? नागरीकका समस्या ?
१०. समस्या समाधान गर्न कसले के गर्नुपर्दछ ? राज्यले ? गाविसले ? सेवाग्राहीले ?
११. साझा सार्बजनिक प्रतिबद्धताको घोषणा पत्रमा के के समावेश गर्ने ?
१२. तेलिया गाविसलाई चकमुक्त क्षेत्र, अँध्यारोमुक्त, प्लाष्टिकमुक्त र खुला दिशामुक्त क्षेत्र घोषणा गर्ने अभियान
१३. गाविसमा गुनासो पेटिका राख्ने । अन्य सरकारी कार्यालयसंग सेवाग्राहीका जनगुनासाहरु ।
१४. गाऊँ पार्श्वचित्र, आवधिक योजनाको लागि विनियोजित बजेट र त्यसको कार्यान्वयनको अवस्था ।

## २.५ सार्बजनिक सुनुवाई कार्यक्रम

गाऊँ विकास समितिको कार्यालय, तेलिया र जनहित असल शासन क्लब, कुरुले तेनुपा, धनकुटाले संयुक्त रुपमा तेलिया गाविसमा मिति २०७० जेठ १९ गते आइतवारका दिन आयोजना गरेको ***'तेलिया गाऊँ विकास समितिको सेवा प्रवाहको अवस्था'*** विषयक **सार्बजनिक सुनुवाई** कार्यक्रम सफलतापुर्वक सम्पन्न भएको छ ।

गाविस सचिव रमेशकुमार गौतम प्रमुख जवाफदेहि वक्ता रहनुभएको सो सार्वजनिक सुनुवाई कार्यक्रममा सामाजिक परिचालक शंकर ओझा, निवर्तमान गाविस अध्यक्ष चन्द्र चोङ्गवाङ्ग, सामुदायिक वन उपभोक्ता महासंघका अध्यक्ष शानबहादुर लिम्बु, निवर्तमान गाविस उपाध्यक्ष पहलमान शिवभक्ति, नेपाली काँग्रेसका सभापति गणेश नेपाली, नेकपा एमालेका अध्यक्ष सुरेशकुमार लिम्बु, एनेकपा माओवादीका सेक्रेटरी इश्वरी घिमिरे, संघीय लिम्बुवान राज्य परिषद्का अध्यक्ष तेजबहादुर लिम्बु, महिला सञ्जाल तेलियाका संयोजक टिना लिम्बु, जनजाती महासंघ गाऊँ समितिका अध्यक्ष सोमराज लिम्बु, अपाँग समन्वय समितिका अध्यक्ष यज्ञबहादुर तामाङ्ग, इलाका हुलाक कार्यालयका प्रतिनिधि गंगाबहादुर खड्का, उपस्वास्थ्य चौकीका इञ्चार्ज अहेव रामनारायण शाह, तिलेश्वर माविका प्रअ कुलबहादुर अधिकारी, नागरीक सचेतना केन्द्रकी संयोजक चण्डिका पराजुली, खानेपानी उपभोक्ता समितिका अध्यक्ष तोपबहादुर तामाङ्ग, सडक उपभोक्ता समितिका सदस्य छगिन्द्रप्रसाद पराजुली, उपस्वास्थ्य चौकी व्यवस्थापन समितिका सदस्य चन्द्रप्रसाद पराजुलीलगायतले जवाफदेहि वक्ता को भुमिका निर्वाह गर्नु भएको थियो । कार्यक्रमको निष्कर्शको रुपमा १३ बुँदे साझा सार्वजनिक प्रतिबद्धताको तेलिया घोषणा पत्र २०७० हस्ताक्षर गरी जारी गरिएको थियो । सो १३ बुँदे प्रतिबद्धताको घोषणा पत्रको प्रस्तावनामा निम्न बुँदाहरु उल्लेख छन् :

- *तेलिया गाविसका सेवाग्राहीहरुबाट सेवाग्राही बहिर्गमन सर्वेक्षण (Exit Poll) र नागरीक प्रतिवेदन पत्र (CRC) सर्वेक्षणमा प्राप्त सुझाव, सल्लाह र गुनासाहरुलाई मध्यनजर गर्दै,*
- *नागरीक वडापत्रको महत्व र सेवाग्राहीहरुको सुसुचित हुने आकाँक्षा र तेलिया गाविसमा हालसम्म गुनासो पेटिका नभएको तथा नागरीक वडापत्र च्यातिएको अवस्थालाई आत्मसात गर्दै,*
- *तेलिया गाविसको गाऊँ पार्श्वचित्र र आवधिक योजना निर्माण कार्य सम्पन्न नभएको यथार्थतालाई मनन् गर्दै,*
- *गाविसको गाऊँ परिषद्को निर्णयहरुको कार्यान्वियनको अवस्थालाई समिक्षा गर्दे,*
- *गाविसबाट सञ्चालित योजनाहरुका उपभोक्ता समितिहरु, लक्षित वर्ग महिला, दलित, जनजाती, अपाङ्ग, जेष्ठ नागरीक कार्यक्रम र वडा नागरीक मञ्चका संयोजकहरु समेतले स्थानीय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि-२०६९ बारे अभिमुखीकरण तालिम पाउनु पर्ने भनी राखेको चासोलाई ध्यानमा राख्दै,*
- *गाविसस्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति गठन भएर पनि अपेक्षाकृत क्रियाशील हुन नसकेको विगत आर्थिक वर्षहरुको अनुभवलाई स्मरण गर्दै,*
- *योजनाहरुको विवरण उल्लेख गरेर होर्डिङ्ग बोर्ड राख्नु पर्ने कार्यविधिमा भएको व्यवस्थालाई मध्यनजर गर्दै,*
- *लक्षित वर्गको लागि पुँजीगत तर्फको कम्तिमा ५०% बजेट अनिवार्य विनियोजन गरी कार्य गर्नुपर्ने विषयलाई मध्यनजर गर्दै,*

*त्यस्तै माथिको प्रस्तावनाको भावना र मर्मलाई आत्मसात गर्दै निम्न बुँदाहरुमा प्रतिबद्धता व्यक्त भएको छ :*

| *बुँदा नं.* | *प्रतिबद्धताको विषयवस्तु* | *जिम्मेवार व्यक्ति अर्थात निकाय* | *कार्यान्वियनको समय सिमा* |
|---|---|---|---|
| १ | गाविसको नागरीक वडापत्र च्यातिएको अवस्थामा भएकोले नयाँ वडापत्र | *गाविसको कार्यालय* | *१ महिना भित्र* |

| बुँदा नं. | प्रतिबद्धताको विषयवस्तु | जिम्मेवार व्यक्ति अर्थात निकाय | कार्यान्वियनको समय सिमा |
|---|---|---|---|
| | प्रकाशन गरी कार्यालय परिसरमा टाँस गर्ने र कार्यालय परिसरमा सुचना पाटी र गुनासो पेटिका बनाएर राख्ने । | | |
| २ | गाऊँ विकास समितिको कार्यालय परिसरमा राखिएको नागरीक वडापत्रलाई हाते पुस्तिकाको रुपमा प्रकाशन गरी वडा नागरीक मञ्चहरु, उपभोक्ता समिति, सञ्जालहरु मार्फत सर्वसाधारणको घरदैलोमा पुऱ्याउने अभियान सञ्चालन गर्ने, | गाविस, राजनैतिक दल, वडा नागरीक मञ्च, उपभोक्ता समिति आदि । | ३ महिनाभित्र |
| ३ | गाविसको पार्श्वचित्र निर्माणार्थ ACDC, धनकुटाको नाममा पेश्की रकम निकासा भइसकेको तर हालसम्म गाऊँ पार्श्वचित्र कार्यालयमा प्राप्त नभएको हुँदा तत्काल पार्श्वचित्र प्राप्त गर्न लिखित अनुरोध गर्ने | गाऊँ विकास समितिको कार्यालय | असार मसान्तसम्ममा |
| ४ | योजनाहरुका उपभोक्ता समितिहरु, लक्षित वर्ग र क्षेत्रका महिला, दलित, जनजाती, अपाङ्ग प्रतिनिधिहरु, दलका पदाधिकारीहरु तथा वडा नागरीक मञ्चका संयोजकहरु समेतलाई **स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि-२०६९** का प्रावधानहरुबारे अभिमुखीकरण कार्यक्रम गर्ने, | गाविसको कार्यालय | आगामी ३ महिनाभित्र |
| ५ | उपभोक्ता समितिहरुको नियमित आमभेला र दर्ता नविकरण गर्ने, जनलेखापरीक्षणलाई निरन्तरता दिने, कार्यविधि बमोजिम २ लाख बढीका योजनाहरुमा योजनास्थलमा होर्डिङ्ग बोर्ड राख्ने व्यवस्थालाई अनिवार्य कार्यान्वयन गर्न गराउने, | गाविस र उपभोक्ता समितिहरु | असार मसान्तसम्ममा |
| ६ | गाविसबाट सञ्चालित लक्षित वर्ग कार्यक्रमको लागि विनियोजित पुँजीगत तर्फको कम्तिमा ५०% बजेटले लक्षित वर्ग र क्षेत्रलाई नै सहभागिता गराई सशक्तिकरण गर्ने गरी सीपमुलक, आयमुलक र व्यवसायमुलक कार्यक्रम सञ्चालनको लागि एकीकृत योजना तर्जुमा बैठकबाट प्राथमिकता दिने कार्यलाई निरन्तरता दिने, | वडा नागरीक मञ्च, एकीकृत योजना तर्जुमा समिति, गाऊँ परिषद् | आगामी गाऊँ परिषद्सम्ममा |
| ७ | गाविसबाट गत गाऊँ परिषद्मा गठन भएको योजना सुपरीवेक्षण तथा अनुगमन समितिलाई पुनर्गठन गरी आमन्त्रित सदस्यहरु समेत थप गरेर गाविसस्तरमा सञ्चालित योजनाहरुको स्थलगत अनुगमन र निरीक्षण मुल्याँकनको कार्यलाई निरन्तरता दिने, | गाविस र सम्पुर्ण उपभोक्ता समितिहरु | आगामी असार मसान्तसम्म |
| ८ | गाविसबाट चालु आर्थिक वर्षका कार्यक्रमहरुको सञ्चालन आषाढ मसान्तसम्म अनिवार्य सक्न सम्पुर्ण उपभोक्ता समितिहरु, वडा नागरीक मञ्च, राजनीतिक दलका पदाधिकारीहरु समेतले अनुगमन गरी आवश्यक | गाविस र अनुगमन समिति | आगामी गाऊँ परिषद्सम्ममा |

| बुँदा नं. | प्रतिबद्धताको विषयवस्तु | जिम्मेवार व्यक्ति अर्थात निकाय | कार्यान्वयनको समय सिमा |
|---|---|---|---|
| | कार्य गर्ने, | | |
| ९ | राजनैतिक दलका पदाधिकारीहरु, शिक्षक, कर्मचारीहरु उपभोक्ता समितिमा रहन नपाउने र दोहोरो उपभोक्ता समितिमा बस्न नपाउने व्यवस्थालाई पुर्णरुपले कार्यान्वयन गर्ने, | *गाविस, दल र सम्पुर्ण विद्यालयका प्रअ एवं व्यवस्थापन समितिहरु* | *आगामी ७ महिना भित्र* |
| १० | तेलिया गाविसभित्र रहेका सम्पुर्ण सामुदायिक विद्यालयहरुमा बालबालिकालाई प्रत्यक्ष फाइदा पुग्ने गरी गाविसबाट बालबालिका शीर्षकमा विनियोजन हुने १०% बजेटभित्र 'वाइटबोर्ड अभियान कार्यक्रम' समावेश गरी कालोपाटी र चक विस्थापित गरेर गाविसलाई 'कालोपाटीरहित चकमुक्त क्षेत्र' घोषणा गर्ने अभियानको शुरुवात गर्ने, | *विद्यालयका प्रअहरु र गाविस सचिव, सामाजिक परिचालक* | *आगामी गाऊँपरिषद्सम्म* |
| ११ | जिल्ला स्वास्थ्य कार्यालय, धनकुटाबाट उपस्वास्थ्य चौकीमा आउने औषधीहरुको म्याद नाघेको वा दुई महिनाजति मात्र बाँकी रहेको अवस्था भेटिने हुँदा गाऊँमा औषधी अभाव भइरहने गरेकोले त्यस्तो औषधी नपठाउन सम्बन्धित निकायलाई ध्यानाकर्षण गराउने, | स्वास्थ्य व्यवस्थापन समिति र इन्चार्ज | *आगामी १ महिनाभित्र* |
| १२ | इलाका हुलाक कार्यालय, तेलियामा दरबन्दीअनुसारका कर्मचारीहरु नभएको हुँदा सम्बन्धित जिल्ला कार्यालयलाई कर्मचारीको व्यवस्थाका लागि अनुरोध गर्ने, | *निमित्त प्रमुख, इलाका हुलाक, तेलिया* | *आगामी १ महिनाभित्र* |
| १३ | गाऊँ विकास समितिले आगामी आर्थिक वर्षदेखि गाऊँ परिषद् सम्पन्न भएको एक महिनाभित्र परिषद्बाट भएका निर्णयहरु सार्बजनिक गर्न र आम नागरीकहरुलाई सुसुचित गराउँदै पृष्ठपोषण लिन वर्षको एक पटक अनिवार्य सार्बजनिक सुनुवाई कार्यक्रम आयोजना गर्ने, गाऊँ परिषद्को निर्णय प्रतिलिपी गाविस परिसरको सुचना पाटीमा टाँस गर्ने, | *गाविस सचिव* | *आगामी गाऊँ परिषद्पश्चात* |

उल्लेखित साझा सार्बजनिक प्रतिबद्धता पत्रमा हस्ताक्षर गर्ने जवाफदेही वक्ताहरुमा गाविस सचिव रमेशकुमार गौतम, सामाजिक परिचालक शंकरओझा, निवर्तमान गाविस अध्यक्ष चन्द्र चोङ्वाङ्ग, सामुदायिक वन उपभोक्ता महासंघका अध्यक्ष शानबहादुर लिम्बु, निवर्तमान गाविस उपाध्यक्ष पहलमान शिवभक्ति, नेपाली काँग्रेसका सभापति गणेश नेपाली, नेकपा एमालेका अध्यक्ष सुरेशकुमार लिम्बु, एनेकपा माओवादीका सेक्रेटरी इश्वरी घिमिरे, संघीय लिम्बुवान राज्य परिषद्का अध्यक्ष तेजबहादुर लिम्बु, महिला सञ्जाल तेलियाका संयोजक टिना लिम्बु, जनजाती महासंघ गाऊँ समितिका अध्यक्ष सोमराज लिम्बु, अपाँग समन्वय समितिका अध्यक्ष यज्ञबहादुर तामाङ्ग, इलाका हुलाक कार्यालयका प्रतिनिधि गंगाबहादुर खड्का, उपस्वास्थ्य चौकीका इन्चार्ज अहेव रामनारायण शाह, तिलेश्वर माविका प्रअ कुलबहादुर अधिकारी, नागरीक सचेतना

केन्द्रकी संयोजक चण्डिका पराजुली, खानेपानी उपभोक्ता समितिका अध्यक्ष तोपबहादुर तामाङ्ग, सडक उपभोक्ता समितिका सदस्य छगिन्द्रप्रसाद पराजुली, उपस्वास्थ्य चौकी व्यवस्थापन समितिका सदस्य चन्द्रप्रसाद पराजुलीलगायतले हस्ताक्षर गर्नुभएको छ ।

कार्यक्रमलाई तीन खण्डमा सञ्चालन गरिएको थियो । सार्वजनिक सुनुवाई कार्यक्रमको रेडियो लाली गुराँस १०५.२ मेगाहर्जमा कार्यक्रम स्थलबाट रेडियोका प्रतिनिधि टेकेन्द्र ओझाले प्रत्यक्ष प्रशारण गराउनु भएको थियो भने कान्तिपुर टेलिभिजन सम्वाददाता विनोद घिमिरेले छायाँकन गर्नुभएको थियो । तेलिया गाविसको कार्यालय नजिकै बर चौतारीमा खुला स्थलमा आयोजित सो सार्बजनिक सुनुवाई कार्यक्रमको आचारसंहिता अनुमोदन गराई औचित्य र उद्धेश्यमाथि जनहित असल शासन क्लबका सचिव हुकुमप्रसाद दाहालले प्रकाश पार्नुभएको थियो भने कार्यक्रमको सहजीकरण संस्थाका कार्यक्रम संयोजक नोदनाथ त्रितालले गर्नुभएको थियो ।

कार्यक्रमको दोहोरो सम्वाद कार्यक्रमको विस्तृत विवरण निम्न अनुसार रहेको छ :

कार्यक्रमको दोहोरो सम्वादको प्रश्न उत्तर कार्यक्रममा कस कसले के के जिज्ञाषा एवं प्रश्नहरु राख्नु भयो र कस्तो जवाफ प्राप्त भयो भन्नेबारे विस्तृत विवरण निम्न अनुसार रहेको छ :

| क्र.सं. | प्रश्नकर्ताको नाम ठेगाना | सोधिएको प्रश्न | जवाफकर्ताको नाम | जवाफ दिएको विवरण |
|---|---|---|---|---|
| १ | भोला घिमिरे, तेलिया ६, धनकुटा | तेलियामा जेष्ठ नागरीक सम्मान कार्यक्रम के के भए ? बजेट नभएर हो की केहि नभएको ? जेष्ठ नागरीक सम्मान कार्यक्रम ताँखुवा गाविसमा चाहिँ हुन्छ, तेलियामा किन केही नभएको हो ? सचिव सरलाई मेरो जिज्ञाषा हो यो । | गाविस सचिव रमेशकुमार गौतम | गत फागुन महिनामा मेरो नै प्रमुख आतिथ्यतामा जेष्ठ नागरीक सम्मान कार्यक्रम भएको हो । १६५ जनालाई दोसल्ला र प्रमाण पत्र दिएर सम्मान गरिएको छ । जेष्ठ नागरीकका लागि बजेट पनि विनियोजन हुने गरको छ र कायृक्रम पनि हुने गरेको छ । त्यो कार्यक्रम भएको बेला तपाईं हुनुहुन्नथ्यो होला । प्रश्न राख्नु भएकोमा धन्यवाद । |
| २ | लोकमणी घिमिरे, शिक्षक, तेलिया प्रावि, | गाविसको रकम धेरै पेश्कीका रुपमा बाँकी रहेको प्रतिवेदनमा सुनियो । यसरी किन पेश्की धेरैलामो समयदेखि रहेको हो ? किन पेश्की फछ्र्यौट भएन ? गाविसले पहल नगरेर हो की ? | गाविस सचिव रमेशकुमार गौतम | यसमा गाविसको पेश्की रकमको भोलम बढिरहेको सत्य हो । हामीले पेश्की फछ्र्यौटका लागि बारम्बार सम्बन्धित पक्षलाई मौखिक रुपले जानकारी गराइरहेका छौं । कतिपयले काम गरेता पनि बीलभरपाई र कागजात नबुझाएर पेश्की फछ्र्यौट हुन सकेको छैन । अब लिखित रुपमा नै जानकारी गराएर पेश्की फछ्र्यौटको लागि पहल गरिनेछ । |
| ३ | प्रतिप्रश्न | तपाईंको नाममा खानेपानी मर्मत शीर्षकमा १लाख ९० हजार र जेष्ठ नागरीक सम्मान कार्यक्रममा २५ हजार पेश्की देखियो ? किन फछ्र्यौट नभएको हो ? | चन्द्र चोङ्गवाङ्ग, अध्यक्ष, खानेपानी उपभोक्ता समिति | खानेपानीको लागि भनेर लगेको रकम मुहान खरिदमा खर्च भयो । जग्गा खरिदको बीलभरपाई नभएको र मुहानको जग्गा समेत सामुदायिक वनको नाममा पास भएकोले फछ्र्यौट गर्न समस्या भएको हो । किर्ते गर्न मन नलागेर यो फछ्र्यौट हुन सकेको छैन । यसलाई कसरी फछ्र्यौट गर्ने भनेर गाविसमा बैठकमा छलफल गरी छिटै फछ्र्यौट गर्नेछु । जेष्ठ नागरीक सम्मान कार्यक्रमको चाँही १५ दिनमा फछ्र्यौट गर्नेछु । |
| ४ | प्रतिप्रश्न | दलित सशक्तिकरण कार्यक्रमको आ.व. ०६५।६६ को ५० हजार रकम बेरुजु रहेको देखियो । | भोजबहादुर वि.क., तत्कालिन सचिव | मैंले गाविसबाट दिएको रकम निकालेर दलित सञ्जालको बैंक खातामा जम्मा गरेको छ । त्यसको बैंक भौचर नै छ । असार मसान्तमा पैसा निकालेर खातामा हालिदिएको छु । घनेन्द्र विक र युरमान विकको नाममा रहेको खातामा पैसा गएको हो । साथीहरुले कार्यक्रम गरी खर्च गरेर सिलाई कटाईको काम भएको छ । के भएको हो त्यो बुझ्नौंला ।<br>युरमान विकः त्यो हामीलाई थाहा छैन । सिलाई कटाई गरेर खर्च गरिसकेको छ । उहाँले भन्नु भएको कुरा झुटा हो ।<br>सचिव : अघिल्लो सचिवको पालामा भएको हो । उहाँलाई पटक पटक मौखिक रुपमा भनेको, सक्कलै भौचर श्रेष्तामा राखेकोले प्रमाण चाहिँ सुरक्षित छ । |
| ५ | प्रतिप्रश्न | महिला जनजागृती सशक्तिकरण कार्यक्रमको पेश्की किन आ.व. ०६८।६९ देखि फछ्र्यौट भएको छैन ? | टीना लिम्बु, अध्यक्ष, महिला सञ्जाल | टीना : पहिलो आर्थिक वर्षको कटिँग कार्यक्रममा तलब दिएको रकमबाट ४९५०० बाट ३५००० बाट कटिँग गर्नेलाई दिऔं । बीलभरपाई बुझाई सकेको छ ।<br>सचिव : सहजकर्ता पारिश्रमिक कर नतिरेकोले भुक्तानी रोकिएको हो । ५४०० करकटी गरेको भौचर आउने बित्तिकै त्यो फछ्र्यौट हुन्छ । |
| ६ | केदारनाथ | तेलियामा खुला दिसामुक्त अभियान के हुँदैछ ? थोरै रकमले | कुलबहादुर | खुला दिशामुक्त अभियान जारी छ गाऊँमा । विद्यालयको हकमा शौचालय |

| | | | | |
|---|---|---|---|---|
| | श्रेष्ठ, वडा नागरीक मञ्च संयोजक | धेरै काम गर्नुपर्ने देखिन्छ । कसरी काम भइरहेको छ ? तिलेश्वर माविमा शौचालयको अभावले हो कि विद्यार्थीहरु बाहिर दिसापिसाब गर्न बाध्य छन् । स्कुल नै त्यस्तो भएपछि गाऊँमा अभियान चलाएर के काम ? | अधिकारी, प्रअ, तिलेश्वर मावि | नभएर होइन, पानीको अभावमा प्रयोगविहिन भएका हुन् । खानेपानी अध्यक्ष ज्युले पानी दैनिक नियमित गरिदिने प्रतिबद्धता गर्नु भए शौचालय प्रयोगमा ल्याउन सकिन्छ । **चन्द्र चोङ्वाङ:** विद्यालयको लागि आवश्यकता अनुसार पानी पठाउने प्रतिबद्धता व्यक्त गर्दछु । |
| ७ | प्रतिप्रश्न | एसिडिसी नेपालको नाममा आर्थिक वर्ष ६६।६७ मा १ लाख २ हजार पेश्की के भइरहेको छ ? भन्ने कुरामा यहाँलाई सम्पर्क गर्न खोजेको हो । | खिन्द्र अधिकारी | जेष्ठ मसान्तसम्म तेलिया गाविसले गाऊँ पार्श्वचित्र पाउने । पुस्तक तयार छ, जेठ भित्रमा पुस्तक सहित बीलभरपाई ल्याएर फछ्र्यौट गर्ने प्रतिबद्धता । |
| ८ | प्रतिप्रश्न | दलित समन्वय समितिको सशक्तिकरण ६७।६८ मा २०हजार पेश्की देखियो नि ? | युरमान विक, संयोजक | त्यो बजेटले कम्प्युटर किनेकोमा भ्याट बिल नल्याएकोले हो । भ्याट बिल थिएन, त्यो कारणले रोकिएको हो । एकदम चाँडै २० दिनभित्र अर्थात असार पहिलो साताभित्र फछ्र्यौट गर्ने प्रतिबद्धता व्यक्त गर्दछु । |
| ९ | प्रतिप्रश्न | महिला भवन निर्माण तेलिया ४ को ६२ हजार को पेश्की किन फछ्र्यौट नभएको हो अहिलेसम्म ? | टीना लिम्बु, अध्यक्ष, महिला | भवनको मुल्याँकन नभएकोले बीलभरपाई बुझाउँदा पनि फर्छ्यौट हुन नसकेको हो ।भवन बनिसकेको छ, प्राविधिकले हेर्ने बित्तिकै मुल्याँकन भएर त्यो फछ्र्यौट हुन्छ । |
| १० | प्रतिप्रश्न | अपाँग लक्षित कार्यक्रम को २० हजार पेश्की किन फछ्र्यौट हुन सक्ला ? | यज्ञबहादुर लिम्बु, | बीलभरपाई घरमा छ, त्यो ल्याउने बित्तिकै फछ्र्यौट गराउने छु । एक हप्ता भित्र त्यो काम गर्दछु । |
| ११ | प्रतिप्रश्न | जेष्ठ नागरीक सम्मान कायृक्रमको ५५ हजार पेश्की किन फछ्र्यौट भएन ? | पहलमान शिवभक्ती | कार्यक्रम भएको छ । अध्यक्ष विदेश जानुभएकोले खातापाता होला, त्यो हेरेर १०।१२ दिनमा बैठक बसेर फछ्र्यौट गर्ने प्रतिबद्धता गर्दछु। |
| १२ | प्रति प्रश्न | सिडिएमए फोन खरिदको लागि लिइएको १० हजार किन फछ्र्यौट भएन ? | रामबहादुर अधिकारी, कार्यालय कर्मचारी | २०६६ सालमा लेखनाथ आचार्य सचिव सरले र मैले पेश्की निकालेको हो । २ महिनाका लागि सापटी लिएर सचिव सरले लैजानु भएको हो । उहाँ त्यो लिएर जानु भो । उहाँले मलाई झुक्याउनु भयो । मेरो नाममा पेश्की नरहोस् भन्नको लागि मैंले तिर्न सक्नु पर्दछ ।<br>सचिव :उहाँको दायित्व हो । तलबबाट भए पनि काटेर फछ्र्यौट गर्नेछु । |
| १३ | सञ्चालकबाट जिज्ञाषा | गाविसमा नागरीक वडापत्रको अवस्था कस्तो छ ? सुचना पार्टी र उजुरी पेटिकाको राखिएको छ कि छैन ? | गाविस सचिव | नागरीक वडापत्र आठ दश दिनमा नयाँ आउँछ र गुनासो पेटिका र सुचना पाटी हामी तुरुन्त राख्छौं । |
| १४ | युरमान विक | उपभोक्ता सहकारीको बारेमा सोध्दा माओवादीले ल्याएको माओवादीले मात्र चलाउन पाउने भन्ने सुनियो । म पनि बस्छु सञ्चालन गर्छु भन्दा तँ माओवादी भएमात्र पाउँछस् भन्ने कुरा गरियो । अहिले उपभोक्ता सहकारीको लागि सरकारबाट आएको १ लाख रुपैया अनुदान कहाँ के भइरहेको छ? यो सहकारीको अध्यक्ष ज्युलाई मेरो प्रश्न । हामीले किन मल पाउन सकिरहेका छैनौं ? त्यो सहकारीमा माओवादी मात्र हुनु पर्ने भन्ने कुरा आएको थियो, यो के हो यथार्थ ? | यज्ञबहादुर तामाँग, अध्यक्ष, उपभोक्ता सहकारी संस्था | २५ सदस्यीय गठन गरेको हो । त्यसमा सबै पार्टीको मान्छे राखिएको छ । पुस देखि भदौसम्म तेलियामा ल्याइयो ।<br>सहकारीमा आएको १ लाख अनुदान भनेकोमा ७४ हजार मात्र सहकारीमा आइपुग्यो । सहकारीमा मल सामान बेचेर ३५ हजार नाफा गरी १ लाख ९ हजार भएको थियो । त्यो व्यवस्थापकसंग हरहिसाब छ । उहाँ आज आउन सक्नु भएन । पसल अहिले बन्द छ । के कति हिसाब खोज्ने बाँकी नै छ । |
| १५ | वीरेन्द्र | जनताका लागि खुलेको सहकारी यसरी बेपत्ता हुन्छन् भने | यज्ञबहादुर | अब हामी यसको खोजी गर्छौं। हिसाबकिताब हरु खोजि गरेर यसलाई |

| | | | | |
|---|---|---|---|---|
| | सुब्बा | तिनिहरुलाई कसले कारवाही गर्ने ? सहकारीले पाउने भनेर व्यापारीलाई मल बेच्न दिएको छैन तर सहकारी नै मल नबेच्ने हराउने भए व्यापारीले मल बेच्न पाउनु पर्दछ । सहकारीको नाममा आएको मल गाऊँमा ल्याएर सर्वसाधारण जनतालाई सहुलियतमा बेच्नु पर्नेमा गाऊँ मै नल्याई जोरपाटी बजारमा नै व्यापारीलाई बेचेको हो कि होइन ? किसानलाई मल दिन किन सक्नु भएन ? हामी जनता उठाएर आयौं भने सहकारीले के गर्छ ? यस्तो सहकारी हामीलाई चाहिँदैन, सहकारी बन्द गर्नुहोस् । | तामाँग, | सञ्चालनमा जोड दिन्छौं ।<br>व्यवस्थापकलाई म कराउने काम गर्छु । म उहाँलाई आएपछि यो कुरा राख्छु । सरकारबाट पाउने सेवा सुविधाबाट किन वञ्चित हुनु । आगामी आषाढ श्रावणसम्ममा साधारण सभा गर्न प्रयत्न गर्नेछु ।<br>व्यवस्थापकले मल जोरपाटीमा बेचेको रहेछ भने हामी सबै मिलेर कडाई गरौंला । म व्यवस्थापक आएपछि यस विषयमा गम्भीर रुपमा कुरा राख्ने छु । तेलिया गाऊँबासीलाई मल हुनुपर्दछ भन्नेमा म पनि सहमत छु । |
| १६ | सुरेन्द्र ओझा, वडा नागरीक मञ्च संयोजक | त्यो मल बेच्दा सहकारी बोर्डले गड्यौले मल भिराउने काम भएको छ । किसानलाई युरीया मल दिन्छौं भनेर प्रति बोरा २ केजी गडौंले मल भिराउने काम भएको छ । ताँखुवाको कृषि सहकारीमा त्यस्तो छ । अबदेखि त्यसो नहोस् । यो सुझाव दिन चाहन्छु । | यज्ञबहादुर तामाँग | यो कृषि सामग्री केन्द्र लिमिटेडको  बाध्यता हो  । |
| १७ | सञ्चालकको जिज्ञाषा | नागरीक वडापत्रलाई हाते पुस्तिकाको रुपमा वितरण गर्ने प्रतिबद्धता केहि गर्न सकिन्छ ? | गाविस सचिव | नागरीक वडापत्र भनेको कार्यालय परिसरमा राख्ने कुरा हो । यो अन्यत्र राख्नु पर्छ भन्ने कहिँ प्रचलन छैन । हाते पुस्तिकाको रुपमा सबैलाई वितरण गर्ने कुरा आगामी आर्थिक वर्षको लागि सोचौंला । त्यो गर्न सकिन्छ । |
| १८ | भोला घिमिरे | एक जना वीरेन्द्र लिम्बु मात्र बोलेको होइन । पार्टीको नाम गरेर जनतालाई सास्ती दिन पाइन्न । पार्टीको नाम गरेर सरकारको १ लाख रुपैया हिनामिना गर्न पाइन्न, ७ दिनभित्रमा स्पष्टिकरण दिनु पर्दछ । | यज्ञबहादुर तामाँग | यसको बारेमा म उपभोक्ता संस्थाको बैठकमा कुरा राख्छु । |
| १९ | डिकबहादुर गिरी | मल सबैले पाउनु पर्दछ । एक जना व्यक्तिले गर्दा सबै तेलियाबासीले समस्या भोग्नु हुँदैन । कुनै पार्टीले हस्तक्षेप गर्नु हुँदैन । | यज्ञबहादुर तामाँग | यो पार्टीको हस्तक्षेप होइन । सबै पार्टीको मान्छे छौं । तर हाम्रो हेराई बुझाई फरक परेको हो । |
| २० | प्रतिप्रश्न | उपभोक्ता सहकारीमा अनुदानमा आएको मल जोरपार्टीमा बेचिएको गुनासो आयो नि त । | इश्वरी घिमिरे, एनेकपा माओवादी | पार्टीको कुरा जोडिरहँदा मलाई पनि यसमा चासो भयो । हामीले गाविसबाट केहि रकम थपौं, सामुदायिक वनबाट केहि थपौं र यसलाई अगाडि बढाऔं भन्ने प्रस्ताव गरेका हौं । उहाँहरुले कसरी बुझिदिनुभो भने यो सहकारी भनेको माओवादीको हो, यसमा अरुले लगानी गर्नु हुँदैन भन्ने बुझाई भो । यही समस्या हो । यसको बारेमा खोजी गर्नु सबै मिलेर जाऔं ।  सहकारी सबैको हो, दुरुपयोग हुन दिनुहुँदैन  । |
| २१ | विनोद घिमिरे | गत वर्ष रासायनिक मल दिँदा भर्मिग कम्पोस मल राम्रो छ, किसानलाई प्रयोग गर्न सिकाउनु भनेर सरकारले नै दिएको थियो रे । भर्मिंग कम्पोस मल किन्नु भएन भने अर्को मल | छगेन्द्र प्रसाद पराजुली, | त्यसको साक्षी प्रमाण म पनि छु । म पनि मल लिन गएको थिएं । सरकारी रासायनिक मल किन्न जाँदा गड्यौले मल नकिने अर्को नदिने भनियो । २ बोरा किन्दा लगभग ३० केजी त्यो मल किन्नु पर्‍यो । यस्तो यो वर्ष देखि |

| | | | | |
|---|---|---|---|---|
| | | नदिने भन्ने कुरा पनि उठाउनु पर्छ । | उपभोक्ता | नहोस् । |
| २२ | सहभागी | आदिवासी जनजातीको लागि विनियोजित बजेट कहाँ के भइरहेको छ ? | सोमराज लिम्बु, अध्यक्ष, | बैठकमा उपस्थित हुन नै समस्या भइरहेको छ । बैठकमा नआउनेहरुले नै बजेटको बारेमा केहि थाहा छैन भन्नु हुन्छ । हामीले सशक्तिकरणको लागि कार्यक्रम गरिरहेका छौं। |
| २३ | चन्द्रप्रसाद पराजुली | उपस्वास्थ्य चौकीमा म्याद सिद्धिन लागेको औषधीहरु आउँछ । धेरै समय गाऊँमा औषधीको अभाव नै हुन्छ । औषधी खाल्डो खनेर पुर्नुपर्ने अवस्था छ । | रामनारायण शाह, अहेव, उपस्वास्थ्य चौकी | औषधी खोल्दा व्यवस्थापन समिति राखेर मात्र खोलिन्छ । औषधीको म्यादसम्बन्धमा समितिलाई सबै थाहा छ । थोरै मात्र म्याद रहेका औषधीहरु जिल्लाबाट पठाउँछ । यो समस्या जटिल रहेको छ । यसबारेमा जिल्लामा कुरा राखिएको नै छ । |
| २४ | कुलबहादुर अधिकारी | विद्यालयमा पठनपाठनको लागि चकको प्रयोगले बालबालिका तथा शिक्षकहरुको स्वास्थ्यमा असर गरिरहेको छ । गाविसले बालबालिकाको लागि लक्षित वर्ग कार्यक्रममा व्हाइटबोर्ड अभियान चलाउनु पर्छ र चकमुक्त गाविस बनाउन गाविसले पहल गर्न सकिन्छ कि ? | गाविस सचिव | यो कालो पाटी हटाउनु राम्रो कुरा हो । तर आगामी गाऊँ परिषद्मा वडा वडा बाट निर्णय भई आएमा गर्न सकिन्छ । यसलाई आगामी गाऊँ परिषद्मा निर्णय गर्न प्रयत्न गर्नुपर्दछ । |
| २५ | चन्द्रप्रसाद पराजुली | इलाका हुलाक कार्यालयको भवन किन बनिएको छैन ? कार्यालय प्रमुखले पहल नगरेर हो की कार्यालयमा नबसेर हो की ? इलाका हुलाकमा भवनको समस्या छ । यो कार्यालयमा को को कर्मचारी क कहाँ कार्यरत हुनुहुन्छ ? | गंगाबहादुर खड्का, इलाका हुलाक | हामीले सकेसम्म सेवा दिएका छौं । पत्रपत्रिका, चिठि वितरण गरिरहेका छौं । भवनका लागि जिल्ला हुलाकमा पटक पटक भनेका छौं । वास्ता गरिन्दैन । यहाँ दरबन्दी अनुसार कर्मचारी पनि पठाइएको छैन । |
| २६ | लोकमणी घिमिरे | तेलियामा विद्युत किन नियमित छैन ? विद्युत विग्रिएमा ५।७ दिन आउँदैन ? सार्बजनिक सुनुवाईका माध्यमबाट यो कुरा जिल्ला कार्यालयसम्म पुगोस् । | सञ्चालक | कार्यक्रम रेडिलो लालीगुराँसबाट प्रत्यक्ष प्रशारण पनि भइरहेको छ । सुनिरहनु भएको हुन सक्छ । हाम्रो तर्फबाट पनि ध्यानाकर्षणको लागि कार्य हुन्छ । |
| २७ | लोकमणी घिमिरे | तेलिया खोला विद्युत उत्पादनको काम हुँदैछ । बाटो पनि बनिन्दैछ । यो कामको गाविसमा कुनै जानकारी दिएको छ कि छैन ? र गाविसबाट कुनै सिफारिस लिएको छ कि छैन ? | गाविस सचिव | यस सम्बन्धमा कुनै जानकारी छैन । सिफारिस दिएको पनि छैन । स्थानीय स्वायत्त शासन ऐन अनुसार चाहिँ गाविसलाई जानकारी हुनुपर्ने हो । |

कार्यक्रममा उपस्थित सहभागीहरुको लिँगीय विवरण निम्न अनुसार रहेको छ :

| क.सं. | सार्बजनिक सुनुवाईको उपस्थिति | | | |
|---|---|---|---|---|
| | विवरण | महिला | पुरुष | जम्मा |
| १ | दलित | १ | ७ | ८ |
| २ | जनजाती | २२ | ३८ | ६० |
| ३ | अन्य | १५ | २९ | ४४ |
| कुल सहभागी | | ३८ | ७४ | ११२ |

यसैगरी कार्यक्रममा उपस्थित सहभागीहरुको वडागत सहभागिताको विवरण निम्न अनुसार रहेको छ :

| सहभागीहरुको विवरण | वडागत रुपमा सहभागीहरुको विवरण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | अन्य | जम्मा |
| | ३५ | ५ | ४ | ९ | ६ | १७ | १४ | ८ | ८ | ६ | ११२ |

## २.६ प्रतिबद्धता अनुगमन

## २.७ गाऊँ परिषद् र सार्वजनिक सुनुवाईको सहभागीताको विश्लेषण

| क.सं. | सार्बजनिक सुनुवाई, तेलिया | | | | गाऊँ परिषद्, तेलिया | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | दलित | १ | ७ | ८ | २ | ४ | ६ |
| २ | जनजाती | २२ | ३८ | ६० | ७ | ११ | १८ |
| ३ | अन्य | १५ | २९ | ४४ | ४ | १३ | १७ |
| कुल सहभागी | | ३८ | ७४ | ११२ | १३ | २८ | ४१ |

## खण्ड चार
## ताँखुवा गाविसको सार्वजनिक सुनुवाई

### ३.१ अभिलेख अध्ययन र अभिमुखीकरण कार्यक्रम

धनकुटा/स्थानीय शासन उत्तरदायी संयन्त्र (LGAF) विराटनगरको सहयोगमा जनहित असल शासन क्लब, कुरुले तेनुपा, धनकुटाले ताँखुवा गाविसको सभाहलमा आयोजना गरेको सार्बजनिक सुनुवाई तथा प्रतिबद्धता अनुगमन परियोजनासम्बन्धी गाविसस्तरीय सरोकारवालाहरुसंग एक दिने अभिमुखीकरण कार्यक्रम मिति २०६९ चैत्र ७ गते वुधवार सम्पन्न भएको छ ।

उपस्थित सम्पुर्ण सहभागीहरुको सामुहिक सभापतित्व तथा गाविस सचिव सन्तोष अधिकारीको प्रमुख आतिथ्यमा सम्पन्न सो अभिमुखीकरण कार्यक्रममा सार्बजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्नुपर्ने उद्धेश्य, औचित्य र सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालनका चरणहरुबारे सरोकारवालाहरुलाई जानकारी गराइएको थियो ।

स्थानीय शासन उत्तरदायी संयन्त्रको आर्थिक सहयोगमा गाविसस्तरमा सार्बजनिक सुनुवाई गर्न लागिएको जानकारी गराइएको थियो । साथै स्थानीय शासन उत्तरदायी संयन्त्रको बारेमा समेत जानकारी दिइएको थियो । बैठकले राजनैतिक दल, संघसंस्था, सञ्जाल, नागरीक समाज तथा पत्रकार सबैले आआफ्नो तर्फबाट सबै चरणमा सक्दो सहयोग गरी कार्यक्रम सफल पार्न सहयोग गर्ने निर्णय गरेको छ । साथै कार्यक्रमको प्रचारप्रसार र सेवाग्राही बहिर्गमन सर्वेक्षण, नागरीक प्रतिवेदन पत्र सर्वेक्षण र सवालहरुलाई अन्तिम रुप दिने बैठकहरु सञ्चालन गरी वडा नागरीक मञ्चतहसम्म प्रचारप्रसार गरी सार्बजनिक सुनुवाई कार्यक्रमको तयारी गर्न आवश्यक सबै खाले सहयोग गर्ने निर्णय समेत भएको छ ।

कार्यक्रममा सहभागीहरुले आयोजकलाई गाविसस्तरमा रहेका समस्याहरु समाधान गर्न सक्ने गरी सार्बजनिक सुनुवाई कार्यक्रमलाई उपलब्धीमुलक, अनुसन्धानमुलक बनाउन सुझावहरु राख्नु भएको थियो । कार्यक्रममा कृषि सेवा केन्द्र,ताँखुवाका प्राविधिक सहायक रमेशकुमार यादव, पशु सेवा केन्द्रका प्रमुख सोहन दाहाल, स्वास्थ्य चौकी, ताँखुवाका सि.अ.हे.व. रामविलाश शाह, सरस्वती माविका प्रअ टँकबहादुर तुम्बाहाङ्ग, अतिरिक्त हुलाकका प्रमुख भेषप्रसाद रेग्मी, सामुदायिक वन उपभोक्ता महासंघ ताँखुवाका अध्यक्ष विष्णुबहादुर भुजेल, नेपाली काँग्रेस पार्टीका गाऊँ सभापति पिर्थबहादुर लिम्बु, नेकपा एमालेका गाऊँ अध्यक्ष ज्ञानबहादुर लिम्बु, संघीय लिम्बुवानका गाऊँ अध्यक्ष प्रसाद लिम्बु, पुर्व गाविस अध्यक्ष शानबहादुर लिम्बु, दामोदर माविका शिक्षक घनेन्द्र सुब्बा, अपाँग समन्वय समितिका अध्यक्ष तुलबहादुर भटराई लगायत वडा नागरीक मञ्चहरुका प्रतिनिधिहरु, नागरीक समाज, उपभोक्ता समिति एवं पत्रकारहरु समेतको उपस्थिति रहेको थियो । कार्यक्रममा निम्न अनुसार सहभागिता भएको छ :

| क्र.सं. | अभिमुखीकरण कार्यक्रमको उपस्थिति विवरण | | | |
|---|---|---|---|---|
| | विवरण | महिला | पुरुष | जम्मा |
| १ | दलित | ० | ० | ० |
| २ | जनजाती | २ | १० | १२ |
| ३ | अन्य | ० | २० | २० |
| **कुल सहभागी** | | २ | ३० | ३२ |

### २.२ सेवाग्राही बहिगमन सर्वेक्षणको नतिजा

सेवाग्राही बहिर्गमन सर्वेक्षणको सहभागीहरुको विवरण :

| गाविस | लिँग | | | जातजाती | | | |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | दलित | जनजाती | अन्य | जम्मा |
| ताँखुवा गाविस | ३४ | २६ | ६० | ३ | ४२ | १५ | ६० |

ताँखुवा गाविसमा सेवाग्राही बहिर्गमन सर्वेक्षणमा ३४ महिला, २६ पुरुषसंग कुराकानी गरिएको थियो जसमा ३ जना दलित, ४२ जना जनजाती र १५ जना अन्य समुदायको सेवाग्राहीहरुसंग कुराकानी भएको थियो ।

**सेवाग्राही बहिर्गमन सर्वेक्षणमा उत्तरदाताबाट प्राप्त प्रतिक्रियाको नतिजा :**

| क्र. सं. | विवरण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| ०१ | सेवाग्राही सेवा प्रदायक निकायमा आउनुको उद्धेश्य? | | |
| | सिफारिस लिनको लागि | ४२ | ७०।०० |
| | पञ्जिकरणको कार्य गर्न | ५ | ८।३३ |
| | तिरो तिर्न | १ | १।६७ |
| | मतदाता नामावलीमा नाम भर्न | १ | १।६७ |
| | चर्पीको प्यान लिन | ११ | १८।३३ |
| | **जम्मा** | ६० | १००।०० |
| ०२ | सेवा प्रदायक निकायमा सेवाग्राहीको कामको प्रगति - काम भयो की भएन ? | | |
| | भयो | ५६ | ९३।३३ |
| | भएन | ४ | ६।६७ |
| | **जम्मा** | ६० | १००।०० |
| ०३ | गाविसको कार्यालय जाँदा नागरीक वडापत्र हेर्नुहुन्छ, थाहा छ? | | |
| | हेर्छु, थाहा छ | १४ | २३।३३ |
| | थाहा छैन | ४६ | ७६।६७ |
| | **जम्मा** | ६० | १००।०० |
| ०४ | सेवाप्रदायक निकायका पदाधिकारीहरुबाट सो सेवा सम्बन्धी सुझाव प्राप्त भयो ? | | |
| | भयो | ५ | ८।३३ |
| | भएन | ५५ | ९१।६७ |
| | **जम्मा** | ६० | १००।०० |
| ०५ | गाविसमा हुने बजेटबारे जानकारी हुन्छ कि हुन्न ? | | |
| | हुन्छ | ११ | १८।३३ |
| | हुन्दैन | ४९ | ८१।६७ |
| | **जम्मा** | ६० | १००।०० |
| ०६ | सेवाग्राहीको अपेक्षा वा सन्तुष्टि कस्तो भयो ? | | |
| | सन्तुष्ट | ५८ | ९६।६७ |
| | असन्तुष्ट | २ | ३।३३ |
| | **जम्मा** | ६० | १००।०० |

**सेवाग्राही बहिर्गमन सर्वेक्षणबाट प्राप्त गुनासा, सुझावहरु :**

**गाविससंग सम्बन्धित**

१. गाविस सचिव नियमित गाविसमा बसेर सेवा प्रदान गर्नुपर्ने । गाविस सचिव गाविसमा नभेटिने समस्या छ ।
२. गाविसको कामको लागि गाविसमा कर्मचारी नभेटिएर सदरमुकामसम्म धाउनु पर्ने समस्या ।
३. लक्षित वर्गका लागि निर्देशिकाबमोजिमको बजेट नछुटिएको ।
४. सेवाग्राहीलाई सुचनाको प्रवाह समयमा हुने गरेको छैन ।
५. गाऊँ परिषद्को सुचना सबैलाई हुनुपर्दछ । गाविसका सबै गतिविधिहरु गाऊँबासीहरुले थाहा हुनुपर्ने । गाविसका कामकारवाही पारदर्शी हुनुपर्ने । गाविसमा आउने बजेटकोबारेमा सर्बसाधारण सबैलाई जानकारी हुनुपर्ने ।
६. गाऊँ परिषद्बाट आवश्यकताका आधारमा प्राथमिकता क्रम तोकेर योजनाहरु बाँडफाँड गर्नु पर्नेछ ।
७. राजनीतिक दलको दवावमा परेर काम गर्नुपर्ने अवस्था हटाउनु पर्दछ ।

## २.३ नागरीक प्रतिवेदन पत्र सर्वेक्षणको नतिजा

**नागरीक प्रतिवेदन पत्र सर्वेक्षणको सहभागीहरुको विवरण :**

| गाविस | लिंग | | | जातजाती | | | |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | दलित | जनजाती | अन्य | जम्मा |
| ताँखुवा | ९ | ५१ | ६० | ६ | ३३ | २१ | ६० |

नागरीक प्रतिवेदन पत्र सर्वेक्षणमा ९ जना महिला र ५१ जना पुरुषसंग कुराकानी गरिएको थियो जसमा ६ जना दलित, ३३ जना जनजाती र २१ जना अन्य समुदायका सेवाग्राहीहरु रहेका थिए ।

**नागरीक प्रतिवेदन पत्र सर्वेक्षणबाट प्राप्त गुनासा, सुझावहरु :**

१. गाविसमा सचिव अनिवार्य बस्नु पर्ने । समयमा कार्यालय खोलिनु पर्ने ।
२. बजेट पारदर्शी तरिकाले विनियोजन र परिचालन हुनुपर्ने ।
३. सबै वडा नागरीक मञ्चहरुलाई एकीकृत योजना तर्जुमा समितिमा राख्नुपर्ने ।
४. बजेट विनियोजन गर्दा सबै वडा र क्षेत्रमा समानुपातिक ढँगले वितरण गरिनुपर्ने । पिछडिएको क्षेत्रलाई प्राथमिकतामा राखेर बजेट दिनुपर्ने ।
५. गाविसले लिनुपर्ने दस्तुरमा एकरुपता हुनुपर्ने । मालपोत शुल्क घटाउनु पर्‍यो ।
६. तोकिएको शीर्षकमा बजेट विनियोजन भई त्यहि शीर्षकमा खर्च हुनुपर्ने । राजनीतिक दल तथा अन्य व्यक्ति विशेषको दवावमा परेर बजेट विनियोजन गर्नु हुँदैन ।
७. गाविसको बजेटबाट सञ्चालित अपुरा योजना पुरा गर्न प्राथमिकता दिनुपर्‍यो । साथै सञ्चालित योजनाहरुलाई दिगो व्यवस्थापनको लागि ठोस पहल गर्नुपर्‍यो ।
८. गाविसभित्र बिजुलीका पोलहरु पुराना भइएकोले त्यसको मर्मत सम्भारमा पहल गर्नुपर्‍यो ।
९. नागरीक सचेतना केन्द्रलाई समेत बजेट दिनुपर्ने ।
१०. समयमा बजेट निकासा गर्नुपर्ने ।
११. गाविसको कार्यालयको कम्पाउण्ड तारबेरा गरिनुपर्ने ।
१२. योजना तथा कार्यक्रमहरुको अनुगमन तथा मुल्याँकन अनिवार्य गर्नुपर्दछ ।
१३. गाविसभित्र रहेका ऐलेनी जग्गाहरु दर्ता हुने क्रमलाई तत्काल सबैले रोक्न पहल गर्नु पर्ने ।
१४. गाविसले महिलाहरुका लागि सिपमुलक आयआर्जन हुने खालका कार्यक्रमहरु दिनुपर्‍यो ।
१५. खानेपानी कर्मचारीले तलब नपाएकोले सो पाउनको लागि व्यवस्था गरिदिनु पर्‍यो ।
१६. कृषि सेवा केन्द्र र पशु सेवा उपकेन्द्रमा कर्मचारीहरु नियमित बस्नु पर्ने ।
१७. कृषि तथा पशु सेवाको प्राविधिक सेवा नियमित रुपमा दिनुपर्ने ।
१८. कृषि सेवा तल्लो भेगमा प्राप्त हुन नसकिरहेको हुँदा त्यस क्षेत्रलाई लक्षित गरी प्राविधिकहरुको टोली टोल टोलमा घुम्ती सेवाको लागि जानु पर्ने ।
१९. महिनामा एक पटक गाविसले कृषि, भेटेरीनरी, स्वास्थ्य, वन र अन्य कार्यालयहरुको गाविसस्तरीय एकीकृत घुम्ती सेवा राख्नु पर्ने ।
२०. कृषि तथा पशु सेवासम्बन्धी समस्या, औषधीहरुबारे तालिम गोष्ठी राख्नु पर्ने ।

## नागरीक प्रतिवेदन पत्र सर्वेक्षणबाट प्राप्त प्रतिक्रियाहरुको नतिजा :

| क्र. सं. | विवरण | उत्तरदाता संख्या | प्रतिशत | क्र. सं. | विवरण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| ०१ | सेवाग्राही सेवा प्रदायक निकायमा आउनुको उद्धेश्य के थियो ? | | | ०७ | उत्तरदाताको संस्थागत जिम्मेवारी के हो ? | | |
| | सिफारिस लिनको लागि | १५ | २५ | | वडा नागरीक मञ्च | १३ | २१।७ |
| | पञ्जिकरणको कार्य गर्न | ७ | १२ | | महिला सञ्जाल | १ | १।६७ |
| | तिरो तिर्न | ११ | १८ | | दलित सञ्जाल | ४ | ६।६७ |
| | योजना माग गर्न | ५ | ८।३ | | उपभोक्ता समिति | १० | १६।७ |
| | नागरीकता लिन | ६ | १० | | जनजाती महासंघ | ५ | ८।३३ |
| | जग्गा सर्जिमिन कार्य गर्न | ३ | ५ | | नागरीक सचेतनाकेन्द्र | ४ | ६।६७ |
| | लक्षित वर्ग बजेट माग गर्न | २ | ३।३ | | अपाँग समन्वय समिति | २ | ३।३३ |
| | बैठक, भेटघाट | २ | ३।३ | | विद्यालयको प्रतिनिधि | ७ | ११।७ |
| | कृषि तथा पशु सेवा कार्यालयको काम | ७ | १२ | | कृषि समन्वय समिति | ४ | ६।६७ |
| | स्वास्थ्य संस्थामा काम | २ | ३।३ | | सामुदायिक वन उपभोक्ता समिति | २ | ३।३३ |
| | **जम्मा** | ६० | १०० | | बालबालिकाका समन्वय समिति | २ | ३।३३ |
| ०२ | सेवाग्राहीको कामको प्रगति -काम भयो की भएन ? | | ० | | अन्य | ६ | १० |
| | भयो | ४३ | ७२ | | **जम्मा** | ६० | १०० |
| | भएन | १७ | २८ | ०८ | उत्तरदाताको पदीय जिम्मेवारी के हो ? | | |
| | **जम्मा** | ६० | १०० | | अध्यक्ष | ६ | १० |
| ०३ | गाविसको कार्यालय जाँदा नागरीक वडापत्र हेर्नुहुन्छ, थाहा छ? | | | | उपाध्यक्ष वा सह संयोजक | २ | ३।३३ |
| | हेर्छु, थाहा छ | ४३ | ७२ | | संयोजक | ४ | ६।६७ |
| | थाहा छैन | १७ | २८ | | सचिव | ३ | ५ |
| | **जम्मा** | ६० | १०० | | कोषाध्यक्ष | २ | ३।३३ |
| ०४ | गाविसको योजना निर्माण प्रक्रियामा तपाई सहभागी हुनु भएको छ? | | | | सदस्य | ३५ | ५८।३ |
| | भएको छु | २४ | ४० | | शिक्षक | ६ | १० |
| | भएको छैन | ३६ | ६० | | अन्य | २ | ३।३३ |
| | **जम्मा** | ६० | १०० | | **जम्मा** | ६० | १०० |
| ०५ | गाविसमा हुने बजेटबारे जानकारी हुन्छ कि हुन्न ? | | | ०६ | सेवाग्राहीको अपेक्षा वा सन्तुष्टि कस्तो भयो? | | |
| | हुन्छ | ३६ | ६० | | सन्तुष्ट | ३६ | ६० |
| | हुन्दैन | २४ | ४० | | असन्तुष्ट | २४ | ४० |
| | **जम्मा** | ६० | १०० | | **जम्मा** | ६० | १०० |

## २.४ सवाल पहिचान बैठक

जेठ २० गते सार्बजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्न सवालहरुको टुँगो लगाउँदै वेलहारा गाविसमा गत विहिवार सर्वपक्षीय सवाल पहिचान बैठक सम्पन्न भएको छ ।

स्थानीय शासन उत्तरदायी संयन्त्र विराटनगरको सहयोगमा जनहित असलशासन क्लब, कुरुले तेनुपा धनकुटाले आयोजना गर्न लागेको सार्वजनिक सुनुवाई कार्यक्रममा कुन कुन विषयवस्तुहरुमाथि छलफल गर्ने भन्ने सवालको टुँगो ताँखुवा गाविसको लागि जेठ ४ गते बसेको बैठकमा लागेको हो । क्लबले एक महिना अवधिसम्म गाविसको कार्यालय परिसरमा सेवाग्राही बहिर्गमन सर्वेक्षण र सबै वडाहरुमा नागरीक प्रतिवेदन पत्र सर्वेक्षण गरी १२० जना सेवाग्राहीहरुसंग सुझावहरु संकलन गरेको थियो । सो सर्वेक्षणबाट प्राप्त समस्या, गुनासाहरुलाई समेत समेटी राजनैतिक दल, नागरीक समाज, उपभौक्ता समितिका पदाधिकारी, वडा नागरीक मञ्चका संयोजकहरु सम्मिलित सरोकारवालाहरुको आज बसेको बैठकले विभिन्न १५ वटा विषयहरु सार्बजनिक सुनुवाई कार्यक्रममा छलफलको लागि लैजाने र सार्बजनिक सुनुवाई कार्यक्रममा सर्वसाधारण नागरीकहरुलाई समेत सहभागिता गराउने गरी प्रचारप्रसार गर्ने निर्णय समेत गरेको छ । ती सवालहरुमा गाविस अनुदान सञ्चालन कार्यविधि बमोजिम गाऊँ परिषद्बाट निर्णय भएका योजनाहरु कार्यान्वयनका अवस्था, गाऊँमा लक्षित वर्ग कार्यक्रमको प्रभावकारीता, सामाजिक परिचालनको अवस्था, उपभोक्ता समितिका रचनात्मक कार्य र समस्याहरु, बजेट विनियोजन प्रक्रिया, स्वास्थ्य संस्थासंग सम्बन्धित समस्याहरु लगायत सवालहरु रहेका छन् । बैठकमा १६ जनाको सहभागिता रहेको थियो ।

गाविस सचिव सन्तोष अधिकारीको अध्यक्षतामा बैठक भएको थियो भने बैठकको सहजीकरण जनहित असल शासन क्लबका कार्यक्रम संयोजक नोदनाथ त्रिताल र सचिव हुकुमप्रसाद दाहालले संयुक्त रुपमा गर्नुभएको थियो । कार्यक्रममा निम्न अनुसार सहभागिता रहेको थियो :

| क्र.सं. | मिति २०७० जेठ ४ गते शनिवार ताँखुवा गाविस | | | |
|---|---|---|---|---|
| | विवरण | महिला | पुरुष | जम्मा |
| १ | दलित | ० | ० | ० |
| २ | जनजाती | ३ | ६ | ९ |
| ३ | मधेषी | | | ० |
| ४ | अन्य | ० | ८ | ८ |
| **कुल सहभागी** | | **३** | **१४** | **१७** |

**कार्यक्रमको लागि चयन गरिएका प्रमुख सवालहरु :**

१. गाविसको गाऊँ परिषद्का निर्णयहरुको कार्यान्वयनको हालसम्मको अवस्था ।
२. गाविसको नागरीक वडापत्र व्यवस्थित र गाऊँ पार्श्वचित्र प्रकाशन (हाते पुस्तिका, होर्डिङ्गबोर्ड)
३. गाविस अनुदान कार्यान्वयनमा लक्षित वर्ग कार्यक्रम (दलित, जनजाती, अपाँग, बालबालिका, महिला आदि) कार्यान्वयनको अवस्था, पेश्की बेरुजु फछ्र्यौट ।
४. सामाजिक परिचालनको उपलब्धी र राम्रा काम ।
५. उपभोक्ता समितिहरुको राम्रो पक्ष र सुधार गर्नुपर्ने पक्ष ।
६. गाविसको प्राविधिक सहायकको जिम्मेवारी र उपभोक्ताको जनगुनासो ।
७. गाविसमा बजेट आउने प्रक्रिया, उपभोक्तामा निकासा हुने र खर्च हुने प्रक्रिया, हालसम्मको बेरुजु (नियमित गर्नुपर्ने पेश्की बेरुजु वा असुल गर्नुपर्ने बेरुजु ?)
८. सामाजिक लेखा परीक्षण गर्ने, गाविसस्तरीय अनुगमन समिति गठन र क्रियाशीलता छ कि छैन ?
९. गाऊँ विकास समितिमा देखिएको समस्या : कार्यालयका समस्या ? कर्मचारीका समस्या ? नागरीकका समस्या ?
१०. समस्या समाधान गर्न कसले के गर्नुपर्दछ ? राज्यले ? गाविसले ? सेवाग्राहीले ?
११. साझा सार्बजनिक प्रतिबद्धताको घोषणा पत्रमा के के समावेश गर्ने ?
१२. ताँखुवा गाविसलाई चकमुक्त क्षेत्र, अँध्यारोमुक्त, प्लाष्टिकमुक्त र खुला दिशामुक्त क्षेत्र घोषणा गर्ने अभियान
१३. गाविसमा गुनासो पेटिका राख्ने । अन्य सरकारी कार्यालयसंग सेवाग्राहीका जनगुनासाहरु ।
१४. गाऊँ पार्श्वचित्र, आवधिक योजनाको लागि विनियोजित बजेट र त्यसको कार्यान्वयनको अवस्था ।

## २.५ सार्बजनिक सुनुवाई कार्यक्रम

गाउँ विकास समितिको कार्यालय, ताँखुवा र जनहित असल शासन क्लब, कुरुले तेनुपा, धनकुटाले संयुक्त रुपमा ताँखुवा गाविसमा मिति २०७० जेठ २० गते आइतवारका दिन आयोजना गरेको ***'ताँखुवा गाउँ विकास समितिको सेवा प्रवाहमा जनसहभागिताको अवस्था'*** विषयक **सार्बजनिक सुनुवाई** कार्यक्रम सफलतापुर्वक सम्पन्न भएको छ ।

सामुहिक सहभागितामा सम्पन्न सो कार्यक्रममा मुख्य जवाफदेहि वक्ताको रुपमा गाविस सचिव सन्तोष अधिकारी हुनुहुन्छ भने निवर्तमान गाविस अध्यक्ष शानबहादुर लिम्बु, सामाजिक परिचालक दिपक भुजेल, नेपाली काँग्रेसका सभापति पृथ लिम्बु, नेकपा एमालेका अध्यक्ष ज्ञानबहादुर लिम्बु, राष्टिय प्रजातन्त्र पार्टी अध्यक्ष मेघराज भट्टराई, जनजाती महासंघका अध्यक्ष टंकबहादुर तुम्बाहाङ्ग, महिला सञ्जालका सचिव उज्ज्वलता राई, कृषि समन्वय समितिका अध्यक्ष डिल्लीश्वर लिम्बु, स्वास्थ्य चौकी, चुलाचुलीका अहेव दिनप्रसाद दुलाल, कृषि सेवा केन्द्रका प्रतिनिधि ढाकुमाया कटुवाल, पशु सेवा उपकेन्द्रका प्रमुख सोमन दाहाल, अतिरिक्त हुलाकका प्रमुख भेषराज रेग्मी, नागरीक सचेतना केन्द्रका संयोजक मेहरमान विक, सामुदायिक मेलमिलाप केन्द्रका संयोजक दुर्गा लिम्बु, सामुदायिक वन उपभोक्ता गाऊँ महासंघका अध्यक्ष विष्णुबहादुर भुजेल, चुलाचुली उच्च माविका प्रअ महेन्द्र भटराई, सरस्वती माविका शिक्षक शेरबहादुर लिम्बु, दामोदर माविका शिक्षक कृष्णप्रसाद भण्डारी लगायतले जवाफदेहि वक्ताको भुमिका निर्वाह गर्नु भएको थियो ।

कार्यक्रमको छलफलको निष्कर्शको रुपमा १० बुँदे साझा सार्वजनिक प्रतिबद्धताको तांखुवा घोषणा पत्र २०७० मा हस्ताक्षर गरी जारी गरिएको छ । उक्त घोषणा पत्रको प्रस्तावनामा निम्न बुँदाहरु उल्लेख गरिएको छ :

- *ताँखुवा गाविसका सेवाग्राहीहरुबाट सेवाग्राही बहिर्गमन सर्वेक्षण (Exit Poll) र नागरीक प्रतिवेदन पत्र (CRC) सर्वेक्षणमा प्राप्त सुझाव, सल्लाह र गुनासाहरुलाई मध्यनजर गर्दै,*
- *नागरीक वडापत्रको महत्व र सेवाग्राहीहरुको सुसुचित हुने आकाँक्षालाई आत्मसात गर्दै,*
- *गाविसको गाऊँ परिषद्को निर्णयहरुको कार्यान्वियनको अवस्थालाई समिक्षा गर्दै,*
- *गाविसबाट सञ्चालित योजनाहरुका उपभोक्ता समितिहरु, लक्षित वर्ग महिला, दलित, जनजाती, अपाङ्ग, जेष्ठ नागरीक कार्यक्रम र वडा नागरीक मञ्चका संयोजकहरु समेतले स्थानीय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि-२०६९ बारे अभिमुखीकरण तालिम पाउनु पर्ने भनी राखेको चासोलाई ध्यानमा राख्दै,*
- *गाविसस्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति गठन भएर पनि अपेक्षाकृत क्रियाशील हुन नसकेको विगत आर्थिक वर्षहरुको अनुभवलाई स्मरण गर्दै,*
- *योजनाहरुको विवरण उल्लेख गरेर होर्डिङ्ग बोर्ड राख्नु पर्ने कार्यविधिमा भएको व्यवस्थालाई मध्यनजर गर्दै,*
- *लक्षित वर्गको लागि पुँजीगत तर्फको कम्तिमा ५०% बजेट अनिवार्य विनियोजन गरी कार्य गर्नुपर्ने विषयलाई मध्यनजर गर्दै,*

*माथिको प्रस्तावनाको भावना र मर्म अनुरुप निम्न बुँदाहरुमा साझा सार्वजनिक प्रतिबद्धता व्यक्त भएको छ :*

| *बुँदा नं.* | *प्रतिबद्धताको विषयवस्तु* | *जिम्मेवार व्यक्ति अर्थात निकाय* | *कार्यान्वियनको समय सिमा* |
|---|---|---|---|
| १ | गाविस परिसरमा टाँस गरिएको नागरीक वडापत्रलाई अध्यावधिक गर्दै हाते पुस्तिकाको रुपमा प्रकाशन गरी सर्वसाधारणको घर घरमा पुऱ्याउने अभियान सञ्चालन गर्ने, कार्यालय परिसरमा २०६५ सालदेखि रहेका सुचना पाटी र गुनासो पेटिकालाई व्यवस्थित बनाएर राख्ने । | *गाविसको कार्यालय, सामाजिक परिचालक, वडा नागरीक मञ्च, राजनैतिक दल* | *३ महिनाभित्र* |
| २ | योजनाहरुका उपभोक्ता समितिहरु, लक्षित वर्ग र क्षेत्रका महिला, दलित, जनजाती, अपाङ्ग प्रतिनिधिहरु, दलका पदाधिकारीहरु तथा वडा नागरीक मञ्चका संयोजकहरु समेतलाई **स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि-२०६९** का प्रावधानहरुबारे अभिमुखीकरण कार्यक्रम गर्ने, | *गाविस, राजनैतिक दल, वडा नागरीक मञ्च, उपभोक्ता समिति आदि ।* | *आगामी ३ महिनाभित्र* |
| ३ | उपभोक्ता समितिहरुको नियमित आमभेला र दर्ता नविकरण गर्ने, जनलेखापरीक्षणलाई निरन्तरता दिने, कार्यविधि बमोजिम २ लाख बढीका योजनाहरुमा योजनास्थलमा होर्डिङ्ग बोर्ड राख्ने व्यवस्थालाई अनिवार्य कार्यान्वियन गर्न गराउने, | *गाऊँ विकास समितिको कार्यालय* | *आगामी गाऊँ परिषद्सम्ममा* |
| ४ | गाविसबाट सञ्चालित लक्षित वर्ग कार्यक्रमको लागि विनियोजित पुँजीगत तर्फको कम्तिमा ५०% बजेटले लक्षित वर्ग र क्षेत्रलाई नै सहभागिता गराई सशक्तिकरण गर्ने गरी सीपमुलक, आयमुलक र | *गाविसको कार्यालय वडा नागरीक मञ्च, एकीकृत योजना तर्जुमा समिति, गाऊँ* | *आगामी गाऊँ परिषद्सम्ममा* |

| बुँदा नं. | प्रतिबद्धताको विषयवस्तु | जिम्मेवार व्यक्ति अर्थात निकाय | कार्यान्वयनको समय सिमा |
|---|---|---|---|
| | व्यवसायमुलक कार्यक्रम सञ्चालनको लागि एकीकृत योजना तर्जुमा बैठकबाट प्राथमिकता दिने कार्यलाई निरन्तरता दिने, | परिषद् | |
| ५ | गाविसबाट गत गाऊँ परिषद्मा गठन भएको योजना सुपरीवेक्षण तथा अनुगमन समितिलाई पुनर्गठन गरी आमन्त्रित सदस्यहरु समेत थप गरेर गाविसस्तरमा सञ्चालित योजनाहरुको स्थलगत अनुगमन र निरीक्षण मुल्याँकनको कार्यलाई निरन्तरता दिने, | गाविस, अनुगमन समिति र उपभोक्ता समितिहरु | असार मसान्तसम्ममा |
| ६ | गाविसबाट बजेट विनियोजन भएका चालु आर्थिक वर्षका कार्यक्रमहरुको सञ्चालन आषाढ मसान्तसम्म अनिवार्य सक्न सम्पुर्ण उपभोक्ता समितिहरु, वडा नागरीक मञ्च, राजनीतिक दलका पदाधिकारीहरु समेतले अनुगमन गरी आवश्यक कार्य गर्ने, | गाविस र अनुगमन समिति | आगामी असार मसान्तसम्म |
| ७ | राजनैतिक दलका पदाधिकारीहरु, शिक्षक, कर्मचारीहरु उपभोक्ता समितिमा रहन नपाउने र दोहोरो उपभोक्ता समितिमा बस्न नपाउने व्यवस्थालाई पुर्णरुपले कार्यान्वयन गर्ने, | गाविस र सम्पुर्ण उपभोक्ता समितिहरु | आगामी गाऊँ परिषद्सम्ममा |
| ८ | सामाजिक परिचालनको कार्यक्रमलाई सबै वडाहरुमा प्रभावकारी बनाउने, नागरीकहरुलाई सशक्तिकरण गर्दै पहुँच अभिवृद्धि गर्न नागरीक सचेतना केन्द्रहरुलाई अझ व्यवस्थित र नियमित गर्ने, | सामाजिक परिचालक र सचेतना केन्द्र व्यवस्थापन समिति | आगामी आषाढ मसान्तसम्म |
| ९ | ताँखुवा गाविसभित्र रहेका सम्पुर्ण सामुदायिक विद्यालयहरुमा बालबालिकालाई प्रत्यक्ष फाइदा पुग्ने गरी गाविसबाट बालबालिका शीर्षकमा विनियोजन हुने १०% बजेटभित्र 'वाइटबोर्ड अभियान कार्यक्रम' समावेश गरी कालोपाटी र चक विस्थापित गरेर गाविसलाई 'कालोपाटीरहित चकमुक्त क्षेत्र' घोषणा गर्ने अभियानको शुरुवात गर्ने, | गाविस र सम्पुर्ण विद्यालयका प्रअ एवं व्यवस्थापन समितिहरु | आगामी ७ महिना भित्र |
| १० | गाऊँ विकास समितिले आगामी आर्थिक वर्ष २०७०-७१ देखि परिषद् सम्पन्न भएको एक महिनाभित्र निर्णयहरु सार्बजनिक गर्न र आम नागरीकबाट पृष्ठपोषण लिन वर्षको कम्तिमा एक पटक अनिवार्य सार्बजनिक सुनुवाई कार्यक्रम आयोजना गर्ने, गाऊँ परिषद्को निर्णय प्रतिलिपी गाविस परिसरको सुचना पाटीहरुमा टाँस गर्ने, | गाविस सचिव र सामाजिक परिचालक | आगामी गाऊँपरिषद्पश्चात |

उक्त साझा सार्बजनिक प्रतिबद्धता पत्रमा हस्ताक्षर गर्ने जवाफदेहि वक्ताहरुमा गाविस सचिव सन्तोष अधिकारी हुनुहुन्छ भने निवर्तमान गाविस अध्यक्ष शानबहादुर लिम्बु, सामाजिक परिचालक दिपक भुजेल, नेपाली काँग्रेसका सभापति पृथ लिम्बु, राष्टिय प्रजातन्त्र पार्टी अध्यक्ष मेघराज भट्टराई, जनजाती महासंघका अध्यक्ष टंकबहादुर तुम्बाहाङ्ग, महिला सञ्जालका सचिव उज्ज्वलता राई, कृषि समन्वय समितिका अध्यक्ष डिल्लीश्वर लिम्बु, स्वास्थ्य चौकी, चुलाचुलीका अहेव दिनप्रसाद दुलाल, कृषि सेवा केन्द्रका प्रतिनिधि ढाकुमाया कटुवाल, पशु सेवा उपकेन्द्रका प्रमुख सोमन दाहाल, अतिरिक्त हुलाकका प्रमुख भेषराज रेग्मी, नागरीक सचेतना केन्द्रका संयोजक मेहरमान विक, सामुदायिक मेलमिलाप केन्द्रका संयोजक दुर्गा लिम्बु, सामुदायिक वन उपभोक्ता गाऊँ महासंघका अध्यक्ष विष्णुबहादुर भुजेल, चुलाचुली उच्च माविका प्रअ महेन्द्र भटराई, दामोदर माविका शिक्षक कृष्णप्रसाद भण्डारी लगायत रहनु भएको छ भने नेकपा एमालेका अध्यक्ष ज्ञानबहादुर लिम्बु र सरस्वती माविका शिक्षक शेरबहादुर लिम्बुले फरक मत राख्दै प्रतिबद्धता पत्रमा हस्ताक्षर गर्न मान्नु भएन । नेकपा एमालेका अध्यक्ष ज्ञानबहादुर लिम्बुको माग ताँखुवा गाविसमा क्रियाशिल ७ वटै दलहरुको हस्ताक्षर भए मात्र आफुले हस्ताक्षर गर्ने भन्ने थियो ।

त्यस्तै सरस्वती माविका शिक्षक शेरबहादुर लिम्बुले कार्यविधिमा भएको व्यवस्था अव्यवहारिक भएको र कार्यान्वयन गर्न नसक्ने बुँदा राखिएको हुँदा हस्ताक्षर गर्नुको औचित्य नभएको भन्ने रहेको थियो । उहाँले दलका गाविसमा प्रतिनिधित्व गर्ने पदाधिकारी, शिक्षक, कर्मचारी उपभोक्ता समितिमा बस्न नपाउने, दोहोरो उपभोक्ता समितिमा बस्न नपाइने व्यवस्था अव्यवहारिक भएको र सो व्यवस्थाले आफुहरुलाई गाविसको काम गर्नबाट पाखा लगाएर काम गर्न नसक्नेहरुलाई पदमा पुर्‍याउन खोजेको हुँदा यसमा सहमत हुन नसक्ने जानकारी गराउँदै हस्ताक्षर नगर्ने बताउनु भएको थियो । यसमा गाविस सचिव सन्तोष अधिकारीले कार्यविधिमा व्यवस्था भएर आएकोले प्रतिबद्धता नगरे पनि यो लागु गर्नु गाविसको दायित्व हुने स्पष्टोक्ती दिनुभएको थियो भने कार्यक्रममा अनुपस्थित राजनीतिक दलहरुलाई समेत बैठकमा प्रतिबद्धताको घोषणा पत्र पेश

गरी जानकारी गराउने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । त्यस्तै सञ्चालकले यस विषयमा फरक मत राख्न पाउनु उहाँहरुको अधिकार भएको र उहाँहरुको विचारको सम्मान गर्दै माथिल्लो निकायसम्म यो सुझाव पुर्‍याउने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो भने सात वटै राजनीतिक दलहरुलाई औपचारिक निमन्त्रण गरिएको भए  पनि ४वटा दलहरु विना जानकारी अनुपस्थित भएकोमा दुःख प्रकट गर्दै प्रतिबद्धताको एक एक प्रति उनीहरुलाई पनि गाविसमार्फत उपलब्ध हुने जानकारी गराउनु भएको थियो ।

कार्यक्रमलाई तीन खण्डमा सञ्चालन गरिएको थियो । सार्वजनिक सुनुवाई कार्यक्रमको रेडियो लाली गुराँस १०५.२ मेगाहर्जमा कार्यक्रम स्थलबाट रेडियोका प्रतिनिधि टेकेन्द्र ओझाले प्रत्यक्ष प्रशारण गराउनु भएको थियो भने कान्तिपुर टेलिभिजन सम्वाददाता विनोद घिमिरेले छायाँकन गर्नुभएको थियो । तांखुवा गाविसको कार्यालयबाहिर खुला स्थलमा आयोजित सो सार्बजनिक सुनुवाई कार्यक्रमको आचारसंहिता अनुमोदन गराई औचित्य र उद्धेश्यमाथि जनहित असल शासन क्लबका सचिव हुकुमप्रसाद दाहालले प्रकाश पार्नुभएको थियो भने कार्यक्रमको सहजीकरण संस्थाका कार्यक्रम संयोजक नोदनाथ त्रितालले गर्नुभएको थियो ।

कार्यक्रमको दोहोरो सम्वाद कार्यक्रमको विस्तृत विवरण निम्न अनुसार रहेको छ :

कार्यक्रमको दोहोरो सम्वादको प्रश्न उत्तर कार्यक्रममा कस कसले के के जिज्ञाषा एवं प्रश्नहरु राख्नु भयो र कस्तो जवाफ प्राप्त भयो भन्नेबारे विस्तृत विवरण निम्न अनुसार रहेको छ :

| क्र.सं. | प्रश्नकर्ताको नाम ठेगाना | सोधिएको प्रश्न | जवाफकर्ताको नाम | जवाफ दिएको विवरण |
|---|---|---|---|---|
| १ | सञ्चालक बाट | नागरीक सचेतना केन्द्र कसरी गठन भयो ? के गरिरहेको छ? नागरीक सचेतनाकेन्द्र गठन हुन अघि र पछि समुदायमा कस्तो प्रभाव रहेको छ ? | मेहरमान विक, संयोजक, नागरीक सचेतना केन्द्र | महिनाको चार पटक बैठक बसिरहेका छौं । एक पटकमा २०।२५ जना सम्म हुन्छौं । गाविस, पशु, कृषि सम्बन्धी कक्षाहरु हुन्छ । पहिलोको भन्दा अहिले धेरै अगाडि बढ्न सकिएको छ । पहुँचको अवस्था साह्रै छैन। बैठकमा बस्न चाहिँ पाइन्छ । |
| २ | सञ्चालक बाट | जनजातीको लागि आएको गाविसको बजेटले के कस्तो काम भइरहेको छ ? जनसहभागिता न्युन हुने कारण के हो ? समस्या कहाँ नेर छ ? | टंक तुम्वाहाँग, अध्यक्ष, जनजाती महासंघ | आइएलओ बारे अभिमुखीकरण गरेको छ । जनजातीको प्रोफाइल बनाएको छ । सीप विकाससम्बन्धी ३ दिने तालिम कार्यक्रम सचेतना सम्बन्धी गरियो । जनजातीको कार्यालय व्यवस्थापन भएको छ । जनजातीहरुको अवस्था कमजोर छ ।<br>चेतनास्तर न्युनछ । गाविसमा आएर सानो निवेदन लेख्न नसक्ने अवस्था छ । प्रस्तावना पेश गर्न समेत समस्या भइरहेको छ ।<br>यसलाई गाविसमा विभिन्न कार्यक्रम गर्न वडा नागरीक मञ्चहरु, पार्टी प्रतिनिधिहरुले घच्घच्याइरहने कार्य गर्नु पर्दछ । |
| | प्रतिप्रश्न | वडा वडाबाट किन सहभागीता जुटाउन नसकिएको होला ? | भवानीप्रसाद कटेल, संयोजक, वडा नं. २ | अहिलेको परिवेशमा घरमा मान्छेको संख्या कम छ। विदेश, पढ्न गएको अवस्था छ । कतिपयको अनुकुल नमिलेर हो । वर्षातको समय भएर होला । |
| ३ | ज्ञानबहादुर लिम्बु | जनजातीको प्रोफायल छ भनियो । त्यो कहाँ छ ? कस्तो अवस्थामा छ? | दिपक भुजेल, सचिव, जनजाती | पार्श्वचित्रको लागि तथ्याँक संकलनमा हामी पनि खटेको हो । यो जिल्लास्तरीय रुपमा कार्य भएको हो । यसको संयोजक अञ्जना ताम्ली हो । जिल्ला समन्वय परिषद्ले नै केभइरहेको छ भन्ने जान्दछ। हामीले अहिले सम्म त्यो प्राप्त गर्न सकेको छैनौं । |
| ४ | ज्ञानबहादुर लिम्बु | महिला शीषकको बजेटबाट मैनबत्तीको सिप तालिम दिएको भनियो । खोई त्यसको व्यवहारिक प्रयोग ? सिप सिकेर भत्ता खाने अनि प्रमाणपत्र मात्र राख्ने हो भने गाविसको लगानीको के उपलब्धी हुन्छ ? | उज्ज्वलता राई, सचिव, महिला सञ्जाल | हामीले सीपमुलक तालिम अन्तरगत मैनवत्ती तालिम दिएको, मेसिन खरिद गरेको नै हो । त्यसपछि के भयो विस्तृत अध्यक्षज्युलाई थाहा हुन्छ, अध्यक्षज्यु अहिले सम्पर्क विहिन हुनुहुन्छ । |
| ५ | गोमा भण्डारी | महिला सञ्जाल कत्तिको क्रियाशील छ ? महिलाका लागि प्रत्येक वडाको लागि १० हजार बजेट छुटियो भनिएको छ । हाम्रो वडामा, वडा नं. १,२, ३ मा पनि आएको छैन । सबै वडामा खर्च गरियो, घुम्तिकोष रकम वितरण गरियो भनिन्छ तर हाम्रो १ नं. वडामा अहिलेसम्म आएको छैन । त्यो हाम्रो वडामा आउने रकम कहाँ गएको छ ? | उज्ज्वलता राई, सचिव, महिला सञ्जाल | अध्यक्षमार्फत खर्च गर्ने भनेर बैंकबाट रकम निकासा भइसकेको छ । तर अध्यक्ष नभएर यो समस्या भइरहेको छ । अब चाँडैनै महिलाहरुको भेला गरी सञ्जाल पुनर्गठन गरेर यो समस्या हल गर्नुपर्ने छ । |
| ६ | प्रतिप्रश्न | गाविसको खाताबाट महिला सञ्जालको खातामा रकमान्तर हुने वित्तिकै कसरी बीलभरपाई फछ्यौंट हुन्छ ? काम नै | गाविस सचिव | गाविसको कुन आर्थिक वर्षको बजेट हो ? घुम्ति कोषबापतको त्यो रकम निर्णय सहित त्यो बीलभरपाई आएको छ । हेर्न भ्याइएको छैन । गाविसले |

| | | | | |
|---|---|---|---|---|
| | | नभएको कुरामा कसरी बीलभरपाई बनियो ? | | सबैलाई खातामा रकम निकासा गरिन्छ। लक्षित वर्गले आफैं बैठक गर्ने र निर्णय गर्ने गरेको छ। काम नै नभई रकम दिने कुरा आउँदैन। त्यसैले त्यसको बारेमा गाविसमा लिखित निवेदन आउनु पर्‍यो। हामी अनुगमन गरेर हेर्छौं। |
| ७ | | कृषि समन्वय समिति कहिले गठन भयो ? के काम गरिरहेको छ ? कृषि सेवा केन्द्र, चुलाचुलीसंग समन्वय छ कि छैन ? | डिल्लीश्वर लिम्बु, कृषि समन्वय समिति | आ.व. ६८।६९ बाट १ लाख ८० हजार बराबर रकम निकासा भएको थियो। उन्नत जातको बीऊ बीजन खरिद गरी वितरणगर्ने निर्णय भएको थियो। ठाऊँ विशेषको बीऊ बिजन खरिद गरी वितरण भइसकेको छ। यो आ.व.का. खानेपानी तथा खुला दिशामुक्त अभियानमा सबै खर्च भइरहेको छ। कृषि सेवा केन्द्रसंग समन्वय गरिरहेको छ। विरुवा माग फारम गर्ने र वितरण गर्ने। |
| ८ | | कृषि सेवा केन्द्रले के के सेवा गरिरहेको छ ? | ढाकुमाया कटुवाल, प्रतिनिधि | कृषि सेवा केन्द्रले उहाँहरुको ढुंगे कृषक समुह हो र उहाँहरुले माग गरे अनुरुप ५०० विरुवाहरु सुन्तला आँप लगायत अनुदानमा वितरण गर्ने कार्यक्रम रहेको छ। |
| ९ | | दलितको लागि गाविसले दिएको बजेटबारे थाहा छ कि छैन ? | कटकबहादुर रोक्का विक, दलित प्रतिनिधि | चन्द्रबहादुर दर्नाल र यज्ञबहादुर रणपहेलीसंग सबै खातापाता रहेको छ।उहाँहरुलाई मात्र थाहा छ। थाहा त अलि अलि हुन्थ्यो। अहिले सबै बजेट शौचालयमा गइरहेको छ। |
| १० | भेषराज रेग्मी | ताँखुवा गाविसको बजेट विनियोजन भएको अवस्थामा पनि चर्पी बनाएको छैन कसैकसैले। | जीतबहादुर परियार | गत वर्ष चाहिँ च्यादर नि पाए,सिमेन्ट, पाइप पाए, अहिले चाहिँ एउटा हड्डी मात्र दिएर सात दिनमा बनाउनु भनेपछि कसरी बनाउने ? दैनिक कमाएको पैसा भात खानु पर्छ। असार लागेपछि चाहिँ बनाउने छु। |
| | | प्रतिप्रश्न | गाविस सचिव | गाविसको अभियानमा सहयोग गर्नुहुन्न भने गाविसको सेवा सुविधा दिन बाध्य छैन, रोकिन्छ। |
| ११ | | प्रतिप्रश्न | कटकबहादुर रोक्का | गत वर्ष सबैथोक दिने अहिले एउटा पेन मात्र दिएको छ। बनाउन नसक्ने भएर होइन, अड्को थापेको मात्र हो। पहिले गरेको निर्णय अरुलाई मनाइरहेका छौं। |
| १२ | | प्रतिप्रश्न | शानबहादुर लिम्बु, निवर्तमान गाविस अध्यक्ष | गत वर्षको दलितमा गएको रकमले २० घरलाई नमुनाको रुपमा दलितले नमुना देखाऊ भनेर दलितमा विनियोजन भएको पैसा हो। यस वर्ष चाहिँ लक्षित वर्गको पैसा सबै चर्पीकोलागि एउटा पेन र पाइप किन्दिनेमा परेको हो। दलित कोटामा उहाँ नपर्नुभएकोले पुरा सहयोग नपाउनु भएको हो। |
| १३ | | राजनीतिक दलको भुमिका जनसहभागिता अभिवृद्धिको लागि के भइरहेको छ ? किन मान्छे उपस्थित हुन्नन् ? | मेघराज भट्टराई, राप्रपा | एक घर एक चर्पी अभियानको लागि प्रचारप्रसार भइरहेको छ। पाउनुपर्ने सबैले पाउनु पर्दछ भन्ने अनुरोध गर्दछु। |
| १४ | | | पृथ लिम्बु, नेपाली काँग्रेस | हामीले एक घर एक चर्पी अभियानको लागि धेरै सामान वितरण गरियो। अनुगमन पनि भइरहेको छ। बनिने क्रम जारी छ। ५ राजनीतिक दल नियमित बैठकमा आएर कुरा उठाइरहेको छौं। चर्पी बनाउनै नसक्ने भन्नेहरुलाई पछि निर्णय गर्ने सोच छ। गाविसले सबैलाई पत्र पठाउँदा पनि |

| | | | | |
|---|---|---|---|---|
| | | | | पहिले देखि पनि न्युन उपस्थिति हुने गरेको छ । |
| १५ | | राजनीतिक दलको भुमिकासम्बन्धमा र जनसहभागिता सम्बन्धमा । | ज्ञानबहादुर लिम्बु, नेकपा एमाले | प्रश्न धेरै आए । प्रश्न भनेजति आएको छैन । बाहिर सुन्दा हेर्दा धेरै गुनासो सुनिन्थे । गुनासो सुनाउने बेला मौन रहनु भयो । जनसहभागिता किन चाहिन्छ र ? मेरो चर्पी मैंले आफैं बनाउने हो नि । दलहरुले सहमतिमा चलाएको शासन छ अहिले । दलको दवावमा परेर के काम रोकिएको छ त? |
| १६ | | शिक्षक, कर्मचारी उपभोक्ता समितिमा बस्न दिएको छ कि छैन ? दोहोरो उपभोक्ता समितिमा बस्न नपाउने व्यवस्थाको कार्यान्वयन के कसरी भइरहेको छ ? | गाविस सचिव | कार्यविधिहरुको पालनाको लागि गाविसले लागु गरेको छ । कार्यविधिमा व्यवस्था भए पछि छुटै प्रतिबद्धता गरिरहनु पर्दैन । यो लागु हुन्छ । |
| १७ | | विद्यालयहरुलाई चकमुक्त क्षेत्र बनाउने अभियान गाविसको पहलमा सकिन्छ कि सकिन्न ? | गाविस सचिव | विद्यालयहरुले स्पष्ट निति ल्याउने पर्‍यो । गाविससंग सबै कुरामा मुख ताकेर बस्नु भएन । सबै १० वटै विद्यालयबाट माग भएर आउँछ भने विद्यालयमा व्हाइटबोर्ड अभियान चलाउन सकिन् छ। शिक्षकहरुलाई गाविसको तर्फबाट के अनुरोध छ भने कमसेकम आफ्नो घरमा चाहिँ चर्पी बनाइदिनुहोला । सहयोग गर्नुहोला । |
| १८ | कटकबहादुर रोक्का | पशु सेवा केन्द्रबाट बँगुरको पाठा पाउँछन् भन्ने आश्वासन पाएर पनि पाइएन? त्यो कहाँ गयो ? आश्वासन मात्र दिने हो कि सुविधा पनि पाउने हो ? दलितहरुलाई आश्वासन मात्र दिएर किन बँगुरको बुनी दिइएन? ३ वर्ष भयो, कहिलेसम्म कुर्ने ? अरुलाई पाठा वितरण गर्ने, दलितलाई चाहिँ नदिने ? एउटा सुँगुर ब्याउन कति दिन लाग्छ? एउटा सुँगुर ब्याउन ३ महिना लाग्छ, मलाई आश्वासन दिएको ३ वर्ष भयो। हामी दलित हो भने हामीलाई आएको बजेट माथि माथि नै सक्न पाइन्दैन । हाम्रो नाममा आउँछ, हामीले पाउनु छैन, के हो यो ? आउँछ दलितको नाममा, जान्छ, जनजातीको नाममा । | सोमन दाहाल | २०६५सालको जिल्ला पशुसेवा केन्द्रको वार्षिक कार्यक्रमको लागि बँगुर पालनमा ५० घरधुरीको लागि कार्यक्रम आएको हो । त्योदलित वस्तीमा समुह गठन गर्न पटक पटक सुचना गर्दा पनि जानकारी नआएकोले अन्य वडाहरुमा त्यो कार्यक्रम चल्यो । जम्मा ५ समुहमध्ये ५ वटा समिति गठन भएकोमा २० वटा बुहुनी, २ वटा पाठा वितरण भएको हो । साटासाट कार्यक्रम हो त्यो । पत्र पठाइन्छ, पत्र आइनै पुग्दैन । हुन्छ भने हुन्छ भनिदिनु। हुँदैन भने किन हुँदैन ? दलितको लागि कति वटा पाठा आए, कति कोटा थिए ? यो के विधि अनुसार वितरण भएको हो ? त्यो विवरण हेर्न सक्नु पर्दछ । एक पटक अफिसमा आउनु भयो भने सबै अभिलेख हेर्न सकिन्छ ।भोलिको दिनमा प्राथमिकतामा यो समुदायलाई राख्ने प्रतिबद्धता व्यक्त गर्दछु। |
| १९ | विनोद घिमिरे | औषधीको अभाव हुने, म्याद नाग्न लागेको दवाई आउने विषयमा यथार्थ के हो ? गाऊँको स्वास्थ्य संस्थाहरुमा एक महिना मात्र डेट बाँकी भएको औषधी किन आउँछ ? | दिनप्रसाद दुलाल, अहेव | चौमासिक रुपमा आउने हो । जिल्ला स्वास्थ्य कार्यालयले पठाउँदा नै कुनै कुनै १, २ महिनामात्र म्याद बाँकी भएको औषधी आउँछ । जिल्ला स्वास्थ्य कार्यालयले सबै गाऊँका स्वास्थ्य संस्थामा पठाउने गर्दछ । मेडिकल स्टोरले त्यसरी पठाएको भनिन्छ ।<br>जिल्ला स्वास्थ्य प्रमुखः अब त्यो औषधीहरु म्याद नाग्न सक्छ । कुनै कुनै औषधी त्यसरी त्यस्तो माग हुनसाथ फेरी पठाउने व्यवस्था हुन्छ । औषधी अभाव हुन दिदैनौं । मेडिकल स्टोरबाट पठाउने भएकोले अलिक लामो प्रक्रिया भएको छ । |
| २० | दुर्गाप्रसाद | ताँखुवा गाविसको स्वास्थ्य चौकीमा अनमी दरबन्दी थियो, | दिनप्रसाद दुलाल | कार्यालयमा भएका औषधीले नभेट्ने अवस्था भएमा मात्र औषधी क्लिनिकको |

| | | | | |
|---|---|---|---|---|
| | लिम्बु, | खाली भएको अवस्थामा २ जना कार्यालय सहयोगीहरु हुँदा हुँदै पनि प्रमुखले चावी बोकेर हिँड्ने चलन छ । स्वास्थ्य चौकीभित्र औषधी हुँदा हुँदै पनि क्लिनिकको दबाई बेच्ने, स्वास्थ्य चौकीको औषधी दिइन्दैन । यो किन ? | | दिइन्छ । क्लिनिक सुविधा हो, विरामीको अवस्था हेरी हिले, धनकुटा जानु नपरोस् भनेर स्वास्थ्य चौकीमा नआउने औषधीहरु क्लिनिकमा राखेको हो । चौकीको औषधी क्लिनिकमा ल्याएर बेचिएको छैन । |
| २१ | शेरबहादुर लिम्बु | अव्यवहारीक नीति कार्यविधिमा देखियो । कार्यान्वयन हुन नसक्ने कुरामा किन प्रतिबद्धता जनाउने ? यो प्रतिबद्धता पत्रमा मेरो असहमति छ । कित सही गरेपछि कार्यान्वयन गरेर देखाउनु पर्‍यो । एउटा योजना चलाउन निवेदन, प्रोपोजल लेख्नु पर्दछ, रिपोर्ट लेख्नु पर्दछ, अनि शिक्षक, कर्मचारी, दलका प्रतिनिधिलाई पाखा लगाएर कसरी कार्यक्रम चल्छ । यो नीति नै अव्यवहारिक छ । यस्तो कार्यान्वयन हुन नसक्ने कुरा कागजमा मात्र सही गरेर कुनै अर्थ छैन । | गाविस सचिव | कार्यविधिमा तोकिए पनि त्यसको कार्यान्वयन गर्नु गाविसको सचिवको दायित्व हुन्छ । हामी गाविसमा यो कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं । कार्यविधिमै भए पछि स्वतः कार्यान्वयन हुनु पर्दछ , प्रतिबद्धता गरिरहनु पर्ने विषय नै होइन यो । जहाँसम्म शिक्षक कर्मचारीबिना योजना छनौटमा समस्याको कुरा उठेको छ, यो गाऊँको यथार्थ हो यद्धपी त्यही अवस्थालाई सहयोग गर्न सामाजिक परिचालक नियुक्त हुनुभएको हो । बैठक, भेलाहरुमा बोलाएर उहाँसंग सहयोग लिन सक्नुपर्दछ सबैले । |
| २२ | ज्ञानबहादुर लिम्बु | यो प्रतिबद्धता पत्र राम्रो भए पनि ताँखुवा गाविसका ७वटै दलहरुले हस्ताक्षर गर्ने हो भने मात्र मैंले पनि नेकपा एमालेको तर्फबाट हस्ताक्षर गर्छु नत्र मेरो असहमति छ । आज ३ दल मात्र हामी उपस्थित छौं अरु चार दललाई पनि यसमा उपस्थित गराउन र घोषणा पत्रमा सही गराउन सक्नु पर्दथ्यो । | सञ्चालक | यसमा सबै दललाई निमन्त्रण गरेको हो । विना जानकारी अनुपस्थित हुनुभएकोमा अरु ४ दलप्रति दुःखप्रकट गर्दछौं । यो घोषणा पत्रको प्रति उहाँहरुलाई पनि उपलब्ध गराइनेछ । यहाँले फरक मत राख्न पाउनु हुन्छ । फरक विचारको हामी सम्मान गर्दछौं । यो घोषणा पत्रमा ऐक्यबद्धता जनाउन बाध्यात्मक होइन स्वेच्छिक हो । |

कार्यक्रममा उपस्थित सहभागीहरुको लिँगीय विवरण निम्न अनुसार रहेको छ :

| क.सं. | सार्बजनिक सुनुवाईको उपस्थिति | | | |
|---|---|---|---|---|
| | विवरण | महिला | पुरुष | जम्मा |
| १ | दलित | ० | ५ | ५ |
| २ | जनजाती | ६ | २८ | ३४ |
| ४ | अन्य | ७ | २३ | ३० |
| **कुल सहभागी** | | **१३** | **५६** | **६९** |

यसैगरी कार्यक्रममा उपस्थित सहभागीहरुको वडागत सहभागिताको विवरण निम्न अनुसार रहेको छ :

| सहभागीहरुको विवरण | वडागत रुपमा सहभागीहरुको विवरण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | अन्य | जम्मा |
| | २ | १० | ६ | ७ | २१ | ४ | ९ | १ | ० | ९ | ६९ |

## २.६ प्रतिबद्धता अनुगमन

## २.७ गाऊँ परिषद् र सार्वजनिक सुनुवाईको सहभागीताको विश्लेषण

| क.सं. | सार्बजनिक सुनुवाई, तांखुवा | | | | गाऊँ परिषद, तांखुवा | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | दलित | ० | ५ | ५ | ० | १ | १ |
| २ | जनजाती | ६ | २८ | ३४ | ६ | १४ | २० |
| ४ | अन्य | ७ | २३ | ३० | २ | ४ | ६ |
| **कुल सहभागी** | | **१३** | **५६** | **६९** | ८ | १९ | २७ |

## खण्ड पाँच
## परेवादिन गाविसको सार्वजनिक सुनुवाई
### ३.१ अभिलेख अध्ययन र अभिमुखीकरण कार्यक्रम

**धनकुटा**/जनहित असल शासन क्लब, कुरुले तेनुपा, धनकुटाले परेवादिन गाविसमा सार्वजनिक सुनुवाई तथा प्रतिबद्धता अनुगमन परियोजना अन्तरगत सार्बजनिक सुनुवाई कार्यक्रम गर्ने जानकारी मिति २०६९ चैत्र १२ गते गाविसमा आयोजित कार्यक्रममा गराइएको छ।

गाविस सचिव गणेशप्रसाद भटराईको प्रमुख आतिथ्यमा सम्पन्न गाविसस्तरीय सरोकारवालाहरुका लागि अभिमुखीकरण कार्यक्रममा सो जानकारी दिइएको हो।

कार्यक्रममा सार्बजनिक सुनुवाई कार्यक्रमको तयारीका लागि १०० जना सेवाग्राहीहरुसंग नमुना सर्वेक्षण गर्ने, नागरीक प्रतिवेदन पत्र र सेवाग्राही बहिर्गमन सर्वेक्षण गर्ने, गाविसस्तरीय समस्या तथा गुनासाहरु संकलन गरी सार्वजनिक सुनुवाईमा लैजाने जानकारी दिइएको थियो । कार्यक्रममा स्वास्थ्य चौकी परेवादिनका इन्चार्ज सुन्दरमान डँगोल, सिँधुवा बजार व्यवस्थापन समितिका अध्यक्ष शिवकुमार श्रेष्ठ, नेपाली काँग्रेसका सभापति रामचन्द्र भटराई, एनेकपा माओवादीका ढुण्डीराज थापा, नेकपा एमालेका महेन्द्र थापा, प्रहरी चौकी इन्चार्ज मिनकुमार क्षेत्री, अपाँग समन्वय समितिका उपाध्यक्ष खगेन्द्र तामाङ्ग, सरस्वती उच्च माविका प्रअ किरणकुमार राई तथा वडा नागरीक मञ्चका संयोजकहरु, लक्षित वर्ग दलित, जनजाती, महिला सञ्जालका प्रतिनिधिहरु लगायतले आफ्नो आफ्नो धारणा राख्नु भएको थियो । साथै कार्यक्रममा गाविसका समसामयिक समस्याहरु तथा सुर्तिजन्य वस्तु नियन्त्रण नियमन ऐनबारे समेत जानकारीमुलक छलफल भएको थियो । जनहित क्लबका संयोजक नोदनाथ त्रितालले उद्धेश्य एवं औचित्यमाथि प्रकाश पार्दै कार्यक्रमको सहजीकरण गर्नुभएको थियो भने कार्यक्रमको सञ्चालन क्लबका सचिव हुकुमप्रसाद दाहालले गर्नुभएको थियो।

| क्र.सं. | परेवादिन गाविसमा अभिमुखीकरण कार्यक्रमको उपस्थिति विवरण | | | |
|---|---|---|---|---|
| | विवरण | महिला | पुरुष | जम्मा |
| १ | दलित | ५ | ० | ५ |
| २ | जनजाती | २ | ७ | ९ |
| ३ | मधेषी | ० | ० | ० |
| ४ | अन्य | ७ | १२ | १९ |
| **कुल सहभागी** | | **१४** | **१९** | **३३** |

### २.२ सेवाग्राही बहिगमन सर्वेक्षणको नतिजा

सेवाग्राही बहिर्गमन सर्वेक्षणको सहभागीहरुको विवरण :

| गाविस | लिँग | | | जातजाती | | | |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | दलित | जनजाती | अन्य | जम्मा |
| परेवादिन गाविस | १३ | ४७ | ६० | ० | २७ | ३३ | ६० |

परेवादिन गाविसमा सेवाग्राही बहिर्गमन सर्वेक्षणमा १३ महिला, ४७ पुरुषसंग कुराकानी गरिएको थियो जसमा ० जना दलित, २७ जना जनजाती र २३ जना अन्य समुदायको सेवाग्राहीहरुसंग कुराकानी भएको थियो।

**सेवाग्राही बहिर्गमन सर्वेक्षणमा उत्तरदाताबाट प्राप्त प्रतिक्रियाको नतिजा :**

| क. सं. | विवरण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| ०१ | सेवाग्राही सेवा प्रदायक निकायमा आउनुको उद्धेश्य? | | |
| | सिफारिस लिनको लागि | २५ | ४१।६७ |
| | पञ्जिकरणको कार्य गर्न | १८ | ३० |
| | तिरो तिर्न | ८ | १३।३३ |
| | योजना माग र रकम निकासा | ३ | ५ |
| | अन्य | ६ | १० |
| | **जम्मा** | ६० | १०० |
| ०२ | सेवा प्रदायक निकायमा सेवाग्राहीको कामको प्रगति -काम भयो की भएन ? | | ० |
| | भयो | ५१ | ८५ |
| | भएन | ९ | १५ |
| | **जम्मा** | ६० | १०० |
| ०३ | गाविसको कार्यालय जाँदा नागरीक वडापत्र हेर्नुहुन्छ, थाहा छ? | | ० |
| | हेर्छु, थाहा छ | ४२ | ७० |
| | थाहा छैन | १८ | ३० |
| | **जम्मा** | ६० | १०० |
| ०४ | सेवाप्रदायक निकायका पदाधिकारीहरुबाट सो सेवा सम्बन्धी सुझाव प्राप्त भयो ? | | ० |
| | भयो | ५८ | ९६।६७ |
| | भएन | २ | ३।३३ |
| | **जम्मा** | ६० | १०० |
| ०५ | गाविसमा हुने बजेटबारे जानकारी हुन्छ कि हुन्न ? | | ० |
| | हुन्छ | ३३ | ५५ |
| | हुन्दैन | २७ | ४५ |
| | **जम्मा** | ६० | १०० |
| ०६ | सेवाग्राहीको अपेक्षा वा सन्तुष्टि कस्तो भयो ? | | ० |
| | सन्तुष्ट | ५२ | ८६।६७ |
| | असन्तुष्ट | ८ | १३।३३ |
| | **जम्मा** | ६० | १०० |

**सेवाग्राही बहिर्गमन सर्वेक्षणबाट प्राप्त गुनासा, सुझावहरु :**

**<u>गाविससंग सम्बन्धित</u>**

१. गाविस सचिव नियमित गाविसमा बसेर सेवा प्रदान गर्नुपर्ने । गाविस सचिव गाविसमा नभेटिने समस्या छ ।

२. योजनाहरुमा समयमा नै बजेट निकासा हुनुपर्ने र योजना तथा कार्यक्रमहरुको अनुगमन मुल्याँकन नियमित हुनुपर्ने।

३. सेवाग्राहीहरुले बुझाएको सम्पुर्ण करको रकम गाविस बैठकमा जानकारी गराउनु पर्ने,

४. गाविसको गाऊँ परिषद्बाट विनियोजित बजेट तोकिएको शीर्षकमा तोकिएको समयभित्र लक्षित वर्गमा खर्च गरिनुपर्ने ।

५. गाविसको काम गाविस कार्यालयमा नै हुनुपर्दछ । नयाँ गाविस भवन तत्काल पुरा गरी गाविस सञ्चालन गरिनुपर्दछ ।

६. गाविस सचिव नभएको बखतमा सहायकलाई काम गर्ने अधिकार दिएर भए पनि जनताको काम नरोकिने व्यवस्था मिलाउनु पर्दछ ।

७. सबै वडाहरुमा गाविसको नागरीक वडापत्रको बारेमा, वार्षिक कार्यक्रमहरुको बारेमा वडा नागरीक मञ्चहरुमार्फत जनचेतनामुलक कार्यक्रमहरु गर्नुपर्ने ।

## २.३ नागरीक प्रतिवेदन पत्र सर्वेक्षणको नतिजा

**नागरीक प्रतिवेदन पत्र सर्वेक्षणको सहभागीहरुको विवरण :**

| लिँगको आधारमा उत्तरदाताहरुको विवरण | | | जातजातीको आधारमा उत्तरदाताहरुको विवरण | | | |
|---|---|---|---|---|---|---|
| महिला | पुरुष | जम्मा | दलित | जनजाती | अन्य | जम्मा |
| १२ | ४८ | ६० | ३ | २३ | ३४ | ६० |

नागरीक प्रतिवेदन पत्र सर्वेक्षणमा ९ जना महिला र ५१ जना पुरुषसंग कुराकानी गरिएको थियो जसमा ६ जना दलित, ३३ जना जनजाती र २१ जना अन्य समुदायका सेवाग्राहीहरु रहेका थिए ।

**नागरीक प्रतिवेदन पत्र सर्वेक्षणबाट प्राप्त गुनासा, सुझावहरु :**

१. गाविसमा सचिव तथा कर्मचारी नियमित कार्यालयमा बस्नु पर्ने । समयमा कार्यालय खोलिनु पर्ने ।

२. बजेट पारदर्शी तरिकाले विनियोजन र परिचालन हुनुपर्ने ।

३. बजेट विनियोजन गर्दा सबै वडा र क्षेत्रमा समानुपातिक ढँगले वितरण गरिनुपर्ने । पिछडिएको क्षेत्रलाई प्राथमिकतामा राखेर बजेट दिनुपर्ने । गाविसले जनचेतनामुलक कार्यक्रमहरु गर्ने गरेको छैन ।

४. कम्तिमा तीन तीन महिनामा गाविसको आम्दानी खर्च सार्बजनिक गर्नुपर्ने ।

५. समयमा बजेट निकासा गर्नुपर्ने । योजना तथा कार्यक्रमहरुको अनुगमन तथा मुल्याँकन अनिवार्य गर्नुपर्दछ।

६. गाविसबाट सञ्चालन गर्नुपर्ने योजनाहरु आर्थिक वर्ष शुरुवातसंगै हुनुपर्ने ।

७. गाविसको तथा अन्य सरकारी निकायहरुको काम कारवाहीमा पारदर्शीता हुनुपर्ने, तोकिएको शीर्षकमा बजेट विनियोजन भई त्यहि शीर्षकमा खर्च हुनुपर्ने । राजनीतिक दल तथा अन्य व्यक्ति विशेषको दवावमा परेर बजेट विनियोजन गर्नु हुँदैन ।

८. पछाडि परेका समुदाय तथा क्षेत्रलाई प्राथमिकता दिई बजेट विनियोजन हुनुपर्ने,

९. गाविसलाई दुई भागमा बाँडेर कार्य सञ्चालन गर्दा झन् असहज भएको छ । कर्मचारीलाई पनि समस्या, सेवाग्राहीलाई पनि समस्या ।

१०. योजनाहरुलाई सञ्चालन गर्दा वातावरणीय पक्षलाई ध्यान दिँदै दीगो विकास हुने किसिमले लगानी गर्नुपर्ने । साथै योजनाहरुको मर्मत सम्भारका लागि गाविस, उपभोक्ता समिति लगायत सबैले मिलेर दीगो बनाई राख्नु पर्ने ।

## नागरीक प्रतिवेदन पत्र सर्वेक्षणबाट प्राप्त प्रतिक्रियाहरुको नतिजा :

| क. सं. | विवरण | उत्तरदाता संख्या | प्रतिशत | क. सं. | विवरण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| ०१ | सेवाग्राही सेवा प्रदायक निकायमा आउनुको उद्धेश्य के थियो ? | | | ०७ | उत्तरदाताको संस्थागत जिम्मेवारी के हो ? | | |
| | सिफारिस लिनको लागि | २२ | ३७ | | वडा नागरीक मञ्च | १२ | 20.00 |
| | पञ्जिकरणको कार्य गर्न | ८ | १३ | | महिला सञ्जाल | ६ | 10.00 |
| | तिरो तिर्न | ८ | १३ | | दलित सञ्जाल | २ | 3.33 |
| | योजना माग गर्न | १४ | २३ | | उपभोक्ता समिति | १५ | 25.00 |
| | रकम निकासा गर्नृ | ५ | ८।३ | | कृषि समन्वय समिति | ६ | 10.00 |
| | बैठक, भेटघाट | २ | ३।३ | | सामुदायिक वन उपभोक्ता समिति | ३ | 5.00 |
| | भत्ता प्राप्तिको लागि | १ | १।७ | | क्लब | ३ | 5.00 |
| | **जम्मा** | ६० | ३७ | | विद्यालयको प्रतिनिधि | ८ | 13.33 |
| ०२ | सेवा प्रदायक निकायमा सेवाग्राहीको कामको प्रगति -काम भयो की भएन ? | | ० | | अन्य | ५ | 8.33 |
| | भयो | ५६ | ९३ | | **जम्मा** | ६० | 100.00 |
| | भएन | ४ | ६।७ | ०८ | उत्तरदाताको पदीय जिम्मेवारी के हो ? | | 0.00 |
| | **जम्मा** | ६० | १०० | | अध्यक्ष | १५ | 25.00 |
| ०३ | गाविसको कार्यालय जाँदा नागरीक वडापत्र हेर्नुहुन्छ, थाहा छ? | | ० | | मेनेजर | २ | 3.33 |
| | हेर्छु, थाहा छ | ४८ | ८० | | संयोजक | १३ | 21.67 |
| | थाहा छैन | १२ | २० | | सचिव | २ | 3.33 |
| | **जम्मा** | ६० | १०० | | प्रधानाध्यापक | ४ | 6.67 |
| ०४ | गाविसको योजना निर्माण प्रक्रियामा तपाई सहभागी हुनु भएको छ? | | ० | | सदस्य | १९ | 31.67 |
| | भएको छु | ४१ | ६८ | | महिला स्वास्थ्य स्वयंसेविका | ३ | 5.00 |
| | भएको छैन | १९ | ३२ | | अन्य | २ | 3.33 |
| | **जम्मा** | ६० | १०० | | **जम्मा** | ६० | 100.00 |
| ०५ | गाविसमा हुने बजेटबारे जानकारी हुन्छ कि हुन्न ? | | ० | ०६ | सेवाग्राहीको अपेक्षा वा सन्तुष्टि कस्तो भयो ? | | ० |
| | हुन्छ | ४४ | ७३ | | सन्तुष्ट | ५८ | ९७ |
| | हुन्दैन | १६ | २७ | | असन्तुष्ट | २ | ३।३ |
| | **जम्मा** | ६० | १०० | | **जम्मा** | ६० | १०० |

**२.४ सवाल पहिचान बैठक**

जेठ २७ गते सार्बजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्न सवालहरुको टुंगो लगाउँदै परेवादिन गाविसमा जेठ ७ गते मंगलवार सर्वपक्षीय सवाल पहिचान बैठक सम्पन्न भएको छ ।

स्थानीय शासन उत्तरदायी संयन्त्र विराटनगरको सहयोगमा जनहित असलशासन क्लब, कुरुले तेनुपा धनकुटाले आयोजना गर्न लागेको सार्वजनिक सुनुवाई कार्यक्रममा कुन कुन विषयवस्तुहरुमाथि छलफल गर्ने भन्ने सवालको टुँगो परेवादिन गाविसको लागि जेठ ७ गते बसेको बैठकमा लागेको हो । क्लबले एक महिना अवधिसम्म गाविसको कार्यालय परिसरमा सेवाग्राही बहिर्गमन सर्वेक्षण र सबै वडाहरुमा नागरीक प्रतिवेदन पत्र सर्वेक्षण गरी १२० जना सेवाग्राहीहरुसंग सुझावहरु संकलन गरेको थियो । सो सर्वेक्षणबाट प्राप्त समस्या, गुनासाहरुलाई समेत समेटी राजनैतिक दल, नागरीक समाज, उपभौक्ता समितिका पदाधिकारी, वडा नागरीक मञ्चका संयोजकहरु सम्मिलित सरोकारवालाहरुको बसेको बैठकले विभिन्न सार्बजनिक सरोकारका विषयहरु सार्बजनिक सुनुवाई कार्यक्रममा छलफलको लागि लैजाने र सार्बजनिक सुनुवाई कार्यक्रममा सर्वसाधारण नागरीकहरुलाई समेत सहभागिता गराउने गरी प्रचारप्रसार गर्ने निर्णय समेत गरेको छ । ती सवालहरुमा गाविस अनुदान सञ्चालन कार्यविधि बमोजिम गाऊँ परिषद्बाट निर्णय भएका योजनाहरु कार्यान्वयनका अवस्था, गाऊँमा लक्षित वर्ग कार्यक्रमको प्रभावकारीता, सामाजिक परिचालनको अवस्था, उपभोक्ता समितिका रचनात्मक कार्य र समस्याहरु, बजेट विनियोजन प्रक्रिया, स्वास्थ्य संस्थासंग सम्बन्धित समस्याहरु लगायत सवालहरु रहेका छन् । बैठकमा १८ जनाको सहभागिता रहेको थियो ।

गाविस सचिव गणेशप्रसाद भटराईको अध्यक्षतामा बैठक भएको थियो भने बैठकको सहजीकरण जनहित असल शासन क्लबका सचिव हुकुमप्रसाद दाहालले गर्नुभएको थियो । कार्यक्रममा निम्न अनुसार सहभागिता रहेको थियो :

| क.सं. | मिति २०७० जेठ ७ गते परेवादिन गाविस | | | |
|---|---|---|---|---|
| | विवरण | महिला | पुरुष | जम्मा |
| १ | दलित | १ | ० | १ |
| २ | जनजाती | ० | ८ | ८ |
| ३ | मधेषी | ० | ० | ० |
| ४ | अन्य | ४ | ५ | ९ |
| **कुल सहभागी** | | **५** | **१३** | **१८** |

**कार्यक्रमको लागि चयन गरिएका प्रमुख सवालहरु :**

१. गाविसको गाऊँ परिषद्का निर्णयहरुको कार्यान्वयनको हालसम्मको अवस्था ।
२. गाविसको साइनबोर्ड, नागरीक वडापत्र व्यवस्थित र गाऊँ पार्श्वचित्र प्रकाशन (हाते पुस्तिका, होर्डिङ्गबोर्ड)
३. गाविस अनुदान कार्यान्वयनमा लक्षित वर्ग कार्यक्रम (दलित, जनजाती, अपाँग, बालबालिका, महिला आदि) कार्यान्वयनको अवस्था, पेश्की बेरुजु फछ्र्यौट ।
४. सामाजिक परिचालनको उपलब्धी र राम्रा काम ।
५. उपभोक्ता समितिहरुको राम्रो पक्ष र सुधार गर्नुपर्ने पक्ष ।
६. गाविसको प्राविधिक सहायकको जिम्मेवारी र उपभोक्ताको जनगुनासो ।
७. गाविसमा बजेट आउने प्रक्रिया, उपभोक्तामा निकासा हुने र खर्च हुने प्रक्रिया, हालसम्मको बेरुजु (नियमित गर्नुपर्ने पेश्की बेरुजु वा असुल गर्नुपर्ने बेरुजु ?)
८. सामाजिक लेखा परीक्षण गर्ने, गाविसस्तरीय अनुगमन समिति गठन र क्रियाशीलता छ कि छैन ?
९. गाऊँ विकास समितिमा देखिएको समस्या : कार्यालयका समस्या ? कर्मचारीका समस्या ? नागरीकका समस्या ?
१०. समस्या समाधान गर्न कसले के गर्नुपर्दछ ? राज्यले ? गाविसले ? सेवाग्राहीले ?
११. साझा सार्बजनिक प्रतिबद्धताको घोषणा पत्रमा के के समावेश गर्ने ?
१२. ताँखुवा गाविसलाई चकमुक्त क्षेत्र, अँध्यारोमुक्त, प्लाष्टिकमुक्त र खुला दिशामुक्त क्षेत्र घोषणा गर्ने अभियान
१३. गाविसमा गुनासो पेटिका राख्ने । अन्य सरकारी कार्यालयसंग सेवाग्राहीका जनगुनासाहरु ।
१४. गाऊँ पार्श्वचित्र, आवधिक योजनाको लागि विनियोजित बजेट र त्यसको कार्यान्वयनको अवस्था ।

## २.५ सार्बजनिक सुनुवाई कार्यक्रम

गाऊँ विकास समितिको कार्यालय, परेवादिन र जनहित असल शासन क्लब, कुरुले तेनुपा, धनकुटाले संयुक्त रुपमा परेवादिन गाविसमा मिति २०७० जेठ २७ गते सोमवारका दिन आयोजना गरेको ***'परेवादिन गाऊँ विकास समितिको सेवा प्रवाहको गुणस्तरीयताको अवस्था'*** विषयक **सार्बजनिक सुनुवाई** कार्यक्रम सफलतापुर्वक सम्पन्न भएको छ ।

गाविस सचिव गणेशप्रसाद भट्टराई मुख्य जवाफदेहि वक्ता रहनु भएको सो सार्वजनिक सुनुवाई कार्यक्रममा सामाजिक परिचालक नीलबहादुर थापा, स्वास्थ्य चौकी इन्चार्ज सुन्दरमान डंगोल, निवर्तमान गाविस अध्यक्ष केदारनाथ श्रेष्ठ, एकीकृत नेकपा माओवादीका अध्यक्ष ढुण्डिराज थापा, नेपाली काँग्रेसका सभापति इन्द्रकुमार श्रेष्ठ, नेकपा एमालेका अध्यक्ष सुरेन्द्रकुमार लिम्बु, राप्रपा अध्यक्ष इन्द्रबहादुर खड्का, प्रहरी चौकी इन्चार्ज मीनकुमार क्षेत्री, महिला सञ्जाल संयोजक टिमला श्रेष्ठ, जनजाती महासंघका कोषाध्यक्ष रुद्रबहादुर श्रेष्ठ, सामुदायिक विकास कोषका अध्यक्ष गिरिजाप्रसाद दाहाल, दलित समन्वय समितिका अध्यक्ष बलबहादुर विश्वकर्मा, अपाँग समन्वय समितिका अध्यक्ष भीमबहादुर श्रेष्ठ, बालसंरक्षण समितिका अध्यक्ष दिपक गुरुङ्ग, सामुदायिक वन उपभोक्ता गाऊँ महासंघका सचिव चन्द्रबहादुर थापा, सिँधुवा बजार व्यवस्थापन समितिका अध्यक्ष शिवकुमार श्रेष्ठ, सरस्वती माविका प्रअ देवबहादुर श्रेष्ठ, सगरमाथा बोर्डिङ्गका प्रिन्सिपल लेखनाथ आचार्य, सुलभ बचत तथा ऋण उपभोक्ता समितिका व्यवस्थापक रामचन्द्र भट्टराई, शिवालय बचत तथा ऋण सहकारी संस्थाकी अध्यक्ष राधा अधिकारी लगायतले जवाफदेहि वक्ताको भुमिका निर्वाह गर्नु भएको थियो । कार्यक्रममा स्थानीय १५६ जना नागरीकहरुको सहभागिता रहेको थियो भने सहभागीहरुले गाविसको सेवा प्रवाहको गुणस्तरीयताको बारेमा प्रश्नहरु राखेका थिए । गाविसको सेवा सुविधालाई अझ प्रभावकारी बनाएर लैजाने मुख्य उद्धेश्यले कार्यक्रमको अन्त्यमा १३ बुँदे साझा सार्बजनिक प्रतिबद्धताको सिँधुवा घोषणा पत्र २०७० हस्ताक्षर गरी जारी गरिएको थियो । उक्त **साझा सार्बजनिक प्रतिबद्धताको सिंधुवा घोषणा पत्र २०७०** को प्रस्तावनामा निम्न बुँदाहरु उल्लेख गरिएको छ :

- *परेवादिन गाविसका सेवाग्राहीहरुबाट सेवाग्राही बहिर्गमन सर्वेक्षण (Exit Poll) र नागरीक प्रतिवेदन पत्र (CRC) सर्वेक्षणमा प्राप्त सुझाव, सल्लाह र गुनासाहरुलाई मध्यनजर गर्दै,*
- *नागरीक वडापत्रको महत्व र सेवाग्राहीहरुको सुसुचित हुने आकाँक्षा र परेवादिन गाविसमा हालसम्म गुनासो पेटिका नभएको तथा नागरीक वडापत्र कार्यालयभित्र साँघुरो गरी राख्नु परेको अवस्थालाई आत्मसात गर्दै,*
- *परेवादिन गाविसको गाविस भवन निर्माण सम्पन्न हुनुपर्ने समय सिमा पुरा भएर पनि हालसम्म प्रयोग योग्य नभएको यथार्थतालाई मनन् गर्दै,*
- *गाविसको गाऊँ परिषद्को निर्णयहरुको कार्यान्वियनको अवस्थालाई समिक्षा गर्दे,*
- *गाविसबाट सञ्चालित योजनाहरुका उपभोक्ता समितिहरु, लक्षित वर्ग महिला, दलित, जनजाती, अपाङ्ग, जेष्ठ नागरीक कार्यक्रम र वडा नागरीक मञ्चका संयोजकहरु समेतले स्थानीय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि-२०६९ बारे अभिमुखीकरण तालिम पाउनु पर्ने भनी राखेको चासोलाई ध्यानमा राख्दै,*
- *गाविसस्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति गठन भएर पनि अपेक्षाकृत क्रियाशील गर्न नसकेको विगत आर्थिक वर्षहरुको अनुभवलाई स्मरण गर्दै,*
- *गाविसका योजनाहरुमा नियमित गर्नुपर्ने बेरुजु रकम र असुलउपर गर्नुपर्ने बेरुजु रकमको अवस्थालाई ध्यान दिँदै,*
- *योजनाहरुको विवरण उल्लेख गरेर होर्डिङ्ग बोर्ड राख्नु पर्ने कार्यविधिमा भएको व्यवस्थालाई मध्यनजर गर्दै,*

- *लक्षित वर्गको लागि पुँजीगत तर्फको कम्तिमा ३५% बजेट अनिवार्य विनियोजन गरी कार्य गर्नुपर्ने विषयलाई ध्यान दिँदै,*

***त्यसैगरी माथिको प्रस्तावनाको भावना र मर्म अनुरुप निम्न अनुसारका बुँदाहरुमा प्रतिबद्धता व्यक्त भएको छ :***

| *प्रतिबद्धता नं.* | *प्रतिबद्धताको विषयवस्तु* | *जिम्मेवार व्यक्ति अर्थात निकाय* | *कार्यान्वियनको समय सिमा* |
|---|---|---|---|
| १ | गाविसको वडा कार्यालय भित्र रहेको नागरीक वडापत्रलाई गाविस कार्यालयमा समेत एक प्रति टाँस गर्ने, गाविस कार्यालयको साइनबोर्ड व्यवस्थित गर्ने, | *गाविसको कार्यालय* | *१ महिना भित्र* |
| २ | गाविसको कार्यालय परिसरमा नागरीकहरुलाई गाविसका हरेक निर्णयहरुलाई सार्बजनिक गर्न सुचना पाटी र नागरीकहरुलाई गुनासो एवं सुझावहरु राख्न गुनासो पेटिका बनाएर राख्ने व्यवस्था मिलाउने । | *गाविसको कार्यालय* | *१ महिना भित्र* |
| ३ | गाऊँ विकास समितिको नागरीक वडापत्रलाई हाते पुस्तिकाको रुपमा प्रकाशन गरी वडा नागरीक मञ्चहरु, उपभोक्ता समिति, सञ्जालहरु मार्फत **एक घर एक नागरीक वडापत्र** अभियान सञ्चालन गर्ने, | *गाविस, दल, वडा नागरीक मञ्च, उपभोक्ता समिति* | *३ महिनाभित्र* |
| ४ | परेवादिन गाविस कार्यालय भवन निर्माणाधिन अवस्थामा रहेको र हाल कार्यालय दुई स्थानबाट सञ्चालन गरिरहनु पर्ने बाध्यता भएकोले ठेकेदारबाट तत्काल भवन निर्माण कार्य सम्पन्न गरी गाविसलाई भवन हस्तान्तरण गरिदिन सम्बन्धित पक्षमा लिखित ध्यानाकर्षण गराउने, | *गाऊँ विकास समितिको कार्यालय* | *असार मसान्तसम्ममा* |
| ५ | योजनाहरुका उपभोक्ता समितिहरु, लक्षित वर्ग महिला, दलित, जनजाती, अपाङ्ग प्रतिनिधिहरु, दलका प्रतिनिधिहरु तथा वडा नागरीक मञ्चका संयोजकहरु समेतलाई **स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि-२०६९** का प्रावधानहरुबारे अभिमुखीकरण गर्ने, | *गाविसको कार्यालय* | *आगामी ३ महिनाभित्र* |
| ६ | उपभोक्ता समितिहरुको नियमित आमभेला र दर्ता नविकरण गर्ने, जनलेखापरीक्षणलाई निरन्तरता दिने, कार्यविधि बमोजिम २ लाख बढीका योजनाहरुमा योजनास्थलमा होर्डिङ्ग बोर्ड राख्ने व्यवस्थालाई अनिवार्य कार्यान्वयन गर्न गराउने, | *गाविस र उपभोक्ता समितिहरु* | *असार मसान्तसम्ममा* |
| ७ | लक्षित वर्ग कार्यक्रमको लागि विनियोजित पुँजीगत तर्फको कम्तिमा ३५% बजेट र कृषि क्षेत्रको १५ प्रतिशत बजेटले लक्षित वर्ग र क्षेत्रलाई नै सहभागिता गराई सशक्तिकरण गर्ने गरी सीपमुलक, आयमुलक र व्यवसायमुलक कार्यक्रमलाई प्राथमिकता दिने, | *वडा नागरीक मञ्च, एकीकृत योजना तर्जुमा समिति, गाऊँ परिषद्* | *आगामी गाऊँ परिषद्सम्ममा* |
| ८ | गाविसबाट गत गाऊँ परिषद्मा गठन भएको योजना सुपरीवेक्षण तथा अनुगमन समितिलाई सक्रिय पार्न आमन्त्रित सदस्यहरु समेत राखी गाविसस्तरमा सञ्चालित योजनाहरुको स्थलगत अनुगमन र निरीक्षण | *गाविस र सम्पुर्ण उपभोक्ता समितिहरु* | *आगामी असार मसान्तसम्म* |

| *प्रतिबद्धता नं.* | *प्रतिबद्धताको विषयवस्तु* | *जिम्मेवार व्यक्ति अर्थात निकाय* | *कार्यान्वियनको समय सिमा* |
|---|---|---|---|
| | मुल्याँकनको कार्यलाई निरन्तरता दिने, | | |
| ९ | गाविसबाट चालु आर्थिक वर्षका कार्यक्रमहरुको सञ्चालन आषाढ मसान्तसम्म अनिवार्य सक्न सम्पुर्ण उपभोक्ता समितिहरु, वडा नागरीक मञ्च, राजनीतिक दलका प्रतिनिधिहरु समेतले अनुगमन गरी सक्रिय भुमिका निर्वाह गर्ने, | *गाविस र अनुगमन समिति* | *आगामी गाऊँ परिषद्सम्ममा* |
| १० | राजनैतिक दलका गाविसमा प्रतिनिधित्व गर्ने पदाधिकारीहरु, शिक्षक, कर्मचारीहरु उपभोक्ता समितिमा रहन नपाउने र दोहोरो उपभोक्ता समितिमा बस्न नपाउने स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को व्यवस्थालाई पुर्णरुपले कार्यान्वयन गर्ने, | *गाविस, दल र सम्पुर्ण विद्यालयका प्रअ एवं विव्यसहरु* | *आगामी ६ महिना भित्र* |
| ११ | गाविसको बजेटले सञ्चालित योजनाहरुमा रहेका नियमित गर्नुपर्ने बेरुजु रकमहरु र असुलउपर गर्नुपर्ने बेरुजु रकमहरुलाई अध्यावधिक गरी अनुगमन समिति समेतले ताकेता गरी गाविसमा नियमानुसार फछ्र्यौटको लागि पहल गर्ने | *गाविस र उपभोक्ता समितिहरु* | *असार मसान्तसम्म* |
| १२ | परेवादिन गाविसभित्र रहेका सम्पुर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरुमा बालबालिकालाई प्रत्यक्ष फाइदा पुग्ने गरी गाविसबाट बालबालिका शीर्षकमा विनियोजन हुने पुंजीगततर्फको १०% बजेटभित्र साझेदारीमा 'वाइटबोर्ड अभियान कार्यक्रम' समावेश गरी गाविसलाई 'कालोपाटीरहित चकमुक्त क्षेत्र' घोषणा गर्ने अभियानको शुरुवात गर्ने, | *विद्यालयका प्रअहरु र गाविस सचिव, सामाजिक परिचालक* | *आगामी गाऊँपरिषद्सम्म* |
| १३ | गाऊँ विकास समितिले आगामी आर्थिक वर्षदेखि गाऊँ परिषद् सम्पन्न भएको एक महिनाभित्र परिषद्बाट भएका निर्णयहरु सार्बजनिक गर्न र आम नागरीकहरुलाई सुसुचित गराउँदै पृष्ठपोषण लिन वर्षको एक पटक अनिवार्य सार्बजनिक सुनुवाई कार्यक्रम आयोजना गर्ने, गाऊँ परिषद्को निर्णय प्रतिलिपी गाविस परिसरको सुचना पाटीमा टाँस गर्ने, | *गाविस सचिव* | *आगामी गाऊँ परिषद्पश्चात* |

माथि उल्लेखित साझा सार्बजनिक प्रतिबद्धताहरु जारी गरी हस्ताक्षर गर्नुहुने जवाफदेहि वक्ताहरुमा प्रमुख जवाफदेहि वक्ता गाविस सचिव गणेशप्रसाद भट्टराई, सामाजिक परिचालक नीलबहादुर थापा, स्वास्थ्य चौकी इन्चार्ज सुन्दरमान डंगोल, निवर्तमान गाविस अध्यक्ष केदारनाथ श्रेष्ठ, एकीकृत नेकपा माओवादीका अध्यक्ष ढुण्डिराज थापा, नेपाली काँग्रेसका सभापति इन्द्रकुमार श्रेष्ठ, नेकपा एमालेका अध्यक्ष सुरेन्द्रकुमार लिम्बु, राप्रपा अध्यक्ष इन्द्रबहादुर खड्का, प्रहरी चौकी इन्चार्ज मीनकुमार क्षेत्री, महिला सञ्जाल संयोजक टिमला श्रेष्ठ, जनजाती महासंघका कोषाध्यक्ष रुद्रबहादुर श्रेष्ठ, सामुदायिक विकास कोषका अध्यक्ष गिरिजाप्रसाद दाहाल, दलित समन्वय समितिका अध्यक्ष बलबहादुर विश्वकर्मा, अपाँग समन्वय

समितिका अध्यक्ष भीमबहादुर श्रेष्ठ, बालसंरक्षण समितिका अध्यक्ष दिपक गुरुङ्ग, सामुदायिक वन उपभोक्ता गाऊँ महासंघका सचिव चन्द्रबहादुर थापा, सिँधुवा बजार व्यवस्थापन समितिका अध्यक्ष शिवकुमार श्रेष्ठ, सरस्वती माविका प्रअ देवबहादुर श्रेष्ठ, सगरमाथा बोर्डिङ्गका प्रिन्सिपल लेखनाथ आचार्य, सुलभ बचत तथा ऋण उपभोक्ता समितिका व्यवस्थापक रामचन्द्र भट्टराई, शिवालय बचत तथा ऋण सहकारी संस्थाकी अध्यक्ष राधा अधिकारी, वडा नागरीक मञ्च वडा नं. २ संयोजक रेगेन्द्र लिम्बु, वडा नागरीक मञ्च वडा नं. ५ सदस्य ठगेन्द्र मगर, वडा नागरीक मञ्च वडा नं. ६ उपसंयोजक एवं महिला सञ्जाल सचिव गायत्री पौडेल, वडा नागरीक मञ्च वडा नं. ८ संयोजक शारदाप्रसाद दाहाल र वडा नागरीक मञ्च वडा नं. ५ का संयोजक वीरबहादुर श्रेष्ठ लगायतले हस्ताक्षर गर्नुभएको थियो ।

सार्वजनिक सुनुवाई कार्यक्रमको रेडियो मकालु ९२.२ मेगाहर्जमा कार्यक्रम स्थलबाट रेडियोकी समाचारबाचिका देवकला कार्कीले प्रत्यक्ष प्रशारण गराउनु भएको थियो भने कान्तिपुर टेलिभिजन सम्वाददाता विनोद घिमिरे र हिमशिखर टेलिभिजन सम्वाददाता कविराज घिमिरेले छायाँकन गर्नुभएको थियो । परेवादिन गाविसको सिँधुवाबजारस्थित हाटखोलामा हटिया लाग्ने भवन परिसरमा आयोजित सो सार्बजनिक सुनुवाई कार्यक्रमको आचारसंहिता अनुमोदन गराई औचित्य र उद्धेश्यमाथि जनहित असल शासन क्लबका सचिव हुकुमप्रसाद दाहालले प्रकाश पार्नुभएको थियो भने कार्यक्रमको सहजीकरण संस्थाका कार्यक्रम संयोजक नोदनाथ त्रितालले गर्नुभएको थियो ।

कार्यक्रमको दोहोरो सम्वाद कार्यक्रमको विस्तृत विवरण निम्न अनुसार रहेको छ :

कार्यक्रमको दोहोरो सम्वादको प्रश्न उत्तर कार्यक्रममा कस कसले के के जिज्ञाषा एवं प्रश्नहरु राख्नु भयो र कस्तो जवाफ प्राप्त भयो भन्नेबारे विस्तृत विवरण निम्न अनुसार रहेको छ :

| क्र. सं. | प्रश्नकर्ता को नाम | सोधिएको प्रश्न | जवाफकर्ता को नाम | जवाफ दिएको विवरण |
|---|---|---|---|---|
| १ | सञ्चालक बाट | कार्यविधिमा व्यवस्था भए अनुसार गाविसस्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति बनाउने भन्ने उल्लेख छ तर परिषद्को २० निर्णयहरुमा कहिँ पनि अनुगमन तथा सुपरिवेक्षण समिति तोकिएको भनी निर्णय भएको देखिएन, किन ? | गणेशप्रसाद भटराई, गाविस सचिव | हामीले विगत वर्षदेखि नै अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्दै आएका थियौं । र निर्णय पनि गर्ने गरेका थियौं । परेवादिन गाविसमा अनुगमन समिति पनि छ, अनुगमन पनि गरिरहेको छ तर यस पटकको गाऊँ परिषद् निर्णयमा भुलवशः छुट्न गएछ । आगामी परिषद्मा लिखित रुपमा निर्णय गर्न प्रतिबद्धता व्यक्त गर्दछु । |
| २ | तिलक दाहाल, सहभागी | हाम्रो देशमा आर्थिक वर्ष श्रावणदेखि शुरु हुन्छ । तर योजनाका कामहरु भने आर्थिक वर्षको अन्तिमबाट मात्र शुरु हुन्छ । किन यस्तो भएको हो ? | गणेशप्रसाद भटराई, गाविस सचिव | यो समस्या परेवादिन गाविसको मात्र नभएर सम्पुर्ण गाविसहरुकै समस्या हो । आर्थिक वर्षको शुरुवात संग हाम्रा विकास निर्माणका काम शुरुवात भइदिने भए यो आर्थिक वर्षको अन्त्यमा दौंडधुप गर्नुपर्ने थिएन । परेवादिन गाविसको मात्र प्रयासले यो सम्भव नहुने रहेछ । सरकारले समयमा बजेट पारित गरेर बजेट निकासा गरिदिए हाम्रा योजनाहरु समयमै सम्पन्न हुने थिए । आगामी दिनमा नेपाल सरकारले समयमा नै बजेट निकासा गरिदिएर समयमै हाम्रा योजनाहरु सञ्चालन हुने वातावरण सिर्जना गरिदिओस् भन्न चाहन्छु । |
| ३ | देवेन्द्रबहादुर थापा, सहभागी | गाविसबाट बजेट विनियोजन गरेर गत वर्ष पिपलडाँडा ग्रामिण सडकको मर्मत हुँदा लगाईएको पर्खाल पाँच दिन पनि टिकेन, यस वर्ष पनि उक्त सडकलाई २ लाख रुपैया विनियोजन भएको छ । अब २ लाखको कस्तो पर्खाल बन्ने हो, वा ग्रामिण सडक कस्तो बन्ने हो ? अब पिपलडाँडा ग्रामिण सडक लगायत यस्ता ग्रामिण सडकहरुको भविष्य के होला ? | केदारनाथ श्रेष्ठ, अध्यक्ष, पिपलडाँडा ग्रा.स.उ.स. | गत वर्ष गाविसबाट विनियोजित रकमको प्राविधिक स्टिमेट अनुसार नै काम भएको र सम्पन्न पनि भएको हो । यस वर्ष पनि प्राविधिक स्टिमेट अनुसार नै काम गरेको छ । बाटो बिग्रिने अवस्था हामीले चाहेर होइन, वर्षातको पानी ले गर्दा समस्या आएको हो । हामीले कमजोरी गर्ने उद्बेश्य नराखेको र वर्षातको समयमा काम गर्नुपर्ने हुँदा समस्याहरु आउँछन् । समयमा बजेट नआउनु, वर्षातको समयमा काम गर्नुपर्ने आदि कारणले थप समस्या भएका छन् । बाटो खन्ने ठाऊँमा जग्गा विवादले गर्दा बाटो भनेजस्तो भएन । प्राविधिक स्टिमेटले पनि ग्रेडिँग नमिलेको हो । अहिले हामीले धेरै सुधार गरेर लगिरहेका छौं । |
| ४ | प्रतिप्रश्न | अनि अनुगमन नगरी कसरी पास भयो त त्यो योजना ? हामीले वर्षेनी श्रमदान गरेका छौं । ५,६ सय रुपैया उठाएर व्यक्तिगत रुपमा बोराका पर्खाल बनाएको छ । अनि त्यो बजेटले चाहिँ के गरियो ? | केदारनाथ श्रेष्ठ, अध्यक्ष, पिपलडाँडा ग्रा.स.उ.स. | अनुगमन तथा जाँच पास पनि भएका छन् । काम पनि भएको छ । बोराका वालहरु स्थानीय उपभोक्ताहरुले स्वतःस्फुर्त लगाएका हुन् । अहिले बाटोको स्तरोन्नती भएको छ । केहि समयपछि यसलाई ग्रेडिँग गरेर सुधार गरिनेछ । |
| ५ | प्रतिप्रश्न | यस ग्रामिण सडकलाई अनुगमन गरेर प्रभावकारी बनाउन गाविसको भुमिका चाहिँ के रहन्छ ? | गणेशप्रसाद भटराई, गाविस सचिव | हामीले अनुगमन गर्दा प्राविधिकलाई समेत लिएर नापजाँचको लागि गएका थियौं । प्राविधिकले नापजाँच गर्दासम्म लगाइएको पर्खाल दुरुस्त थियो । वर्षातको समयमा काम गर्दा समस्या भएर पर्खाल भत्किएको हो । अहिले पनि हामीले अनुगमन गर्ने गरेका छौं । हामीले त्यसबेला पनि वडा नागरीक मञ्चमार्फत तपाईंका वडामा सञ्चालन भएका योजनाहरुको अवस्था के छ? तपाईंहरुले पनि अनुगमन गरी गाविसलाई सिफारिस गरेर सहयोग गर्न अनुरोध गरेका थियौं । |

| क्र. सं. | प्रश्नकर्ता को नाम | सोधिएको प्रश्न | जवाफकर्ता को नाम | जवाफ दिएको विवरण |
|---|---|---|---|---|
| ६ | विष्णु पौडेल, सहभागी | गाविसले प्रत्येक वर्ष केहि रकम खेलकुदका लागि छुट्याउँछ । तर अहिलेसम्म हाम्रो क्लबले गाविसबाट खेलकुदका लागि कुनै सहयोग पाएको छैन । गाविसले आफैं खेलकुदका कुनै कार्यक्रम गरेको छ कि छैन ? | गणेशप्रसाद भटराई, गाविस सचिव | परेवादिन गाविसभित्र रहेका क्लबहरु धेरै छन् । बजेट मागका लागि गाऊँ परिषद्भन्दा अगाडि प्रस्तावना आए बजेट दिन सजिलो हुने थियो । यो वर्ष सामुदायिक सस्थाको तर्फबाट एउटा खेलकुदको कार्यक्रम आयोजना गरिदिनुपर्यो भनेर गाविससंग अनुरोध आएको थियो । तर यहाँ धेरै वटा क्लब तथा संस्थाहरु भएकोले एउटाले माग गर्दैमा त्यसलाई बजेट दिँदा अन्यबाट विरोध आउन सक्छ । त्यसैले सबैलाई सम्बोधन गर्ने भनेर एउटा गाविसस्तरीय खेलकुद समिति बनाएर गाविसको तर्फबाट भलिवल खेल सञ्चालन गरेको छ । आगामी वर्षदेखि गाऊँ परिषद् अगाडि नै तपाईहरुले प्रस्तावना लिएर आउनुहोस्, हामी सहयोग गर्ने प्रयत्न गदछौं । |
| ७ | अमर घिमिरे, सहभागी | यसभन्दा अगाडि गाविसले सिँधुवा बजारको फोहोर व्यवस्थापनका लागि डम्पिङ्ग साइट बन्दोवस्त गर्ने कुरा आएको थियो । अहिले नाम्जाङ्ग ७ मा बनाउने कुरा सुनिएको छ । के हुँदैछ ? बजारबाट सबै किसिमका फोहोरहरु उत्पादन हुन्छ । तर भैंसी काटेका हड्डी, होटलबाट निस्किएको खरानी, कपाल, बोका कुखुरा मरेका पनि घरअगाडि फालिएका छन् । हामी ७ नं. वासीलाई समस्या छ । गाविस, बजार व्यवस्थापन समिति, बजारबासी दल कस्ले ध्यान दिने कि नदिने ? | शिवकुमार श्रेष्ठ, अध्यक्ष, बजार व्यवस्थापन समिति, सिँधुवा बजार | सिँधुवा बजार विस्तार संगै फोहोरहरु बढ्दै गएका छन् । फोहोर व्यवस्थापनका लागि जग्गाको समस्या छ । प्रयास गरिरहेका छौं । परेवादिन वडा नं. ५ मा नेवारहरुको चियानडाँडा भन्ने ठाऊँमा ४० रोपनी जग्गा छ । यो जग्गामा डम्पिङ्ग साइट बनाउनका लागि अभियानका रुपमा प्रत्येक बजार बासीबाट व्यापारीबाट रकम उठाएर व्यवस्थित गर्नका लागि अगाडि बढिरहेका छौं । फोहोर व्यवस्थापनका लागि गाविसबाट कुनै सहयोग प्राप्त भएको छैन । सबै बजारबासी, व्यापारी , संघसंस्था मिलेर यसलाई समाधान गर्नुपर्दछ । सबै मिलेर हातेमालो गर्दै यसलाई व्यवस्थित गर्दै जानु पर्दछ। |
| ८ | प्रतिप्रश्न | थप जवाफको लागि | गणेशप्रसाद भटराई, गाविस सचिव | बजारको फोहोरले समस्या सिर्जना गरेको छ । गाविस आफैंले डम्पिङ्ग साइट निर्माण गर्न नसक्ने भएका ले २ वर्ष अगाडि सिम नेपाल आयोजनासंग डम्पिङ्ग साइट निर्माणका लागि प्रस्तावना लिएर गएका थियौं । यो ठुलो आयोजना भएकोले र बजेट अभावले काम गर्न नसक्ने भन्ने प्रतिक्रिया आयो । डम्पिङ्ग साइट भन्दा यो आयोजना बृहत हुने हुँदा यसलाई सानो स्किममा लिएर जाऔं त्यसैले यसलाई नाम परिवर्तन गरेर सानो आयोजनाको रुपमा ल्याउनु होस् भन्ने कुरा आएको छ । पुनः हामीले डम्पिङ्ग साइट भन्ने नाम परिवर्तन गरेर ठोस फोहोर व्यवस्थापन स्थल भनेर फेरि प्रस्तावना लिएर गएका छौं । अहिले विचाराधिन अवस्थामा छ । यो स्थल निर्माणका लागि आइइइ देखिका प्रक्रियाहरु पुरा गरेपछि मात्र सहयोग गर्ने भनिएको छ । फोहोरबाट धेरै समस्याहरु उत्पन्न हुन्छन् । त्यसको वातावरणीय पक्ष अध्ययन गर्नुपर्ने रहेछ । र सम्भाव्यता अध्ययन गर्नुपर्ने काम आषाढ मसान्तसम्म हुन्दैछ । त्यसमा सबैले सहयोग गर्नुहोला । |
| ९ | ठगेन्द्र मगर, सहभागी | गाविसको लगानीमा धेरै अगाडि देखि सिँधुवा बजारमा एउटा सामुदायिक भवन निर्माण कार्य शुरु गरिएको छ । जुन भवन अहिलेसम्म पनि निर्माण सम्पन्न भएको छैन । निर्माण भएको | गणेशप्रसाद भटराई, गाविस | सिँधुवा बजार नजिकै सामुदायिक भवन निर्माणाधिन अवस्थामा छ । २०६३ सालमा म आउँदा शुरु भइसकेको अवस्था थियो । यसलाई अलिक ठुलो बजेट चाहिने हुँदा यो पुरा हुन सकेन । हामी संग सिमित बजेट भएको र वडाबाट धेरै योजनाहरु |

| क्र. सं. | प्रश्नकर्ता को नाम | सोधिएको प्रश्न | जवाफकर्ता को नाम | जवाफ दिएको विवरण |
|---|---|---|---|---|
| | | पनि अहिले जीर्ण अवस्थामा छ । यो भवन किन निर्माण पुरा भएको छैन र सञ्चालनमा आएको छैन ? त्यसैगरी वडा नं. ४ मा निर्माण भइरहेको पक्की गाविस भवन निर्माण भइसकेर पनि किन कार्यालय सञ्चालन हुन सकेको छैन ? | सचिव | माग भइ आउने हुँदा यो भवनका लागि आवश्यक पर्ने रकम गाविसबाट विनियोजन गर्न सकिन्न । गाविसको निर्माणाधीन भवन शान्ति तथा पुनःनिर्माण मन्त्रालयको बजेटबाट टेण्डर प्रक्रियाबाट निर्माण भएको हो । ठेकेदारबाट निर्माण गरेका काममा ढिलासुस्ती भएको हो र सम्बन्धित निकायसम्म जानकारी गराउँदा पनि सुनुवाई भएको छैन । कम गुणस्तरका सामान कम गुणस्तरको बालुवा प्रयोग गरिएको र यस सम्बन्धित गुनासो लिएर सम्बन्धित निकायमा जाँदा समेत हाम्रो कुरा सुनुवाई भएन । ठेकेदारका कारण अहिलेसम्म पनि निर्माण सम्पन्न भएको छैन । निर्माण सम्पन्न भएर हामीलाई हस्तान्तरण भए पछि त्यस भवनबाट नै कार्यसञ्चालन हुनेछ । |
| १० | सुनिति श्रेष्ठ, सहभागी | प्रत्येक वर्ष महिलाहरुलाई भनेर विनियोजन हुने रकम केके मा खर्च भइरहेको छ ? | गणेशप्रसाद भटराई, गाविस सचिव | हरेक वर्ष हामीले महिलाका लागि विनियोजन हुने बजेट महिला सचेतनामा मात्र खर्च गर्न सकिरहेका छैनौं । केहि निश्चित बजेटहरु महिलाहरुका लागि मात्र खर्च गर्ने गरेका छौं । गत वर्ष वडा नं. १ र ७ मा महिलाका कार्यक्रमहरु सञ्चालन गरियो । हाम्रो गाविसमा महिला सञ्जाल गठन भएको पनि थिएन । त्यसैले कुनै पनि महिलाहरुको संस्थामार्फत कार्यक्रमहरु भएका छन् । तर हामीले यही जेठ २१ गते महिला सञ्जाल गठन गरेका छौं । आगामी वर्षहरुमा महिला सञ्जालको तर्फबाट महिलाका कार्यक्रमहरु सञ्चालन हुनेछन् । |
| ११ | भरत गुरुङ्ग, सहभागी | कृषि तथा दुग्ध उत्पादनमा अगाडि रहेको परेवादिन गाविसमा पशु कृषि प्राविधिक छैनन् । यसलाई कसरी समाधान गर्ने ? | गणेशप्रसाद भटराई, गाविस सचिव | नेपाल सरकारको नियमानुसार पशुसेवा, कृषि सेवा, वन कार्यालयहरु रहने र ती सेवाकेन्द्रहरुले सेवा दिनुपर्ने प्रावधानहरु छन् । परेवादिन गाविस कृषि र पशु पालनमा अगाडि रहेकोले यहाँका कृषकहरु, दलहरु संघसंस्थाहरु सबैको पहलमा एकजना पशु प्राविधिक राखिएको छ । जिल्ला पशु सेवा कार्यालयसंग नै समन्वय गरेर राखिएको हो । प्राविधिकले यही क्षेत्रमा बसेर सेवा दिनुपर्ने व्यवस्था मिलाइएको छ । उहाँले पनि सोही अनुसार सेवा दिनुभएकै छ । यदी उहाँबाट केहि कमजोरीहरु भएका रहेछन् भने हामी सम्म त्यस्ता सुझावहरु आएको खण्डमा उहाँलाई सचेत र सजग गराउन सकिन्छ । |
| १२ | सञ्चालक | महिला सञ्जाल भर्खर गठन भएको रहेछ, यसले भावि कार्य कसरी गर्ने सोच बनाउनु भएको छ? | टिमला श्रेष्ठ, संयोजक, महिला सञ्जाल | यो गाविसको महिला सञ्जाल यही जेठ २१ गते गठन भएको हो । आउँदा दिनमा गाविसका सबै महिलाहरुको हितका लागि काम गर्नेछौं । गाविसले बजेट कसरी दिन्छ त्यही अनुसार हामी काम गर्नेछौं। |
| १३ | प्रकाश खड्का, सहभागी | परेवादिन गाविसमा निजी र सरकारी गरी धेरै विद्यालयहरु सञ्चालनमा छन् । अधिकाँश विद्यालयहरुमा कालो पाटी तथा चक प्रयोग भइरहेका छन् । चकको प्रयोगले शिक्षक विद्यार्थीको स्वास्थ्यमा प्रत्यक्ष असर परिरहेको छ । विद्यालयलाई कालो पाटी | गणेशप्रसाद भटराई, गाविस सचिव | विद्यालयहरुलाई चकमुक्त क्षेत्र घोषणा गर्न जरुरी छ । विद्यालयहरुले व्यवस्थापन समितिको निर्णयका साथ वडा भेलामार्फत योजना लिएर आए गाऊँ परिषद्मा निर्णय गरेर साझेदारीमा यो कार्य गर्न सकिन्छ । त्यसको लागि म सबै विद्यालयका प्रअ तथा व्यवस्थापन समिति अध्यक्षज्युहरुलाई आग्रह गर्दछु । |

| क्र. सं. | प्रश्नकर्ता को नाम | सोधिएको प्रश्न | जवाफकर्ता को नाम | जवाफ दिएको विवरण |
|---|---|---|---|---|
| | | र चक मुक्त गरी व्हाइटबोर्ड सञ्चालनका लागि बालबालिका शीर्षकको बजेट अन्तरगतबाट गाविसले सहयोग गर्न सक्छ कि सक्दैन ? | | |
| १४ | भरत गुरुङ्ग, सहभागी | चकले बालबच्चाको स्वास्थ्यमा नराम्रो असर गर्छ तर परेवादिनमा निर्माण भएको सिमेन्ट उद्योगको कारणले हाम्रो स्वास्थ्यमा कस्तो असर पारेको छ ? सिमेन्ट उद्योगको कारणले वातावरण विग्रनुका साथै त्यसबाट निस्कने हानीकारक तत्वले मुटु फोक्सोमा असर गरिरहेको छ। सिमेन्ट उद्योग राख्न आइइइ गरियो गरिएन ? | गणेशप्रसाद भटराई, गाविस सचिव | सिमेन्ट उद्योग सञ्चालन गर्नु भन्दापहिले गाविसमा सम्पर्क गरेका थिए। हामीले सर्वदलीय बैठक बोलाएर बैठकमा निर्णय गरी त्यहि आसपासका व्यक्तिहरुको उपस्थितिमा सर्जिमिन मुचुल्का बनायौं। यहाँ सिमेन्ट उद्योग खोल्दा वातावरणीय असर पर्छ कि पर्दैन भनेर सर्जिमिन मुचुल्का गरिएको छ। त्यसैका आधारमा गाविसले सिफारिस दिएको हो। त्यसबेला ६०।७० जनाको भेलाले त्यही स्थान उचित छ भनेर भनेको थियो। आइइइ रिपोर्ट गाविसमा प्राप्त भएको छैन। |
| १५ | चन्द्रबहादुर थापा, सहभागी | गाविसमा आउँदा संस्थाबाट अध्यक्ष मेनेजरको सही भएको सिफारिस लिएर आउनु पर्ने भनिएको छ तर अध्यक्ष मेनेजर नभेटिने हुँदा समस्या छ। यसलाई के गर्न सकिन्छ ? | नीलबहादुर थापा, सामाजिक परिचालक | २०६३ सालको गाऊँ परिषद्को निर्णयमा गाविसमा सेवा लिन आउँदा संस्थाबाट सिफारिस ल्याउनु पर्ने भन्ने निर्णय भएको छ। त्यही अनुसार काम भइरहेको हो। सामुदायिक सस्थामार्फत सिफारिस ल्याउनुपर्ने हुँदा गाविस जाँदा आवश्यक पर्ने कागजातहरु संस्थाका अध्यक्ष मेनेजरले नै भनिदिने हुँदा काम गर्न सजिलो भएको। |
| १६ | रेगेन्द्र लिम्बु, सहभागी | विगतका वर्षहरुमा अपाँग शीर्षकमा विनियोजित बजेट कहाँ कहाँ खर्च भयो ? २४ औं गाऊँ परिषद्मा अपाँगकालागि के व्यवस्था गरियो ? | गणेशप्रसाद भटराई, गाविस सचिव | यो वर्षभन्दा पहिले पनि अपाँग समन्वय समितिसंग समन्वय गरी अपाँग परिचय पत्र वितरणको कार्यक्रम गरियो। यसपटक पनि अपाँग समन्वय समितिका अध्यक्षज्युको अनुरोधबाट २० हजार रुपैया विनियोजन गरी क वर्ग र ख वर्गका अपाँगलाई दामासाहीले भत्ता वितरण गरिदिने कुरा भएको छ। सबै दलित अपाँग जनजाती समन्वय समितिहरुले आफुले सम्झेका दिन कुरा उठाउने र निदाउने समस्या छ, यसलाई सुधार गर्नुपर्दछ। |
| १७ | सुनिता श्रेष्ठ, सहभागी | बजारमा ग्याँस आउँछ, थाहा पाइन्दैन। २।४ दिन ढिलो आइयो भने डिलरमा ग्याँस पाइन्न। ग्याँस सिधै व्यापारीकोमा पुग्छ। व्यापारीको मा हामीले १०० रुपैया बढी तिर्नुपर्दछ। डिलरमा ग्याँस पाइन्न भने डिलरको के काम? | गणेशप्रसाद भटराई, गाविस सचिव | गाविसले डिलरको सम्बन्धित व्यक्तिसंग बसेर छलफल गर्छौ र समाधानको प्रयत्न गर्नेछौं। डिलरको आधिकारीक व्यक्ती आजको कार्यक्रममा हुनुहुन्न। |
| १८ | प्रतिप्रश्न | थप जानकारीको लागि | शिव श्रेष्ठ, अध्यक्ष, बजार व्यस | ग्याँसको यस्तो कालो बजारीको कार्य भएको छ भने कृपया यस्तो काम व्यापारी वा डिलरले नगरौं। उपभोक्ता भनेका हाम्रै दाजुभाइ दिदिबहिनीहरु हुन्। उनीहरुमाथि यस्तो व्यवहार नगरौं। हामीले अब कम्पनी वा डिलरलाई यस्ता कार्य गर्नेहरुलाई कारवाहीको माग गर्दछौं। |
| १९ | शारदाप्रसाद दाहाल, सहभागी | सिँधुवास्थित हाटखोला बजार क्षेत्रमा दुर्गन्ध फोहोर छ। यो फोहोर बजारबासी वा बाहिरकाले गरेका हुन् ? यहाँ ट्वाइलेट छन् तर फोहोरका कारण पाइला टेक्ने स्थान छैन। यहाँ बनेको संरचनाको संरक्षण गर्न सकिन्न भने किन बनाइयो ? यसको | गणेशप्रसाद भटराई, गाविस सचिव | यसमा गाविस, बजार व्यवस्थापन समितिले व्यवस्थित गर्न सकिरहेका छैनौं। सफा ागर्ने मानिस बिना खबर बेपत्ता भएको एक हप्ता भयो। सफा गर्ने मान्छे आउनासाथ त्यो सफा हुन्छ। यसमा सबेका समान दायित्व हुन्छ भन्दा पन्छिने जस्तो देखिन्छ त्यसैले हाम्रो दायित्व भन्नु पर्दछ। |

| क्र. सं. | प्रश्नकर्ता को नाम | सोधिएको प्रश्न | जवाफकर्ता को नाम | जवाफ दिएको विवरण |
|---|---|---|---|---|
| | | जिम्मेवारी बजारबासी, नागरीकको मात्र हो कि गाविस वा राजनीतिक दल सबैको हो ? सफा गर्ने मान्छे चाहिँ राखिएको छ तर किन सफा गरिन्दैन ? | | शिव श्रेष्ठः फोहोरका लागि एउटा मल्लिक राखेको छ। बिरामी भएर घर गएको छ । आएपछि समस्या समाधान भइहाल्छ । |
| २० | फुर्वा रेन्जि शेर्पा, सहभागी | सडकलाई १५।३० मिटर चौडा विस्तार गर्ने भनेर बजारमा सानो जग्गामा घर बनाएर बस्ने जनताहरुलाई उठिबास लगाउन खोजिएको छ । गाऊँबाट सबै जग्गा जमिन बेचेर सानो टुक्रा किनेर बस्ने हामीले राज्यलाई कर पनि तिरेकै छ । तर राज्यले उसको रासोबासो उठाउन खोजिरहेको छ । सडकले जनताको बासै उठाउँछ भने सडकको के काम ? यसमा गाविस सचिव र राजनीतिक दलले के भुमिका खेल्छन् ? | गणेशप्रसाद भटराई, गाविस सचिव | नेपाल सरकारले बनाएको नियमलाई गाविसले काट्न सक्दैन । ऐन नियम भित्र रहेर आफ्नो हैसियतमा रहेर गाविसले के के काम गर्न सक्छ । तपाई हामी बसेर छलफल गरौं । यसका लागि सरकारसमक्ष जाऔं र प्रयत्न गरौं । |
| २१ | ,, | प्रतिप्रश्न : सामाजिक परिचालन भनेको कमाइखाने अखडाजस्तो भएको छ । सर्वसाधारणलाई नियम लादेर ऋण लगेर खानुपर्ने जस्तो बाध्यता बनाइएको छ । व्याजदर चर्को छ । व्याजै तिर्न त च्याऊसरि बैंकहरु आएका छन्, त्यहीबाट ऋण ल्याउन सकिहालिन्छ नि ? | नीलबहादुर थापा, सामाजिक परिचालक | ऋण लगेको ब्याजको दर भाका ननाग्दा १२ प्रतिशत र भाका नाग्दा १८ प्रतिशत छ । अन्य गाविसको भन्दा हाम्रो गाविसमा ब्याज कम हो । यसलाई पनि अध्यक्ष मेनेजर भेलामा छलफल गरी घटाउन सकिन्छ । तर कम्तिमा २, ३ प्रतिशत ब्याजदर भन्दा क मगर्न चाहिँ मिल्दैन किनकी हामीले २प्रतिशत स्थानीय विकास कोषमा बुझाउनु पर्दछ । त्यो भन्दा बाहेक प्रशासनीक खर्च गर्नुपर्दछ । व्याज घटाउँ भन्नुहुन्छ र सिएमसी भेलाले पास गर्छ भने यो ब्याज दर घटाउन सकिन्छ । |
| २२ | रेगेन्द्र लिम्बु, सहभागी | विगतका वर्षहरुमा वडा नागरीक मञ्चहरुलाई दिने भनेर भनेको रकम किन दिइएन ? | नीलबहादुर थापा, साप | सबै वडा नागरीक मञ्चका संयोजकहरुलाई प्रति बैठक १०० रुपैया दिने भनिएको हो । त्यो रकम गाविसको खातामा आइसकेको छ । अब हामी तत्काल उपलब्ध गराउने प्रतित्रद्धता व्यक्त गर्दछु । |
| २३ | प्रकाश खड्का, सहभागी | कला साहित्यको लागि लेखकहरुलाई गाविसले के सहयोग  गर्न सक्छ ? कला साहित्य, भाषा, लिपी र लेखन क्षेत्रमा गाविसले के गरिरहेको छ ? | गणेशप्रसाद भटराई, गाविस सचिव | कला साहित्यका लागि कार्यविधिमा निर्देशिकामा यति प्रतिशत हुनुपर्दछ भनेर व्यवस्था नगरिएकोले समस्या आएको हो । तर लेखन कला साहित्यमा राख्नु भएका व्यक्तिहरु संगठित भएर आउनु भएको खण्डमा परिषद्मा सर्वदलीय सर्वपक्षिय भेलाले निर्णय गरेर निकासा निकाल्ने अवस्था आउन सक्छ । प्रक्रियागत ढँगले आएको खण्डमा गाविसले सकारात्मक सोच बनाउन सक्छ । |
| २४ | हरिप्रसाद ओझा, सहभागी | सर्वसाधारण ८०।८५ जनाबाट एक एक हजारका दरले रकम उठाएर टेलिफोन सेवाका लागि जग्गा खरिद गर्ने भनिएको थियो । त्यो रकम सामुदायिक भवनमा खर्च गरियो भन्ने सुनिन्छ, के भइरहेको छ? | गणेशप्रसाद भटराई, गाविस सचिव | त्यो जग्गा खरिद भइसकेपछि म आएको हो । यसमा गाविसको पनि लगानी रहेको र भवन निर्माणाधीन भएको अवस्था थियो । अहिले त्यो जग्गा गाविसको नाममा रहेको छ । टेलिकमको नाममा थियो भने समस्या हुनसक्थ्यो । गाविसको नाममा भएकोले सजिलो भएको छ । भवनलाई व्यवस्थि तगर्नलाई सबै बसेर यसको समाधानको लागि पहल गरौं । |
| २५ | सोम | परेवादिनको सिँधुवाबजार छेऊमा रहेको सरस्वती उच्च मावि ६ | ढुण्डिराज | क्याम्पसको लागि जग्गादाताले दिएको जग्गामा भवन निर्माण गर्दा तलमाथि |

| क्र. सं. | प्रश्नकर्ता को नाम | सोधिएको प्रश्न | जवाफकर्ता को नाम | जवाफ दिएको विवरण |
|---|---|---|---|---|
| | भटराई, सहभागी | दशक पार गरिसकेको भएता पनि यो सुकुम्बासी सरह अर्काको जग्गामा छ । चारैतिर व्यक्तिगत जग्गा भएकोले मेरो जग्गा भनेर मिच्ने क्रम जारी छ । ५० रोपनी जग्गा छ भनिएको छ। तर त्यो अहिले सम्म छुटयाइएको छैन, किन यसको पहल नभएको हो ? | थापा, अध्यक्ष, विव्यस | परेकोले अलिकति समस्या आएको हो । तर त्यो जग्गा पनि छुट्याएरदिने कुरा भइसकेको छ ।यस विषयमा कुरा भइसकेको छ । व्यक्तिहरुले पनि जग्गा पास गरिदिने बताइसकेका छन् । त्यसैले यो समस्या छिटै समाधान हुन्छ । |
| २६ | लेखनाथ आचार्य, सहभागी | अनुशासन,स्वास्थ्य र मनोरञ्जनका लागि खेलकुद भनिन्छ । प्रत्येक वर्ष गाविसबाट पनि खेलकुदका लागि बजेट विनियोजन हुन्छ भनिन्छ । खेलमैदानका लागि यो गाविसमा समस्या छ । यसका लागि पनि गाविसबाट के हुन सक्ला ? | गणेशप्रसाद भटराई, गाविस सचिव | हामीसंग खेलकुद मैदान छैन । जग्गा व्यवस्थापन कसरी गर्ने ? सबै क्लब, राजनीतिक दल, सामाजिक संघसंस्थाहरु बसेर छलफल गरौं ।जग्गाको विकल्प भेटिएमा खेलमैदानका लागि गाविसले गर्न सक्ने सहयोग हुन्छ । यदी गाविसको बजेटले संभव नभए विभिन्न खेलकुदसंग सम्बन्धित अन्य निकायहरुसंग समन्वय गरेर पहल गर्नेछौं । |
| २७ | हरिप्रसाद ओझा, सहभागी | परेवादिन गाविसमा जम्मा ४२ वटा समुह छन् । जसमा ३१ वटा मात्र सक्रिय छन् भनिएको छ । ११ वटा निश्क्रिय छन् । हिँजो भएको गाऊँ विकास कोषको चुनावमा ती ११ वटा समुहहरुलाई सहभागी गराइयो की गराइएन ? सक्रिय छैन भने त्यस्ता निश्फल समुहलाई किन राखिएको छ ? | नीलबहादुर थापा, सामाजिक परिचालक | सबै ४२ वटै सक्रिय हुनुपर्ने हो । हामी कोशिष गरिरहेका छौं । समुहहरु सक्रिय नभई सामाजिक परिचालन सार्थक हुँदैन । |
| २८ | नीरबहादुर तोलाँगी, सहभागी | नेपाल सरकारले दलितका लागि विनियोजन गरेको रकम कति र कहाँ विनियोजन गरेको छ? कसरी र कहाँ खर्च भइरहेको छ? गाविस सचिव र दलित सञ्जाल अध्यक्षलाई मेरो प्रश्न । | गणेशप्रसाद भटराई, गाविस सचिव | दलितको बजेट दलित समन्वय समितिलाई दिएको हो । हामी सबै बसेर निर्णय गरी गरीब दलित परिवारमा बँगुर पालनका लागि २हजारका दरले दिएको हो । त्यसबाट बँगुर पाठा किनेर बढाउनु हुन्छ र बँगुर बिक्रि गरी २हजार रुपैया फिर्ता गर्नुहुन्छ र त्यो रकम अर्को दलित परिवारलाई दिने र अन्य उहाले बचत गर्नुहुन्छ भन्ने अपेक्षा थियो तर जहाँ लगानी गरेको छ त्यहीं हराएको छ। हाल आएर दलित समन्वय समितिको पनि हामीलाई पैसा उठाइदिन अनुरोध छ । हामीले समन्वय समितिलाई दिएको, अब उहाँहरुले नै उठाउन पहल गर्नुपर्‍यो । दलितको पैसा पेश्की रहिरहेको देखिन्छ । रकम पाउन परिषद् अगाडिनै सबै समन्वय समितिहरुले प्रस्तावना गाविसमा पठाउनु भयो भने परिषद्मा निर्णय गर्न सजिलो हुन्छ । |
| २९ | ,, | ,, | बलबहादुर विश्वकर्मा, अध्यक्ष, दलित सस | गाविसले दलित समुदायलाई वर्षको १० हजार रकम विनियोजन गरेको छ । तर अहिलेसम्म पाइएको छैन । किन पाइएन भने पहिलेको रकम दलितलाई नै लगानी गरियो । त्यसको पेश्की फछ्र्यौट बाँकी छ । समस्या हाम्रो दलित समुदायभित्रै बाट भएको छ । |
| ३० | लेखनाथ आचार्य, सहभागी | ग्रामिण सडक बनाइन्छ । डोजर प्रयोग गर्ने गरिन्छ ।फेरी अर्को वर्ष पनि त्यहि बाटोमा डोजर लगाउन बजेट विनियोजन गरिन्छ । यो प्रथा अन्त्य हुनुपर्दछ । बरु थौरै बनाऊँ राम्रो बनाऊँ, यसलाई गाऊँ परिषद्मा जोडदारका रुपमा राख्नु पर्दछ । | गणेशप्रसाद भटराई, गाविस सचिव | बाटो खनिन्छ तर संरक्षण गरिन्न । आफ्नो घर पायक पर्ने बाटोलाई हामी आफैंले रेखदेख र मर्मत सम्भार गरौं । बाटो निर्माण भइसकेपछि त्यसलाई संरक्षण गर्न मर्मत सम्भार उपसमिति बनाऔं । टयाकटर कुद्नेबाटोमा मर्मत सम्भार भनेर सय पचास सहयोग लिऔं र बाटोको संरक्षण गरौं । |
| ३१ | ढुण्डिराज | राज्यले स्वास्थ्य चौकीलाई दिएको औषधी कति प्रकारको छ? | सुन्दरमान | स्वास्थ्य चौकी भएता पनि उपस्वास्थ्य चौकीको सरह २५ आइटम मात्र औषधी |

| क्र. सं. | प्रश्नकर्ता को नाम | सोधिएको प्रश्न | जवाफकर्ता को नाम | जवाफ दिएको विवरण |
|---|---|---|---|---|
| | थापा, सहभागी | कति निशुल्क छ? निशुल्क औषधी अनुगमन समितिको के काम छ ? यो सक्रिय छ कि छैन ? स्वास्थ्य चौकीमा आउँदा त्यहाँ उपचार नगरेर क्लिनिकमा आउनु भनेको पाइन्छ । महिला अनमी नियुक्ती गरिएको छ । तर उहाँले पाउने सेवा सुविधा पाएको छैन भन्ने सुनिन्छ । विभिन्न छलकपट गरेर उहाँलाई अन्यत्र सरुवा लगिन्दैछ र यहाँ आएको सेवालाई विस्थापित गरिन्छ रे ? यो यथार्थ के हो? अनुगमन समितिले पर्याप्त औषधी छ कि छैन भनेर चाहिँ अनुगमन गर्छ कि गर्दैन ? | डंगोल, सि.अहेव, | उपलब्ध हुँदै आएको छ । दिनुपर्ने ३२ आइटम हो । यहाँ स्वास्थ्य चौकी अनुसारको दरबन्दी पुर्ति हुन सकेको छैन । औषधीहरुमा ४० आइटम पुग्छ तर पुग्नु पर्ने ५५।६० आइटम हो । निशुल्क औषधी व्यवस्थापन समिति र अनुगमन समितिले अनुगमन गरिरहेको छ । समितिको रोहवरमा औषधि खोलिन्छ र रेकर्ड राखिन्छ । म्याद नाघेका औषधीहरु समितिको रोहवरमा नष्ट गर्छौ ।<br>स्वास्थ्य संस्थामा उपचार नगराई क्लिनिकमा आउनु भनेको कुरा सत्य होइन । यहाँ नहुने उपचार र औषधीका लागि मात्र अन्यत्र पठाउने गरिएको हो । प्रसुति सेवाको लागि आउनु हुने कर्मचारी काज मा आउनु भएको थियो । जिल्लाले नै काज फिर्ता गर्दैछ । त्यो जिल्लाले नै पहल गर्नुपर्ने हुन्छ । |
| ३२ | | प्रतिप्रश्नः सरकारले सुत्केरीका लागि भत्ताको व्यवस्था तोकेको छ। त्यो व्यवस्था यहाँ छ कि छेन ? | ,, | प्रसुति सेवाका लागि एएनएम हुनुहुन्छ । चौबिसै घण्टे प्रसुति सेवाका लागि बर्थिंग सेन्टर तोक्नुपर्दछ । हाम्रोमा त्यो सुविधा छैन । चौबिसै घण्टा प्रसुति सेवा तोकेको केन्द्रमा मात्र त्यो सुविधा हुन्छ । सरकारले यहाँ बर्थिंग सेन्टर तोकेको छैन । यहाँ निकट भविष्यमा नै बर्थिंग सेन्टर हुँदैछ । |
| ३३ | गायत्री पौडेल, सहभागी | गत वर्ष नारी दिवसमा महिलाले गरेको कायृक्रममा सबैलाई पत्र दिँदा समेत राजनीतिक दलका जिम्मेवार पुरुषहरुले वेवास्ता गरी कार्यक्रममा किन अनुपस्थित हुनुभयो ? महिलाहरुले गरेको काममा भविष्यमा यहाँहरुको साथ सहयोग हुन्छ कि हुन्न ? | सबै राजनितिक दलहरुका प्रतिनिधिहरु | हामी कामको व्यस्तताले त्यो दिन अनुपस्थित भएछौं । महिला बिनाको पुरुष अपुरो हुन्छ । त्यसैले आगामी दिनमा तपाईहरुले गर्ने कार्यक्रमहरुमा साथ सहयोग र उपस्थिति रहने प्रतिबद्धता व्यक्त गर्दछौं । |
| ३४ | गोकुल पौडेल, सहभागी | सिँधुवा बजारमा विद्युतको समस्या छ । ८ घण्टा लोडसेडिँग बनाए पनि डबल हुन्छ । सडक बत्ती अलपत्र छन् । व्यवसायलाई क, ख, ग, घ, वर्ग छुट्याएर कर लिइन्छ । त्यो कर बजारको लागि छुट्याइएको होला । हामीले तिरेको करले के के काम गरिन्छ ? | शिव श्रेष्ठ, अध्यक्ष, बजार समिति | विद्युतको व्यवस्था राज्यले गर्नुपर्दछ । खबरदारी हामी सबैले गर्नुपर्दछ । करबाट उठेको रकम गाविसले विकासका लागि खर्च गरेको होला । हटियाको कर बजार सफ ागर्नेलाई मासिक २ हजारका दरले खर्च गर्ने गरिएको छ । |
| ३५ | दीपक गुरुँग, सहभागी | हिँजो सामुदायिक विकास कोषको चुनाव पुरै राजनीतिक जस्तो भयो । निष्कृय समुहहरु पनि भोट हाल्न ल्याइए । राजनीतिक हिसाबले भोट हाल्न मात्र समुह कि अरु बेला पनि सक्रिय हुने ? सबै समुहहरुलाई सक्रिय पार्न निष्पक्षता रहन्छ कि रहन्न ? | गिरिजाप्रसाद दाहाल, अध्यक्ष, साविको | मेरो कार्यकाल निष्पक्ष हुन्छ । म सबैलाई समेटेर लैजाने योजनामा छु । अब छिटै सबै समुहहरुको अध्यक्ष मेनेजर बैठक गरेर कसरी अगाडि बढ्ने भन्ने निर्णय गर्नेछु । |
| ३६ | ,, | राजनीतिक दलहरुले यसलाई कसरी लिएका छन् ? | ढुण्डिराज थापा, एनेकपा माओवादी | हिँजोको सामुदायिक विकास कोषको समिति चयनका लागि भएको चुनाव लोकतान्त्रिक प्रक्रियाको अभ्यास हो । यो प्रक्रिया स्वागतयोग्य छ । तर नराम्रो अस्वास्थ्य प्रतिष्पर्धालाई घोर बिरोध गर्नुपर्दछ । अस्वस्थ्य कामको लागि हाम्रो पार्टी घोर भर्त्सना र असहयोग गर्छ तर स्वच्छ र राम्रो कामको लागि सधैं स्वागत गर्दछ । हिँजो निष्पक्ष चुनाव भएको छ । यसलाई सबैले सहयोग गर्नुपर्दछ । |

कार्यक्रममा उपस्थित सहभागीहरुको लिँगीय विवरण निम्न अनुसार रहेको छ :

| क.सं. | सार्बजनिक सुनुवाई कार्यक्रमको उपस्थिति विवरण | | | |
|---|---|---|---|---|
| | विवरण | महिला | पुरुष | जम्मा |
| १ | दलित | १ | ४ | ५ |
| २ | जनजाती | २० | ४९ | ६९ |
| ४ | अन्य | २२ | ६० | ८२ |
| **कुल सहभागी** | | **४३** | **११३** | **१५६** |

यसैगरी कार्यक्रममा उपस्थित सहभागीहरुको वडागत सहभागिताको विवरण निम्न अनुसार रहेको छ :

| सहभागीहरुको विवरण | वडागत रुपमा सहभागीहरुको विवरण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | अन्य | जम्मा |
| | ६ | ३ | २ | ९ | ६३ | २९ | २० | १० | २ | १२ | १५६ |

## २.६ प्रतिबद्धता अनुगमन

## २.७ गाऊँ परिषद् र सार्वजनिक सुनुवाईको सहभागीताको विश्लेषण

| क.सं. | सार्बजनिक सुनुवाई, परेवादिन | | | | गाऊँ परिषद्, परेवादिन | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | दलित | १ | ४ | ५ | ० | १ | १ |
| २ | जनजाती | २० | ४९ | ६९ | २ | १४ | १६ |
| ४ | अन्य | २२ | ६० | ८२ | ३ | १८ | २१ |
| **कुल सहभागी** | | ४३ | ११३ | १५६ | ५ | ३३ | ३८ |

## खण्ड छ
## भीरगाऊँ गाविसको सार्वजनिक सुनुवाई

### ३.१ अभिलेख अध्ययन र अभिमुखीकरण कार्यक्रम

स्थानीय शासन उत्तरदायी संयन्त्र (LGAF) विराटनगरको सहयोगमा जनहित असल शासन क्लब, कुरुले तेनुपा, धनकुटाले भीरगाऊँ गाविसको सभाहलमा आयोजना गरेको सार्बजनिक सुनुवाई तथा प्रतिबद्धता अनुगमन परियोजनासम्बन्धी गाविसस्तरीय सरोकारवालाहरुसंग एक दिने अभिमुखीकरण कार्यक्रम मिति २०६९ चैत्र १० गते शनिवार सम्पन्न भएको छ ।

उपस्थित सम्पुर्ण सहभागीहरुको सामुहिक सभापतित्व तथा गाविस सचिव रोहित निरौलाको प्रमुख आतिथ्यमा सम्पन्न सो अभिमुखीकरण कार्यक्रममा सार्बजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्नुपर्ने उद्धेश्य, औचित्य र सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालनका चरणहरुबारे सरोकारवालाहरुलाई जानकारी गराइएको थियो ।

स्थानीय शासन उत्तरदायी संयन्त्रको आर्थिक सहयोगमा गाविसस्तरमा सार्बजनिक सुनुवाई गर्न लागिएको जानकारी गराइएको थियो । साथै स्थानीय शासन उत्तरदायी संयन्त्रको बारेमा समेत जानकारी दिइएको थियो । बैठकले राजनैतिक दल, संघसंस्था, सञ्जाल, नागरीक समाज तथा पत्रकार सबैले आआफ्नो तर्फबाट सबै चरणमा सक्दो सहयोग गरी कार्यक्रम सफल पार्न सहयोग गर्ने निर्णय गरेको छ । साथै कार्यक्रमको प्रचारप्रसार र सेवाग्राही बहिर्गमन सर्वेक्षण, नागरीक प्रतिवेदन पत्र सर्वेक्षण र सवालहरुलाई अन्तिम रुप दिने बैठकहरु सञ्चालन गरी वडा नागरीक मञ्चतहसम्म प्रचारप्रसार गरी सार्बजनिक सुनुवाई कार्यक्रमको तयारी गर्न आवश्यक सबै खाले सहयोग गर्ने निर्णय समेत भएको छ ।

कार्यक्रममा सहभागीहरुले आयोजकलाई गाविसस्तरमा रहेका समस्याहरु समाधान गर्न सक्ने गरी सार्बजनिक सुनुवाई कार्यक्रमलाई उपलब्धीमुलक, अनुसन्धानमुलक बनाउन सुझावहरु राख्नु भएको थियो । कार्यक्रममा नेपाली काँग्रेसका भक्तबहादुर भण्डारी, नेकपा एमालेका चन्द्रलाल तामाङ्ग, एमाओवादीका रामप्रसाद गुरागाईं, सामाजिक परिचालक रुपा बनेम, नागरीक सचेतना केन्द्रकी युवा थापा, श्री मान् टंक उच्च माविका प्रअ वासुदेव निरौला, महिला सञ्जालकी अध्यक्ष रमा बराल, अपाँग समन्वय समितिका अध्यक्ष चुडामणी सुवेदी, दलित उत्थान समितिका सूर्यबहादुर दर्नाल, जनजाती महासंघका कोषाध्यक्ष मानबहादुर भुजेल, उपभोक्ता सहकारी संस्थाका व्यवस्थापक राजेन्द्रप्रसाद गुरागाईं तथा वडा नागरीक मञ्चहरुका प्रतिनिधिहरु, नागरीक समाज, उपभोक्ता समिति एवं पत्रकारहरु समेतको उपस्थिति रहेको थियो ।

| क्र.सं. | अभिमुखीकरण कार्यक्रमको उपस्थिति विवरण | | | |
|---|---|---|---|---|
| | विवरण | महिला | पुरुष | जम्मा |
| १ | दलित | ० | २ | २ |
| २ | जनजाती | २ | ९ | ११ |
| ३ | मधेषी | ० | ० | ० |
| ४ | अन्य | २ | १६ | १८ |
| **कुल सहभागी** | | **४** | **२७** | **३१** |

### २.२ सेवाग्राही बहिगमन सर्वेक्षणको नतिजा

सेवाग्राही बहिर्गमन सर्वेक्षणको सहभागीहरुको विवरण :

| **गाविस** | **लिँग** | | | **जातजाती** | | | |
|---|---|---|---|---|---|---|---|
| | **महिला** | **पुरुष** | **जम्मा** | **दलित** | **जनजाती** | **अन्य** | **जम्मा** |
| **भीरगाऊँ गाविस** | १७ | ४३ | ६० | ३ | २८ | २९ | ६० |

भीरगाऊँ गाविसमा सेवाग्राही बहिर्गमन सर्वेक्षणमा १७ महिला, ४३ पुरुषसंग कुराकानी गरिएको थियो जसमा ३ जना दलित, २८ जना जनजाती र २९ जना अन्य समुदायको सेवाग्राहीहरुसंग कुराकानी भएको थियो ।

**सेवाग्राही बहिर्गमन सर्वेक्षणमा उत्तरदाताबाट प्राप्त प्रतिक्रियाको नतिजा :**

| **क्र. सं.** | **विवरण** | **उत्तरदाता संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| ०१ | सेवाग्राही सेवा प्रदायक निकायमा आउनुको उद्धेश्य? | | |
| | सिफारिस लिनको लागि | ३ | ५.०० |

| क्र. सं. | विवरण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| | पञ्जिकरणको कार्य गर्न | २२ | ३६।६७ |
| | तिरो तिर्न | ३३ | ५५।०० |
| | भत्ता | २ | ३।३३ |
| | **जम्मा** | ६० | |
| ०२ | सेवा प्रदायक निकायमा सेवाग्राहीको कामको प्रगति - काम भयो की भएन ? | | |
| | भयो | ५७ | ९५।०० |
| | भएन | ३ | ५।०० |
| | **जम्मा** | ६० | १००।०० |
| ०३ | गाविसको कार्यालय जाँदा नागरीक वडापत्र हेर्नुहुन्छ, थाहा छ? | | |
| | हेर्छु, थाहा छ | १४ | २३।३३ |
| | थाहा छैन | ४६ | ७६।६७ |
| | **जम्मा** | ६० | १००।०० |
| ०४ | सेवाप्रदायक निकायका पदाधिकारीहरुबाट सो सेवा सम्बन्धी सुझाव प्राप्त भयो ? | | |
| | भयो | ५४ | ९०।०० |
| | भएन | ६ | १०।०० |
| | **जम्मा** | ६० | १००।०० |
| ०५ | गाविसमा हुने बजेटबारे जानकारी हुन्छ कि हुन्न ? | | |
| | हुन्छ | ५ | ८।३३ |
| | हुन्दैन | ५५ | ९१।६७ |
| | **जम्मा** | ६० | १००।०० |
| ०६ | सेवाग्राहीको अपेक्षा वा सन्तुष्टि कस्तो भयो ? | | |
| | सन्तुष्ट | ५६ | ९३।३३ |
| | असन्तुष्ट | ४ | ६।६७ |
| | **जम्मा** | ६० | १००।०० |

**सेवाग्राही बहिर्गमन सर्वेक्षणबाट प्राप्त गुनासा, सुझावहरु :**

**गाविससंग सम्बन्धित**

१. गाविस सचिव नियमित गाविसमा बसेर सेवा प्रदान गर्नुपर्ने । गाविस सचिव गाविसमा नभेटिने समस्या छ ।

२. योजनाहरुमा समयमा नै बजेट निकासा हुनुपर्ने र योजना तथा कार्यक्रमहरुको अनुगमन मुल्याँकन नियमित हुनुपर्ने

३. दलित, जनजातीहरुका लागि सीपमुलक तालिमको व्यवस्था हुनुपर्ने ।

४. मालपोत दस्तुर घटाउनु पर्ने । मालपोत रेकर्ड नविकरण गर्नुपर्ने ।

५. कृषि क्षेत्रमा लगानी गर्न गाविसले प्रयत्न गर्नुपर्ने ।

६. गाविसमा कर्मचारी राख्नु पर्ने ।

## २.३ नागरीक प्रतिवेदन पत्र सर्वेक्षणको नतिजा

**नागरीक प्रतिवेदन पत्र सर्वेक्षणको सहभागीहरुको विवरण :**

| गाविस | लिँग | | | जातजाती | | | |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | दलित | जनजाती | अन्य | जम्मा |
| भीरगाऊँ गाविस | २१ | ३९ | ६० | ८ | २३ | २९ | ६० |

नागरीक प्रतिवेदन पत्र सर्वेक्षणमा ९ जना महिला र ५१ जना पुरुषसंग कुराकानी गरिएको थियो जसमा ६ जना दलित, ३३ जना जनजाती र २१ जना अन्य समुदायका सेवाग्राहीहरु रहेका थिए ।

**नागरीक प्रतिवेदन पत्र सर्वेक्षणबाट प्राप्त गुनासा, सुझावहरु :**

१. गाविसमा सचिव तथा कर्मचारी नियमित कार्यालयमा बस्नु पर्ने । समयमा कार्यालय खोलिनु पर्ने ।
२. बजेट पारदर्शी तरिकाले विनियोजन र परिचालन हुनुपर्ने ।
३. बजेट विनियोजन गर्दा सबै वडा र क्षेत्रमा समानुपातिक ढँगले वितरण गरिनुपर्ने । पिछडिएको क्षेत्रलाई प्राथमिकतामा राखेर बजेट दिनुपर्ने ।
४. उपभोक्ता समितिहरुलाई नियमित अनुगमन गर्नुपर्छ र कामको मुल्याँकन हेरी दण्ड र पुरस्कारको व्यवस्था हुनुपर्दछ ।
५. गाविसमा कर्मचारी नियुक्ती गर्नुपर्ने ।
६. एकल महिलाहरुका लागि पनि लक्षित वर्ग अन्तरगतकै कार्यक्रम बनाएर छुट्टै बजेट विनियोजन गरिनुपर्दछ । एकल महिलाहरुलाई वर्षमा एक पल्ट प्रोत्साहन तथा पुरस्कृत गरिनुपर्दछ ।
७. सबै प्रकारका अपाँगहरुलाई भत्ताको व्यवस्था गर्नुपर्दछ ।
८. जातीय छुवाछुत प्रथा अन्त्यका लागि जागरण अभियान सञ्चालन गर्नुपर्ने ।
९. खुला दिशामुक्त गाविस छिटो भन्दा छिटो घोषणा गरिनुपर्दछ ।
१०. महिलाहरुको लागि सीपमुलक आयआर्जनमुलक कार्यक्रमहरुको व्यवस्था हुनुपर्ने ।

## नागरीक प्रतिवेदन पत्र सर्वेक्षणबाट प्राप्त प्रतिक्रियाहरुको नतिजा :

| क्र. सं. | विवरण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| ०१ | सेवाग्राही सेवा प्रदायक निकायमा आउनुको उद्धेश्य के थियो ? | | |
| | सिफारिस लिनको लागि | २० | ३३।३३ |
| | पञ्जिकरणको कार्य गर्न | १० | १६।६७ |
| | तिरो तिर्न | २७ | ४५।०० |
| | बैठक, भेटघाट | २ | ३।३३ |
| | भत्ता प्राप्तिको लागि | १ | १।६७ |
| | **जम्मा** | ६० | १०० |
| ०२ | सेवा प्रदायक निकायमा सेवाग्राहीको कामको प्रगति-काम भयो की भएन? | | ० |
| | भयो | ६० | १०० |
| | भएन | ० | ० |
| | **जम्मा** | ६० | १०० |
| ०३ | गाविसको कार्यालय जाँदा नागरीक वडापत्र हेर्नुहुन्छ, थाहा छ? | | |
| | हेर्छु, थाहा छ | २७ | ४५।०० |
| | थाहा छैन | ३३ | ५५।०० |
| | **जम्मा** | ६० | १०० |
| ०४ | गाविसको योजना निर्माण प्रक्रियामा तपाईं सहभागी हुनु भएको छ? | | |
| | भएको छु | १८ | ३०।०० |
| | भएको छैन | ४२ | ७०।०० |
| | **जम्मा** | ६० | १०० |
| ०५ | गाविसमा हुने बजेटबारे जानकारी हुन्छ कि हुन्न ? | | |
| | हुन्छ | २० | ३३।३३ |
| | हुन्दैन | ४० | ६६।६७ |
| | **जम्मा** | ६० | १०० |
| ०६ | सेवाग्राहीको अपेक्षा वा सन्तुष्टि कस्तो भयो ? | | ० |
| | सन्तुष्ट | ६० | १०० |
| | असन्तुष्ट | ० | ० |
| | **जम्मा** | ६० | १०० |

| क्र. सं. | विवरण | उत्तरदाता | प्रतिशत |
|---|---|---|---|
| ०७ | उत्तरदाताको संस्थागत जिम्मेवारी? | | |
| | वडा नागरीक मञ्च | १६ | २६।७ |
| | महिला सञ्जाल | ५ | ८।३३ |
| | दलित सञ्जाल | ४ | ६।६७ |
| | उपभोक्ता समिति | ११ | १८।३ |
| | जनजाती महासंघ | ७ | ११।७ |
| | नागरीक सचेतना केन्द्र | ३ | ५।०० |
| | अपाँग समन्वय समिति | २ | ३।३३ |
| | विद्यालयको प्रतिनिधि | २ | ३।३३ |
| | कृषि समन्वय समिति | २ | ३।३३ |
| | बाल क्लब तथा अन्य क्लब | ६ | १०।०० |
| | अन्य | २ | ३।३३ |
| | **कुल** | ६० | १०० |
| | | | |
| ०८ | उत्तरदाताको पदीय जिम्मेवारी के हो? | | |
| | अध्यक्ष | १५ | २५ |
| | मेनेजर | २ | ३।३३ |
| | संयोजक | ७ | ११।७ |
| | सचिव | ३ | ५ |
| | प्रधानाध्यापक | २ | ३।३३ |
| | सदस्य | २८ | ४६।७ |
| | महिला स्वास्थ्य स्वयंसेविका | ३ | ५ |
| | अन्य | ० | ० |
| | **जम्मा** | ६० | १०० |

## २.४ सवाल पहिचान बैठक

जेठ ३१ गते सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्न सवालहरुको टुँगो लगाउँदै भीरगाऊँ गाविसमा जेठ २४ गते शुक्रवार सर्वपक्षीय सवाल पहिचान बैठक सम्पन्न भएको छ ।

स्थानीय शासन उत्तरदायी संयन्त्र विराटनगरको सहयोगमा जनहित असलशासन क्लब, कुरुले तेनुपा धनकुटाले आयोजना गर्न लागेको सार्वजनिक सुनुवाई कार्यक्रममा कुन कुन विषयवस्तुहरुमाथि छलफल गर्ने भन्ने सवालको टुँगो परेवादिन गाविसको लागि जेठ २४ गते बसेको बैठकमा लागेको हो । क्लबले एक महिना अवधिसम्म गाविसको कार्यालय परिसरमा सेवाग्राही बहिर्गमन सर्वेक्षण र सबै वडाहरुमा नागरीक प्रतिवेदन पत्र सर्वेक्षण गरी १२० जना सेवाग्राहीहरुसंग सुझावहरु संकलन गरेको थियो । सो सर्वेक्षणबाट प्राप्त समस्या, गुनासाहरुलाई समेत समेटी राजनैतिक दल, नागरीक समाज, उपभौक्ता समितिका पदाधिकारी, वडा नागरीक मञ्चका संयोजकहरु सम्मिलित सरोकारवालाहरुको बसेको बैठकले विभिन्न सार्बजनिक सरोकारका विषयहरु सार्बजनिक सुनुवाई कार्यक्रममा छलफलको लागि लैजाने र सार्बजनिक सुनुवाई कार्यक्रममा सर्वसाधारण नागरीकहरुलाई समेत सहभागिता गराउने गरी प्रचारप्रसार गर्ने निर्णय समेत गरेको छ । ती सवालहरुमा गाविस अनुदान सञ्चालन कार्यविधि बमोजिम गाऊँ परिषद्बाट निर्णय भएका योजनाहरु कार्यान्वयनका अवस्था, गाऊँमा लक्षित वर्ग कार्यक्रमको प्रभावकारीता, सामाजिक परिचालनको अवस्था, उपभोक्ता समितिका रचनात्मक कार्य र समस्याहरु, बजेट विनियोजन प्रक्रिया, स्वास्थ्य संस्थासंग सम्बन्धित समस्याहरु लगायत सवालहरु रहेका छन् । बैठकमा १८ जनाको सहभागिता रहेको थियो ।

गाविस सचिव रोहित निरौलाको अध्यक्षतामा बैठक भएको थियो भने बैठकको सहजीकरण जनहित असल शासन क्लबका कार्यक्रम संयोजक नोदनाथ त्रिताल र सचिव हुकुमप्रसाद दाहालले गर्नुभएको थियो । कार्यक्रममा निम्न अनुसार सहभागिता रहेको थियो :

| क.सं. | मिति २०७० जेठ ७ गते परेवादिन गाविस | | | |
|---|---|---|---|---|
| | विवरण | महिला | पुरुष | जम्मा |
| १ | दलित | १ | ० | १ |
| २ | जनजाती | ० | ८ | ८ |
| ३ | मधेषी | ० | ० | ० |
| ४ | अन्य | ४ | ५ | ९ |
| **कुल सहभागी** | | **५** | **१३** | **१८** |

**कार्यक्रमको लागि चयन गरिएका प्रमुख सवालहरु :**

१. गाविसको गाऊँ परिषद्का निर्णयहरुको कार्यान्वयनको हालसम्मको अवस्था ।

२. गाविसको साइनबोर्ड, नागरीक वडापत्र व्यवस्थित र गाऊँ पार्श्वचित्र प्रकाशन (हाते पुस्तिका, होर्डिङ्गबोर्ड)

३. गाविस अनुदान कार्यान्वयनमा लक्षित वर्ग कार्यक्रम (दलित, जनजाती, अपाँग, बालबालिका, महिला आदि) कार्यान्वयनको अवस्था, पेश्की बेरुजु फछ्र्यौट ।

४. सामाजिक परिचालनको उपलब्धी र राम्रा काम ।

५. उपभोक्ता समितिहरुको राम्रो पक्ष र सुधार गर्नुपर्ने पक्ष ।

६. गाविसको प्राविधिक सहायकको जिम्मेवारी र उपभोक्ताको जनगुनासो ।

७. गाविसमा बजेट आउने प्रक्रिया, उपभोक्तामा निकासा हुने र खर्च हुने प्रक्रिया, हालसम्मको बेरुजु (नियमित गर्नुपर्ने पेश्की बेरुजु वा असुल गर्नुपर्ने बेरुजु ?)

८. सामाजिक लेखा परीक्षण गर्ने, गाविसस्तरीय अनुगमन समिति गठन र क्रियाशीलता छ कि छैन ?

९. गाऊँ विकास समितिमा देखिएको समस्या : कार्यालयका समस्या ? कर्मचारीका समस्या ? नागरीकका समस्या ?

१०. समस्या समाधान गर्न कसले के गर्नुपर्दछ ? राज्यले ? गाविसले ? सेवाग्राहीले ?

११. साझा सार्बजनिक प्रतिवद्धताको घोषणा पत्रमा के के समावेश गर्ने ?

१२. ताँखुवा गाविसलाई चकमुक्त क्षेत्र, अँध्यारोमुक्त, प्लाष्टिकमुक्त र खुला दिशामुक्त क्षेत्र घोषणा गर्ने अभियान

१३. गाविसमा गुनासो पेटिका राख्ने । अन्य सरकारी कार्यालयसंग सेवाग्राहीका जनगुनासाहरु ।

१४. गाऊँ पार्श्वचित्र, आवधिक योजनाको लागि विनियोजित बजेट र त्यसको कार्यान्वयनको अवस्था ।

## २.५ सार्बजनिक सुनुवाई कार्यक्रम

गाऊँ विकास समितिको कार्यालय, भीरगाऊँ र जनहित असल शासन क्लब, कुरुले तेनुपा, धनकुटाले संयुक्त रुपमा भीरगाऊँ गाविसमा मिति २०७० जेठ ३१ गते शुक्रवारका दिन आयोजना गरेको ***'भीरगाऊँ गाऊँ विकास समितिको सेवा प्रवाहमा नागरीक सहभागिता र जवाफदेहिताको अवस्था'*** विषयक **सार्बजनिक सुनुवाई** कार्यक्रम ११ बुँदे साझा सार्बजनिक प्रतिबद्धताको भीरगाऊँ घोषणा पत्र जारी गर्दै सम्पन्न भएको छ ।

गाविस सचिव रोहित निरौला प्रमुख जवाफदेहि वक्ता रहनु भएको सो सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्वास्थ्य चौकी, भीरगाऊँका सि.अ.हे.व. बालकुमार शाह, श्री श्रीमान् टंक उच्च माविका प्रअ वासुदेव निरौला, उच्च मावि संयोजक रोहित गौतम, नेकपा एमालेका अध्यक्ष चन्द्रलाल तामाङ्ग, नेपाली काँग्रेसका सभापति भक्तबहादुर भण्डारी, एनेकपा माओवादीका प्रतिनिधि गंगाबहादुर राई, सामाजिक परिचालक रुपा बनेम, नेपाल रेडक्रस सोसाइटी, उपशाखा भीरगाऊँका सभापति डम्बर गुरागाईं, महिला सञ्जालका संयोजक रमा बराल, आदिवासी जनजाती महासंघका मानबहादुर भुजेल, दलित समन्वय समितिका अध्यक्ष सूर्यबहादुर दर्नाल, सामुदायिक मध्यस्थता उपभोक्ता सहकारी संस्थाका व्यवस्थापक राजेन्द्रप्रसाद गुरागाईं, नागरीक सचेतना केन्द्रका संयोजक युवा थापा, धर्मोदय प्राविका प्रअ ठगेन्द्रप्रसाद गुरागाईं, श्री मार्गेश्वरी प्राविका प्रअ तेजबहादुर दाहाल, विद्युत विस्तार उपभोक्ता समितिका अध्यक्ष लिलम बहादुर थापा, सडक उपभोक्ता समितिका अध्यक्ष चन्द्रबहादुर थापा तथा धर्मोदय प्रावि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शानबहादुर राई लगायतले सहभागीहरुबाट उठेका प्रश्नहरुको जवाफ दिनु भएको थियो ।

कार्यक्रममा ११ बुँदे साझा सार्वजनिक प्रतिबद्धताको घोषणा पत्रमा निम्न प्रस्तावना रहेको छ :

- *भीरगाऊँ गाविसका सेवाग्राहीहरुबाट सेवाग्राही बहिर्गमन सर्वेक्षण (Exit Poll) र नागरीक प्रतिवेदन पत्र (CRC) सर्वेक्षणमा प्राप्त सुझाव, सल्लाह र गुनासाहरुलाई मध्यनजर गर्दै,*
- *नागरीक वडापत्रको महत्व र सेवाग्राहीहरुको सुसुचित हुने आकाँक्षा तथा भीरगाऊँ गाविसमा हालसम्म गुनासो पेटिका नभएको तथा नागरीक वडापत्र कार्यालयभित्र साँघुरो गरी राख्नु परेको अवस्थालाई आत्मसात गर्दै,*
- *भीरगाऊँ गाविसको गाविस भवन जीर्ण भएको हालको यथार्थतालाई मनन् गर्दै,*
- *गाविसको गाऊँ परिषद्को निर्णयहरुको कार्यान्वियनको अवस्थालाई समिक्षा गर्दै,*
- *उपभोक्ता समितिहरु, लक्षित वर्गका सञ्जालहरु र वडा नागरीक मञ्चका संयोजकहरु समेतले स्थानीय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि-२०६९ बारे अभिमुखीकरण तालिम पाउनु पर्ने भनी राखेको चासोलाई ध्यानमा राख्दै,*
- *गाविसस्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिलाई क्रियाशील बनाउनुपर्ने आवश्यकतालाई बोध गर्दै,*
- *गाविसका योजनाहरुमा नियमित गर्नुपर्ने पेश्की बेरुजु रकम र असुलउपर गर्नुपर्ने बेरुजु रकमको अवस्थालाई ध्यान दिँदै,*
- *योजनाहरुको विवरण उल्लेख गरेर होर्डिङ्ग बोर्ड राख्नु पर्ने कार्यविधिमा भएको व्यवस्थालाई मध्यनजर गर्दै,*
- *लक्षित वर्गको लागि पुँजीगत तर्फको कम्तिमा ३५% बजेट अनिवार्य विनियोजन गरी कार्य गर्नुपर्ने विषयलाई ध्यान दिँदै,*

***त्यसैगरी प्रतिबद्धताको घोषणा पत्रमा निम्न बुँदाहरुमा सहमति गर्दै कार्यान्वियनको प्रतिबद्धता व्यक्त भएको छः***

| *प्रतिबद्धता नं.* | *प्रतिबद्धताको विषयवस्तु* | *जिम्मेवार व्यक्ति अर्थात निकाय* | *कार्यान्वियनको समय सिमा* |
|---|---|---|---|

| *प्रतिबद्धता नं.* | *प्रतिबद्धताको विषयवस्तु* | *जिम्मेवार व्यक्ति अर्थात निकाय* | *कार्यान्वयनको समय सिमा* |
|---|---|---|---|
| १ | गाविसको कार्यालयभित्र रहेको नागरीक वडापत्र र गाविस कार्यालयको साइनबोर्ड व्यवस्थित गर्ने साथै नागरीक वडापत्रलाई हाते पुस्तिकाको रुपमा प्रकाशन गरी वडा नागरीक मञ्च, उपभोक्ता समिति, सञ्जाल मार्फत **एक घर एक नागरीक वडापत्र** अभियान सञ्चालन गर्ने, | *गाविसको कार्यालय* | *१ महिना भित्र* |
| २ | गाविसको कार्यालय परिसरमा नागरीकहरुलाई गाविसका हरेक निर्णयहरुलाई सार्बजनिक गर्न सुचना पाटी र नागरीकहरुलाई गुनासो एवं सुझावहरु राख्न गुनासो पेटिका बनाएर राख्ने व्यवस्था मिलाउने । | *गाविसको कार्यालय* | *१ महिना भित्र* |
| ३ | उपभोक्ता समितिहरु, लक्षित वर्ग र क्षेत्रका महिला, दलित, जनजाती, अपाङ्ग प्रतिनिधिहरु, दलका प्रतिनिधिहरु तथा वडा नागरीक मञ्चका संयोजकहरु समेतलाई **स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि-२०६९** बारे अभिमुखीकरण कार्यक्रम गर्ने, | *गाविसको कार्यालय* | *आगामी ३ महिनाभित्र* |
| ४ | उपभोक्ता समितिहरुको आमभेला र दर्ता नविकरण गर्ने, जनलेखापरीक्षण गर्ने, कार्यविधि बमोजिम योजनाहरुको होर्डिङ्ग बोर्ड बनाएर राख्ने व्यवस्था गर्ने, | *गाविस र उपभोक्ता समिति* | *असार मसान्तसम्ममा* |
| ५ | लक्षित वर्ग कार्यक्रमको लागि विनियोजित पुँजीगत तर्फको कम्तिमा ३५% बजेट र कृषि क्षेत्रको १५ प्रतिशत बजेटले लक्षित वर्ग र क्षेत्रलाई नै सहभागिता गराई सशक्तिकरण गर्ने गरी सीपमुलक, आयमुलक र व्यवसायमुलक कार्यक्रमलाई प्राथमिकता दिने, | *वडा नागरीक मञ्च, एकीकृत योजना तर्जुमा समिति, परिषद्* | *आगामी गाऊँ परिषद्सम्ममा* |
| ६ | गाविसबाट गत गाऊँ परिषद्मा गठन भएको योजना सुपरीवेक्षण तथा अनुगमन समितिलाई सक्रिय पार्न आमन्त्रित सदस्यहरु समेत राखी गाविसस्तरमा सञ्चालित योजनाहरुको स्थलगत अनुगमन र निरीक्षण मुल्याँकनको कार्यलाई निरन्तरता दिने, | *गाविस र सम्पुर्ण उपभोक्ता समितिहरु* | *आगामी असार मसान्तसम्म* |
| ७ | गाविसको बजेटले विगत आ.व. हरुमा सञ्चालित योजनाहरुमा रहेका नियमित गर्नुपर्ने पेश्की बेरुजु रकमहरु र असुलउपर गर्नुपर्ने बेरुजु रकमहरुलाई अध्यावधिक गरी अनुगमन समितिले ताकेता गरी फछ्र्यौटको लागि तत्काल पहल गर्ने | *गाविस र उपभोक्ता समितिहरु* | *असार मसान्तसम्म* |
| ८ | गाविसबाट चालु आर्थिक वर्षका कार्यक्रमहरुको सञ्चालन आषाढ मसान्तसम्म अनिवार्य सक्न सम्पुर्ण उपभोक्ता समितिहरु, वडा नागरीक मञ्च, दलका प्रतिनिधिहरुले अनुगमन गरी सक्रिय भुमिका निर्वाह गर्ने, | *गाविस र अनुगमन समिति* | *आगामी गाऊँ परिषद्सम्ममा* |
| ९ | राजनैतिक दलका पदाधिकारीहरु, शिक्षक, कर्मचारीहरु उपभोक्ता समितिमा रहन नपाउने र दोहोरो उपभोक्ता समितिमा बस्न नपाउने स्थानीय निकाय स्रोत | *गाविस, दल र सम्पुर्ण विद्यालयका* | *आगामी ६ महिना भित्र* |

| *प्रतिबद्धता नं.* | *प्रतिबद्धताको विषयवस्तु* | *जिम्मेवार व्यक्ति अर्थात निकाय* | *कार्यान्वयनको समय सिमा* |
|---|---|---|---|
| | परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को व्यवस्थालाई पुर्णरुपले कार्यान्वयन गर्ने, | *प्रअ एवं विव्यसहरु* | |
| १० | भीरगाऊँ गाविसभित्र रहेका सम्पुर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरुमा बालबालिकालाई प्रत्यक्ष फाइदा पुग्ने गरी गाविसबाट बालबालिका शीर्षकमा विनियोजन हुने पुँजीगततर्फको १०% बजेटभित्र साझेदारीमा 'वाइटबोर्ड अभियान कार्यक्रम' समावेश गरी गाविसलाई 'कालोपाटीरहित चकमुक्त क्षेत्र' घोषणा गर्ने अभियानको शुरुवात गर्ने, | *विद्यालयका प्रअहरु र गाविस सचिव, सामाजिक परिचालक* | *आगामी गाऊँपरिषद् सम्म* |
| ११ | गाऊँ विकास समितिले आगामी आर्थिक वर्षदेखि गाऊँ परिषद् सम्पन्न भएको एक महिनाभित्र परिषद्बाट भएका निर्णयहरु सार्बजनिक गर्न र आम नागरीकहरुलाई सुसुचित गराउँदै पृष्ठपोषण लिन वर्षको एक पटक अनिवार्य सार्बजनिक सुनुवाई कार्यक्रम आयोजना गर्ने, गाऊँ परिषद्को निर्णय प्रतिलिपी गाविस परिसरको सुचना पाटीमा टाँस गर्ने, | *गाविस सचिव* | *आगामी गाऊँ परिषद्पश्चात* |

साझा सार्बजनिक प्रतिबद्धता पत्रमा हस्ताक्षर गर्ने जवाफदेहि वक्ताहरुमा गाविस सचिव रोहित निरौला, सामाजिक परिचालिका रुपा बनेम, उपस्वास्थ्य चौकी, भीरगाऊँका सि.अ.हे.व. बालकुमार शाह, श्री श्रीमान् टंक उच्च माविका प्रअ वासुदेव निरौला, उच्च मावि संयोजक रोहित गौतम, नेकपा एमालेका अध्यक्ष चन्द्रलाल तामाङ्ग, नेपाली काँग्रेसका सभापति भक्तबहादुर भण्डारी, एनेकपा माओवादीका प्रतिनिधि गंगाबहादुर राई, नेपाल रेडक्रस सोसाइटी, उपशाखा भीरगाऊँका सभापति डम्बर गुरागाईं, महिला सञ्जालका संयोजक रमा बराल, आदिवासी जनजाती महासंघका मानबहादुर भुजेल, दलित समन्वय समितिका अध्यक्ष सूर्यबहादुर दर्नाल, सामुदायिक मध्यस्थता उपभोक्ता सहकारी संस्थाका व्यवस्थापक राजेन्द्रप्रसाद गुरागाईं, नागरीक सचेतना केन्द्रका संयोजक युवा थापा, धर्मोदय प्राविका प्रअ ठगेन्द्रप्रसाद गुरागाईं, श्री मार्गेश्वरी प्राविका प्रअ तेजबहादुर दाहाल, विद्युत विस्तार उपभोक्ता समितिका अध्यक्ष लिलम बहादुर थापा, सडक उपभोक्ता समितिका अध्यक्ष चन्द्रबहादुर थापा तथा धर्मोदय प्रावि विव्यालय व्यवस्थापन समितिका अध्यक्ष शानबहादुर राई लगायतले ऐक्यबद्धतासहित हस्ताक्षर गर्नुभएको थियो ।

कार्यक्रमलाई तीन खण्डमा विभाजन गरी सञ्चालन गरिएको थियो । कार्यक्रमको पहिलो खण्डमा सञ्चालकले जवाफदेहि वक्ताहरुको परिचय गराउँदै अतिथि आसन ग्रहण गराउनु भएको थियो । सार्वजनिक सुनुवाई कार्यक्रमको रेडियो लाली गुराँस १०५.२ मेगाहर्जमा कार्यक्रम स्थलबाट रेडियोका प्रतिनिधि भीम मल्ल र आशिस राईले प्रत्यक्ष प्रशारण गराउनु भएको थियो भने हिमशिखर टेलिभिजन सम्वाददाता कविराज घिमिरेले छायाँकन गर्नुभएको थियो । श्री श्रीमान् टंक उच्च माविको प्राङ्गणमा आयोजित सो सार्बजनिक सुनुवाई कार्यक्रमको आचारसंहिता अनुमोदन गराई औचित्य र उद्धेश्यमाथि जनहित असल शासन क्लबका सचिव हुकुमप्रसाद दाहालले प्रकाश पार्नुभएको थियो भने कार्यक्रमको सहजीकरण संस्थाका कार्यक्रम संयोजक नोदनाथ त्रितालले गर्नुभएको थियो । कार्यक्रमको दोहोरो सम्वाद कार्यक्रमको विस्तृत विवरण निम्न अनुसार रहेको छ :

कार्यक्रमको दोहोरो सम्वादको प्रश्न उत्तर कार्यक्रममा कस कसले के के जिज्ञाषा एवं प्रश्नहरु राख्नु भयो र कस्तो जवाफ प्राप्त भयो भन्नेबारे विस्तृत विवरण निम्न अनुसार रहेको छ :

| क.सं | प्रश्नकर्ताको नाम ठेगाना | सोधिएको प्रश्न | जवाफकर्ताको नाम | जवाफ दिएको विवरण |
|---|---|---|---|---|
| १ | होमप्रसाद बराल, सहभागी | भीरगाऊँ बासीले धनकुटा नगरपालिकालाई पानी दिएबापत प्रभावित क्षेत्र भनेर ५ लाख रुपैया दिने भनेको छ । प्रभावित क्षेत्रमा बोटविरुवा रोप्न,मुहान संरक्षण गर्न भनेर दिएको रकम डोजर प्रयोग गरी बाटो खन्ने काम भएको छ रे । यो पाउने कि नपाउने ? | रोहित निरौला, गाविस सचिव | धनकुटा नगरपालिकाले भीरगाऊँमा पानी प्रभावित क्षेत्रलाई दिएको ५ लाख रुपैया ०६९ चैत्र १४ मा सर्वदलीय बैठक बोलाएर बैठकबाटै निर्णय पारित भई बाटो खन्ने भनिएको हो । |
| २ | ,, | ,, | चन्द्रलाल तामाँग | ५ लाखको बारेमा ठुलो विवाद आयो । नगरपालिकाले दिने भनेको बजेटमा वडा नं. ७ र ६ का जनताहरु बीच विवाद आयो। केहि साथीहरुले सित्तैंमा पानी दिन निर्णय पनि गरे । तर केहि पाउनु पर्दछ भनेर हामीले अडान राखेपछि ५लाख दिने निर्णय भएको। |
| ३ | लोकबहादुर विश्वकर्मा, सहभागी | भीरगाउँ गाविसमा धेरै सडकहरु खनिएका छन् । तर उपभोक्ता समिति पनि नभई मात्र राजनीतिक दलको निर्णयमा मात्र काम भएको छ । हामी उपभोक्ता किन चाहिएन? हामी गरीब दलितलाई बाटो खन्न हिन, रोजगारी दिउँला भनेर चार पाँच सय रुपैया दिए हामी बाटो खन्ने थियौं । डोजर लगाएर मान्छेले खनेको भनी बीलभरपाई मिलाए भइहाल्छ, हामी डाँडाकाँडा खन्छौं, ढुंगा फुटाउँछौं, पर्खाल लगाउँछौं तर १५० रुपैयामा काम गर्नुपरिरहेको छ । खोई त हामीलाई ज्याला र रोजगारी ? उपभोक्ता किन नचाहिएको हो ? आमभेला गर्नु पर्छ की पर्दैन ? | रोहित निरौला, गाविस सचिव | कार्यविधिमा नै डोजर प्रयोग गर्न नपाईने व्यवस्था छ । यति हुँदा हुँदै पनि गत आर्थिक वर्षहरुमा जिल्लामा जिल्लास्तरीय संयन्त्रको निर्णय भएर डोजरको मान्यता तयार पारेर डोजरकै स्टिमेट गरेर काम भएको छ। तर यो आर्थिक वर्षमा भने मानिसको काम गरेको नै स्टिमेट गरेर डोजर प्रयोग भइरहेको छ । म आफैं पनि अनुगमन समितिमा रहेको हुँदाहुँदै अनुगमन प्रभावकारी नभएको ठानेको छु । यसलाई थप प्रभावकारी अनुगमन गर्ने प्रतिबद्धता गर्दछु । अबदेखि स्थानीय उपभोक्तालाई नै सहभागी गराएर जनश्रमदानबाट सडक निर्माण गर्नुपर्ने व्यवस्थ ।गर्न प्रयत्न गरिनेछ । |
| ४ | बमबहादुर भुजेल, सहभागी | गाविसबाट विभिन्न व्यक्ति, समुहले पैसा लगेका छन् । ऋण दिएको छ । त्यो पैसा तपाईंहरुले उठाएर भरपुर गर्न सक्नु हुन्छ ? ती पैसा लगेर नतिर्ने लाई के गर्नुहुन्छ ? | रोहित निरौला, गाविस सचिव | पेश्की बेरुजु वा पेश्की हिनामिना गर्नेलाई असुलउपरका लागि गाविसमा निवेदन आएमा हामी यही छलफल गरेर उठाउन प्रयत्न गर्छौं । त्यसबाट पनि नभएमा त्यस्तो रकम सरकारी बाँकी रकम देखिने हुँदा जिल्ला प्रशासन कार्यालयमा उजुरी दिन्छौं । र जिल्ला प्रशासन कार्यालयले कारवाही स्वरुप असुल उपर गरेर रकम पठाइ दिने कानुनी प्रावधान छ । |
| ५ | होमप्रसाद बराल, सहभागी | ठोका मधुगंगा सडकमा जिविसबाट ३ लाख दिएको भनिएको छ । तर भीरगाऊँमा एक चप्परी बाटो नखनी त्यो पैसा कसरी फछ्र्यौट भयो । भीरगाऊँमा बाटोको लागि आएको पैसा नगरपालिकामा बाटो खनेर कसरी फछ्र्यौट गर्नुहुन्छ ? | रोहित निरौला, गाविस सचिव | बिहिवारे हाट मधुगंगा सडकमा जिविसको १ लाख मात्र हो । त्यसको काम भएर पैसा लगिसक्नु भएको छ ।<br>पानी प्रभावित क्षेत्रमा सडक स्तरोन्नतीका लागि स्थानीय विकास अधिकारीले नै खर्च गर्नु भनेर मौखिक रुपमा भनेकोले त्यही सडकका लागि तोकेर २ लाख पठाएको हो । |
| ६ | भक्तबहादुर भण्डारी | प्रभावित क्षेत्रलाई काम गर्ने भनेर कुरा भएको हो । तर भनेजस्तो काम भएन । बाटो खन्न डोजर ल्याइन्छ । एक दुई ढुंगा फालेर खनेजस्तो मात्रै गरिन्छ । बोका काटिन्छ, पैसा सकिन्छ । अनि ७२ घण्टा लगाएर बाटो खनेको देखाइन्छ । भुसंरक्षणबाट तार जाली ल्याइन्छ तर किनेर ल्याएको देखाइन्छ । उपभोक्ता समितिको आमसभा पनि भएको छैन । यहाँ बीलभरपाई बनाएर मिलाउँछन् । बजेटको दुरुपयोग भएको छ । निर्णय भए अनुसार काम भएको छैन । समिति फेरबदल गर्नुपर्दछ । नयाँलाई जिम्मेवारी दिनुपर्दछ । समितिका सदस्यहरुले व्यक्तिगत १० लाख रुपैया खर्च भएको | गंगाबहादुर राई, अध्यक्ष, सडक उपभोक्ता समिति र चन्द्रबहादुर थापा, अध्यक्ष, | हामीले सडकका लागि पारदर्शी तरिकाले काम गरेका छौं । बोका काटेको कुरा चाहि समितिको पैसाले होइन ।<br>राजनीतिक दलका ३ जना मात्र बसेर निर्णय गर्ने परम्परा छ । यो हुनुहुँदैन । डोजर लगाएर काम भएको छ । सबै विदेसिएकाले जनशक्ति नहुनाले डोजर प्रयोग गर्नुपरेको हो ।<br>**शानबहादुर राई, अध्यक्ष, सडक उ.स.** : जलाधारबाट ल्याएको तार जाली समितिबाट किनेको र बीलभरपाई मिलाइन्छ भन्ने कुरा गलत हो । जलाधारले जाली मात्र दिन्छ । गाडी आउने ठाउँसम्म ढुवानी गरिदिन्छ । नगद पैसा दिँदैन । तारजालीको सम्झौता गरेर ल्याएको हो । अन्य काम आफै समितिले गर्नुपर्दछ । |

| क्र.सं | प्रश्नकर्ताको नाम ठेगाना | सोधिएको प्रश्न | जवाफकर्ताको नाम | जवाफ दिएको विवरण |
|---|---|---|---|---|
| | | भन्नुहुन्छ ? कहाँ भयो १० लाख खर्च? कहाँबाट निकालियो १० लाख ? झुटा कुरा गरेर आम नागरीकलाई ठग्ने काम भएको छ । ४लाखको तारजाली किनेको भनेको छ, कहाँ लगाइयो तारजाली? | मधुगंगा सडक | |
| ७ | ,, | ,, | चन्द्रलाल तामाँगः सडक उपभोक्ता समिति | हामी काम गर्दा सर्वदलीय संयन्त्रको बैठकबाट निर्णय गरेर नै गर्ने गरेका छौं । तर त्यही निर्णयलाई राजनीतिक दलका संयन्त्रका व्यक्तिले नै भएन भन्नु उचित हैन । निर्णय गरेर गरेको कामलाई होइन भन्ने हो भने समितिमा बसेको केअर्थ ?<br>८६ घण्टा डोजर लगाएरै बाटो खनिएको हो । बोका काटेको व्यक्तिगत मधुगंगामा पुजा गरेको हो, समितिको पैसा हैन । काम गर्दा केहि गल्ती हुन्छ । हामी आफ्नो लागि होइन, समग्र भीरगाऊँको विकासका लागि लागि परेका छौं । कुनै पनि उपभोक्ता समितिमा भ्रष्टाचार भएको छैन । यदी भएको भए त्यसलाई खोतल्ने काम गरौं । |
| ८ | होमप्रसाद बराल, सहभागी | गाविसमा कर्मचारीहरु नभएकोले प्रशासनीक खर्च कम हुन्छ, त्यो पैसा के गर्नुहुन्छ ? | रोहित निरौला, गाविस सचिव | हामीले गत वर्ष अवकास हुनुहुने कार्यालय सहयोगीलाई प्रशासनीक खर्चबाटै सेवा सुविधास्वरुप १ लाख रुपैया दिएको हो । त्यस्तै कार्यालयका मुखिया पनि अवकास भएकोले प्रशासनीक खर्चबाटै २ लाख रुपैया दिएको हो । पुँजीगत रकमबाट खर्च गरिएको होइन । प्रशासनीक खर्चको रकम कार्यालय सञ्चालन, कर्मचारी तलब, र अन्य कार्यमा खर्च हुँदै आएको छ । |
| ९ | सञ्चालक | उपभोक्ता समितिहरुमा सर्वदलीय संयन्त्रमा प्रतिनिधित्व गर्नुहुने राजनीतिक दलका प्रतिनिधिहरु बस्नु भएको छ कि छैन ? | चन्द्रलाल तामाँग | म छु, गंगाबहादुरजी हुनुहुन्छ र अन्य पनि हुनुहुन्छ । |
| १० | सञ्चालक | सडक निर्माणको प्राविधिक स्टिमेट हुँदा मानिसले खन्ने स्टिमेट हुन्छ कि डोजरको स्टिमेट हुन्छ ? जलाधारबाट ल्याइएको तारजाली कहाँ लगाउनु भयो ? | चन्द्रबहादुर थापा, अध्यक्ष सडक उ.स. | प्राविधिकले हामीलाई मानिसले खन्ने नै स्टिमेट गरिदिएको हुन्छ । तर डोजर नै लगाउँने गरेका छौं । किनकी गाऊँमा बाटो खन्ने मानिस नै छैनन्, युवा जनशक्ति विदेश गएका छन् । रकम फिर्ता भएर जानु भन्दा डोजर लगाएर बाटो खन्छौं । बीलभरपाई चैं मानिसले खनेकै बनाउँछौं । जलाधारले दिएको जाली वडा ६ को कुलोमा समितिको निर्णयअनुसार लगाइएको छ । |
| ११ | सञ्चालक | कार्यविधिमा व्यवस्था भए अनुसार उपभोक्ता समितिमा दलिय संयन्त्रमा रहेका व्यक्ति र शिक्षक कर्मचारी बस्न नपाउने, एउटै व्यक्ति दोहोरो उपभोक्ता समितिमा बस्न नपाउने व्यवस्था छ, अनि डोजर प्रयोग गर्न नपाईने भनेको छ, यसको कार्यान्वयन कस्तो ?<br>**थप प्रश्न :भक्तबहादुर भण्डारीः** राजनीतिक दलका नेता नै अनुगमन समितिमा पनि छन्, उपभोक्ता समितिमा पनि छन् । अनि कसरी त्यस्ता व्यक्तिले अनुगमन गर्लान् त? | रोहित निरौला, गाविस सचिव | दलीय संयन्त्रमा भएका व्यक्ति उपभोक्ता समितिमा बस्न नपाउने व्यवस्था २०६७ देखि नै लागु भएको हो तर हाम्रोमा दुई चार जना हुनुहुन्छ । अब हामीले दलीय संयन्त्रमा हुनेले दोहोरो जिम्मेवारीमा नबस्न भनिसकेका छौं । डोजर प्रयोग गर्न नपाईने ब्यवस्था छ । यति हुँदा हुँदै पनि गत आर्थिक वर्षहरुमा जिल्लामा जिल्लास्तरीय संयन्त्रको निर्णय भएर डोजरको मान्यता तयार पारेर डोजरकै स्टिमेट गरेर काम भएको छ। तर यो आर्थिक वर्षमा भने मानिसको काम गरेको नै स्टिमेट गरेर डोजर प्रयोग भइरहेको छ । म आफैं पनि अनुगमन समितिमा रहेको हुँदाहुँदै अनुगमन प्रभावकारी नभएको ठानेको छु । यसलाई थप प्रभावकारी अनुगमन गर्ने प्रतिबद्धता गर्दछु । |
| १२ | होमप्रसाद बराल, सहभागी | चापे खोला र लुँदाग खोलाको पानी धनकुटा नगरपालिकाले लगेको कति वर्ष भयो ? हालसम्म चाहिँ वडा नं. १ र ५ किन प्रभावित क्षेत्र भएनन् । तर अहिले आएर प्रभावित क्षेत्र भनेर बजेट त्यही मात्र किन खन्याइयो ? | चन्द्रलाल तामाँग, नेकपा एमाले | प्रमुख जिल्ला अधिकारीले नै द्वन्दकालका बेला खोलाको पानी २ वर्षका लागि धनकुटा लगेको हो । तर हालसम्म पनि त्यही पानी लगिरहेको छ । त्यसैकारणले गर्दा त्यो क्षेत्रलाई प्रभावित क्षेत्र भनी बजेट लगानी गर्न लागिएको हो । |

| क.सं | प्रश्नकर्ताको नाम ठेगाना | सोधिएको प्रश्न | जवाफकर्ताको नाम | जवाफ दिएको विवरण |
|---|---|---|---|---|
| १३ | कृष्णबहादुर खड्का, सहभागी | भीरगाऊँ गाविस कार्यालय श्रीमान् टंक उच्च माविको जग्गामा छ । टंक उच्च माविलाई पनि हाल छात्रावास आवश्यक परेकोले भवन बनाउने ठाऊँ पनि छैन । गाविसका लागि जग्गा दिने दाता निस्कँदा निस्कँदै पनि किन वास्ता गरिएको छैन ? मैले र मेरो भाइ गणेश खड्काले ५ रोपनी जग्गा गाविस र स्वास्थ्य चौकीलाई दिँने भनेको थियो । तर गाविस सचिव र राजनीतिक दलहरुले यसका लागि केही पहल गर्नुभएको छैन । गाविसको भवन पनि जीर्ण अवस्थामा छ। | रोहित निरौला, गाविस सचिव | हामीले गाविस र स्वास्थ्य चौकी भवनका लागि जग्गा दिने व्यक्ति नै तोकेर सर्वदलीय संयन्त्रले निर्णय गरेता पनि केहि समस्या उत्पन्न भएर हामी पुन: पछि हटेका हौं । हामीले एउटा जग्गा व्यवस्थापन समिति पनि बनाएका छौं । त्यस समितिले जग्गा व्यवस्थापन गरी जग्गा गाविसको नाममा नामसारी गर्ने सम्म जिम्मेवारी दिएको छ । सकेसम्म हाल गाविस रहेको आसपासमा नै जग्गा मिलाउने प्रयत्न गर्ने निर्णय भएको छ र उक्त समितिले हालसम्म पनि प्रतिवेदन दिएको छैन । प्रतिवेदन आएपछि त्यसलाई अगाडि बढाइनेछ । |
| १४ | ठगेन्द्र तामाँग, सहभागी | गत ०६७।६८ को गाउँ परिषद्बाट महिला शीर्षकमा ५५ हजार रुपैया विनियोजन भएको थियो । र त्यो पैसाबाट कम्प्युटर खरिद गरियो भन्ने सुनिन्छ । त्यो कम्प्युटरको भ्याट बील फछ्र्यौट भएको छ कि छैन ? कम्प्युटर अहिले कहाँ छ ? र ०६८।६९ मा महिलाको लागि ५६ हजार विनियोजन भएकोमा त्यो पैसा कहाँ र कसरी खर्च गरियो ? | रोहित निरौला, गाविस सचिव | महिलाहरुलाई कम्प्युटर खरिदको लागि पेश्की स्वरुप ५० हजार दिएको हो । त्यसबाट कम्प्युटर खरिद भएको छ । तर उहाँहरुले भ्याट बील नल्याएर समस्या भएको हो । पेश्की फछ्र्यौट भएको छैन । ५ हजार भन्दा माथिको सामान खरिदमा भ्याट बील चाहिन्छ । यो वर्ष महिलाको लागि विनियोजित ५६ हजार बजेटबाट महिलाहरुलाई वडा नं. ८ र ९ मा महिला हिँसा सम्बन्धी तालिमहरु सञ्चालन भएको छ । महिला सजालले त्यही कार्यक्रमको रिपोर्ट पेश गर्नुभएको छ । बीलभरपाई आउन बाँकी छ । |
| १५ | ,, | ,, | रमा बराल, संयोजक, महिला सञ्जाल | महिला सञ्जालले खरिद गरेको कम्प्युटर अहिलेसम्म हामीलाई आधिकारीक जानकारी छैन र बुझाइएको पनि छैन । हाल कुन अवस्थामा छ थाहा छैन । यो वर्षको बजेटबाट ८ र ९ मा महिला सचेतना कार्यक्रम गरेका छौं । **विमला भटराई, पुर्व संयोजक टेलिफोन वार्ताबाट :** ५० हजारको बीलभरपाई सचिव सरलाई पेश गरिसकेको छ । कम्प्युटर भीरगाऊँमा नै राजन भाइको मा छ । म भोलि नै त्यो हस्तान्तरण गर्न तयार छु । |
| १६ | लोकबहादुर विश्वकर्मा, सहभागी | गाविसलाई खुला दिसामुक्त, धुवाँमुक्त बनाउने भन्नुहुन्छ । दिनरात बनि गर्ने चुलोमा आगो नबल्ने हामी गरिबलाई कसरी खुला दिसामुक्त, धुवाँमुक्त बनाउन सक्नु हुन्छ ? सिँगो गाविसका दलितलाई गाविसले २ लाख ३० हजार बजेट दलितलाई दिने भनेको थियो । त्यो बजेटबाट हामीलाई ट्वाइलेटको प्यान पाइप र सिमेन्ट दिएको भए हामी राम्रो नै ट्वाइलेट बनाउने थियौं होला । | रोहित निरौला, गाविस सचिव | खुला दिसामुक्त राष्टिय अभियान हो । हामीले पनि गाऊँ परिषद्मा छलफल गरेर निर्णय गरेका छौं । गाविसले एउटा प्यान र पाइप दिए पनि नबनाउने सोच भएकाले बनाउँदैनन् । मन गर्नेलाई गाविसले केहि नदिए पनि ट्वाइलेट बनाउन रोकिन्दैन भन्ने निष्कर्ष निकालेर हामीले निर्णय गरेका हौं । त्यही भएर लक्षित वर्गको पैसा त्यता नलगाएको हो । बरु हामी सबैले वडामा गएर ट्वाइलेट बनाउनका लागि जनचेतना गरी उत्प्रेरणा दिनुपर्दछ भनी निर्णय भएको। |
| १७ | कृष्णबहादुर खड्का, सहभागी | २०६७।६८ को गाऊँ परिषद्मा जनजातीका लागि ६३ हजार रुपैया विनियोजन भयो भनिएको छ । त्यो रकम कहाँ खर्च गरियो ? | रोहित निरौला, गाविस सचिव | त्यो आर्थिक वर्षको जनजातीको शीर्षकको ६३ हजार रुपैया जनजाती महासंघलाई जनजातीको जनचेतना र सीप विकास भनेर पेश्की दिएको हो । तर त्यसको केकाम भयो, त्यसको बीलभरपाई पनि पेश भएको छैन । **मानबहादुर भुजेल:** अहिले अध्यक्ष हुनुहुन्न । त्यो अध्यक्षलाई थाहा छ । गत वर्षको १लाख६० हजारबाट ढल निर्माण गरिएको छ । **डम्बर राना, जनजाती महासंघ अध्यक्ष** (टेलिफोनबाट) : कार्यक्रम भएको छ । त्यसको बीलभरपाई बुझाई दिनु भनेर चन्द्रलाल तामाँग र मानबहादुर भुजेललाई दिएको छ । मेरै नामको पेश्की फछ्र्यौटको लागि पहल गर्छु । |
| १८ | सनस बहादुर भण्डारी, | खुला दिसामुक्त क्षेत्र घोषणा गर्ने भनेर विभिन्न कार्यक्रमहरु भएका छन् । अन्य गाविसले घरहरुलाई वर्गीकरण गरी प्राथमिकता राखेर ट्वाइलेटका सामानहरु वितरण गरेको छ तर हाम्रो गाविसमा | रोहित निरौला, गाविस | खुला दिसामुक्त राष्टिय अभियान हो । हामीले पनि गाऊँ परिषद्मा छलफल गरेर निर्णय गरेका छौं । गाविसले एउटा प्यान र पाइप दिए पनि नबनाउने सोच भएकाले बनाउँदैनन् । मन गर्नेलाई गाविसले केहि नदिए पनि ट्वाइलेट बनाउन रोकिन्दैन भन्ने निष्कषमा हामीले |

| क.सं | प्रश्नकर्ताको नाम ठेगाना | सोधिएको प्रश्न | जवाफकर्ताको नाम | जवाफ दिएको विवरण |
|---|---|---|---|---|
| | सहभागी | किन त्यो शीर्षकमा केहि बजेट विनियोजन भएन ? | सचिव | निर्णय गरेका हौं । त्यही भएर लक्षित वर्गको पैसा त्यता नलगाएको हो । बरु हामी सबैले वडा वडामा गएर ट्वाइलेट बनाउनका लागि जनचेतना फैलाएर उत्प्रेरणा दिनुपर्दछ भनी निर्णय भएको छ । |
| १९ | लोकबहादुर विश्वकर्मा, सहभागी | हाम्रा दलितका छोराछोरी जन्मेपछि राज्यले भत्ता दिने भनेको छ। तर हामीले अहिलेसम्म पाएका छैनौं । बोल्नेको पीठो पनि विक्ने, नबोल्नेको चाहिँ चामल पनि नबिक्ने के हो ? अर्को कुरा गाविसबाट दलितका नाममा छुटिने पैसा के हुँदैछ ? विभिन्न व्यक्तिले पेश्की भन्दै लगेर के के काम गरेका छन् ? | सूर्य दर्नाल, अध्यक्ष र नारायण दर्नाल | सूर्य दर्नाल, अध्यक्षः मानबहादुर दर्नाल अध्यक्ष भएको बेला ३० हजार हिनामिना भएको छ । यसको बारेमा गाविसमा निवेदन पनि दिएको छ । मेरो कार्यकालमा विनियोजित २० हजारबाट दलित उत्थानका लागि जनचेतना कार्यक्रम भएको छ ।<br>नारायण दर्नाल, सचिवः दलितका बच्चाहरुलाई भत्ता वितरण भइरहेको छ । जन्म दर्ता गर्न छुटेको भए मात्र |
| २० | ,, | ,, | रोहित निरौला, गाविस सचिव | दलित बालबालिकाको भत्ता सम्बन्धमा दलितका बच्चाको जन्मदर्ता गरेपछि मात्र भत्ताको व्यवस्था हुन्छ । तर जन्म दर्ता गरेकै दिनबाट भत्ता आउने चाहिँ होइन । जन्म दर्ता गरेपछि मंसीर पौषमा हामी नामावली पठाउँछौं र श्रावणदेखि मात्र भत्ता आउँछ । अझै पनि कोहि जन्मदर्ता गर्न छुटेको भए ल्याउनुहोस्, आज जेठ मसान्तसम्म जन्मदर्ता गरेर पठाउन पाए श्रावण महिनादेखि भत्ता पाउन थाल्छ । ५ वर्ष पुरा भएपछि भत्ता पाइन्दैन । |
| २१ | सञ्चालक बाट प्रतिप्रश्न | तपाईको नाममा पेश्की देखियो । विगत आर्थिक वर्षदेखि तपाईंको कार्यकालको । कसरी पेश्की रह्यो ? र किन फछ्र्यौट भएको छैन ? | मानबहादुर दर्नाल टेलिफोनवात ।) | त्यो पैसा दलित परिवारको ७८ जनालाई दिएको छ । अहिलेसम्म उठेको छैन । अब एक दुई महिनाभित्रमा यो उठाउनका लागि पहल गरेर पेश्की फछ्र्यौट गर्नेछु । |
| २२ | माधव भण्डारी, सहभागी | मालबाँसे ग्रामिण सडक निर्माण गर्दा ४ वर्ष अगाडि हाम्रो २०ह जार रुपैया लगानी भएको छ । पटक पटक त्यसको कुरा गर्दा खेरी अध्यक्षबाट त्यस कुराको सुनुवाई भएको छैन । त्यसको लागि गाविसमा हामी निवेदन दिँदैछौं । सचिवसरले के गर्न सक्नुहुन्छ ? षडेश्वर उपभोक्ता समितिमा पनि हाम्रो अलिकति रकम रहेको छ, असारभित्र गाविसबाट फछ्र्यौट हुनुपर्दछ । | रोहित निरौला, गाविस सचिव चन्द्रलाल तामाँग, सडक अध्यक्ष | एउटा उपभोक्ता समितिले अर्को उपभोक्ता समितिलाई रकम तिर्न बाँकि छ भनिएको छ । यसबारे सडक उपभोक्ता समितिका सम्बन्धित अध्यक्षज्युलाई प्रष्ट पारिदिन अनुरोध गर्दछु ।उहाँ यही हुनुहुन्छ । **चन्द्रलाल :** बाटो निर्माण प्रक्रियामा प्राविधिक स्टिमेट अनुसार बजेटले नपुग्ने हुँदा उपभोक्ता तथा व्यक्तिहरुबाट पैसा उठाएर पनि लगानी गरिएको छ । हिले षडेश्वर बाटोमा लगानी गरिएको ३ लाख ५० हजार अहिलेसम्म पनि ऋण नै छ । कसरी हुन्छ हामी तिर्ने कोशिष गरिरहेका छौं । र तिछौं पनि । **सानबहादुर राई, सडक अध्यक्षः** बाटो खन्ने क्रममा व्यक्तिहरुबाट पैसा उठाएर लगाईयो । बाटो पनि खनियो । वडा नं. ४, ५, ७ र ८ का उपभोक्ताबाट ४ लाख ५० हजार जति उठाइएको छ । तर पैसा नभएर तिर्न सकिएको छैन । पैसा आएपछि तिर्ने भनेको छ । अन्य निर्माण भन्दा सडक फरक रहेछ । भवन बनायो भने वर्षौंलाई हुने, तर सडक आजको भोलि नै बिग्रिन पनि सक्दो रहेछ ।अनि पुनः पुनः त्यही बाटोमा पैसा लगानी गर्नुपर्ने हुन्छ । अब यी बाटोहरुलाई कसरी दीगो बनाउने भन्ने निकास खोज्नु जरुरी छ। |
| २३ | बलबहादुर थापा, सहभागी | भीरगाऊँ गाविसका ७, ८, ९ वडाहरुलाई गाविसले किन कुनै पनि अनुदान सहयोग दिँदैन? मलाई वडामा मानिसहरुले वडा नागरीक मञ्चको संयोजक छस् भन्छन् , मैले पनि आफ्नो वडाका विभिन्न समस्याहरु ल्याएर गाविस सचिवसंग राखेको छु, योजनाहरु माग गरेको छु, यस्ता माग ल्याउँदा राजनीतिक दलहरुले टेडा आँखाले | रोहित निरौला, गाविस सचिव | पुँजीगत अनुदान यस वर्ष १५ लाख ७५ हजार प्राप्त हुनुपर्नेमा ११ लाख मात्र प्राप्त भयो । यो बजेटको परिधिभित्र रहेर बजेट विनियोजन गर्दा आवधिक गाऊँ विकास योजना पनि बनाउनु पर्ने भएको, अहिले एउटा मात्र सडकलाई बजेट विनियोजन भयो । बालबालिका शीर्षकको बजेटबाट भवन निर्माण शीर्षकमा २ वटा विद्यालयलाई समेटेको छ । हामीले ७,८, ९ वडालाई नहेरेको भन्ने होइन । यसपटकको महिला शीर्षकको कार्यक्रमबाट ८ र ९ मा कार्यक्रम भएको |

| क्र.सं | प्रश्नकर्ताको नाम ठेगाना | सोधिएको प्रश्न | जवाफकर्ताको नाम | जवाफ दिएको विवरण |
|---|---|---|---|---|
| | | हेरेका छन् मलाई । यी वडाहरुलाई अहिलेसम्म कुनै बजेट परेको छैन । गाविसले यी वडाहरुलाई अर्कै गाविसको क्षेत्रको रुपमा पो हेरेको छ कि ? | | छ । |
| २४ | बलबहादुर थापा, सहभागी | गाविसको अनुदानबाट मार्गेश्वरी प्राविमा राखिएका शिक्षकको ४ महिनाको तलब गाविसबाट निकासा नभएर अहिलेसम्म पाएको छैन । श्रावणदेखि मंसीर सम्म काम गरेको पौषमा आएर बजेट दिन मिल्दैन भनियो ? किन श्रावणमै भनिएन ?त्यो कसले दिने? | रोहित निरौला, गाविस सचिव | शिक्षक अनुदानका लागि बजेट दिइएको छैन र दिन पनि मिल्दैन । अघिल्ला वर्षहरुमा पनि कुनै भौतिक निर्माण, सामग्री भनेर बजेट विनियोजन हुन्थ्यो र मिलाएर शिक्षकलाई तलब खुवाउनु हुन्थ्यो होला । २०६७।६८ गाऊँपरिषद्देखि नै शिक्षकलाई तलब नदिने निर्णय भएको छ । त्यो विद्यालयले जान्दछ । हामीले बजेट दिन सक्दैनौं । |
| २५ | सञ्चालक | नागरीक सचेतना केन्द्रले के गर्दैछ ? यसको अवस्था के छ? गाविसले यसमा सहयोग गरेको छ कि छैन ? योजनाहरु माग गरेको छ कि छैन ? | युवा थापा, संयोजक, ना.स.के. | नागरीक सचेतना केन्द्र गठन गरेको ८ महिना भयो । नागरीक सचेतना गठन गर्नुभन्दा अगाडि र अहिलेमा धेरै परिवर्तन आएको छ । महिलाहरु धेरै सचेत भएका छन् । म आफैं पनि यसरी स्टेजमा बोल्न सक्दिन थिएं भने पक्कै पनि महिलाहरुमा परिवर्तन र विकास भएको छ । गाविस, स्वास्थ्यसंग सम्बन्धित विषयवस्तु, सेवा सुविधाका बारेमा नागरीक सचेतना केन्द्रमा जानकारी गराइएको छ । हामीले गाविससंग पनि सहयोग माग गरेका छौं । तर गाविस सचिव सर त्यहाँ जानु भएको छैन । सामाजिक परिचालक नियमित जानुहुन्छ र सहयोग पनि हुन्छ । |
| २६ | सुजन सुवेदी, सहभागी | सचिव सर प्राय धनकुटा सदरमुकाममा बस्नुहुन्छ । यहाँ वडा नं. ८,९ जस्तै टाढा टाढा बाट सिफारिस र अन्य गाविसको काम लिएर आउँदा सचिव सर नभेटिएर समस्या पर्दछ । धनकुटा जाँदा पनि सरको डेरा कहाँ छ, खोज्नु पर्दछ । सचिव सरले गाविसमा बस्नु पर्ने की डेरामा बस्नु पर्ने ? | रोहित निरौला, गाविस सचिव | मैले जुनसुकै काम पनि जनतालाई दुःख नहुने गरी सहज ढंगबाट गर्नुपर्दछ र गर्छु पनि । यो प्रतिबद्धता गर्न चाहन्छु । मलाई डेरामा वा कार्यालयमा खोज्नु पर्ने भन्ने कुरामा म आफैं कार्यालय व्यवस्थापनमा कमजोर भएको हो । त्यो स्वीकार गर्छु । ५३ जना जनप्रतिनिधिको काम एक जना सचिवले गर्नुपर्ने मेरो मात्र समस्या नभई सबै सचिवको समस्या हो । हाम्रो १ महिनामा आधा जसो जिल्लामा काम परेकै हुन्छ । धेरै कामको लोडले गर्दा गाविसमा जति धेरै समय बसेर सेवा दिऔं भन्दा पनि सधैंभरी बस्न सक्ने अवस्था हुँदैन। |
| २७ | सुजन सुवेदी, सहभागी | गाविसमा मुखियाको पद पनि रिक्त छ । मुखिया पदपुर्तिका लागि विज्ञापन खोलाउन ३जनाको समिति पनि बनेको छ । आजसम्म विज्ञापन निस्किएको पनि थाहा छैन । कि थाहै नपाई अर्को व्यक्ति राखिएको हो की ? | रोहित निरौला, गाविस सचिव | कर्मचारी राख्ने सम्बन्धमा ३ जनाको समिति पनि बनाएको हो । तर अहिले कुनै पनि अस्थायी कर्मचारी नियुक्त नगर्ने भन्ने मन्त्रालयको निर्देशन आएको छ । राख्ने हो भने स्थायी मात्र राख्न पाइन्छ । अहिले पदपुर्ति समितिमा लोकसेवाको कर्मचारी अनिवार्य राख्नु पर्ने कुरा नियमावलीमा छ । र मात्र पदपुर्ति समिति पुरा हुन्छ । अहिले कोही पनि नियुक्त भएको छैन । दरबन्दीका लागि केहि दिनमै विज्ञापन खोल्ने प्रयत्न गर्नेछु । |
| २८ | तेजबहादुर दाहाल, सहभागी | बालबालिका शीर्षकमा विनियोजित बजेट कहाँ कहाँ गएको छ? खर्च भएको छ ? कुन कुन विद्यालयले पाएका छन् ? | रोहित निरौला, गाविस सचिव | बालबालिकाको शीर्षकमा विनियोजित १०प्रतिशतबाट बालविकास र शिक्षक रचनात्मक कार्यक्रम भनेर २० हजार विनियोजन भएको छ। रत्नसरस्वती तारवार घेरालाई ५० हजार र टंक उच्च मावि फर्निचर निर्माण ६० हजार गरेर १लाख १० हजार विनियोजन गरिएको छ । |
| २९ | माधव भण्डारी, सहभागी | २०६४।६५ मा २ वटा सहकारी संस्था थिए । त्यसबेला उपभोक्ता सहकारीलाई सरकारले १ लाख रुपैया दिने भनेको थियो । भीरगाऊँबाट पञ्चकन्या सहकारी संस्था र सामुदायिक मध्यस्थ उपभोक्ता सहकारी संस्थाबाट निवेदन दिएको थियो । र उक्त एक लाख रुपैया दुई वटै सहकारीले बाँडेर चलाउने सहमति गरेका थियौं । अहिले आएर सामुदायिक मध्यस्थता संस्थाले न त केहि गर्‍यो । न | राजेन्द्र प्रसाद गुरागाईं, व्यवस्थापक, सामुदायिक मध्यस्थ | अहिले यो संस्थाले पसल सञ्चालन गरिरहेको छ । दैनिक आय व्यय हिसाबकिताब हुन्छ । हेर्न सक्नुहुन्छ । उपभोक्तालाई चाहिने आवश्यक सामानहरु मलहरु उपलब्ध गराइरहेको छ । |

| क.सं | प्रश्नकर्ताको नाम ठेगाना | सोधिएको प्रश्न | जवाफकर्ताको नाम | जवाफ दिएको विवरण |
|---|---|---|---|---|
| | | त हामीलाई आधा दियो । उपभोक्ता सहकारी पसल खोलेपछि केहि हिस्सा दिने भनिएको थियो । अब हामी असार भित्रैमा पसल खोल्ने सोच्दैछौं । त्यसपछि हामीले पाउने हिस्सा दिन्छ दिन्न ? | उपभोक्ता सहकारी | |
| ३० | खगेन्द्र पिठाकोटे, सहभागी | गत वर्ष श्रीमान् टंक उच्च माविबाट एसएलसी पास गर्ने विद्यार्थीलाई प्रमाणपत्र लिन ५६०० शुल्क तोकिएको थियो । विद्यालय व्यवस्थापन समिति र स्कुलको निर्णयले । त्यो निर्णय गर्दा विद्यार्थीलाई थाहा भएन र कुनै जानकारी पनि दिइएन । शिक्षा नियमावलीमा यो ७०० भन्दा बढी तिर्नु पर्दैन भन्ने सुनिन्छ, के हो यथार्थ ? | वासुदेव निरौला, प्रअ श्रीमान् टंक उमावि | उच्च मावि सञ्चालनका लागि विद्यार्थी आवश्यक परेकोले विद्यार्थी रोक्नका लागि विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र विद्यालयबाट दुई वर्ष अगाडि गरिएको निर्णयमा प्रमाणपत्र लिनका लागि महँगो दर राखिएको हो । यो निर्णयलाई बदर गर्न पुनः त्यस्तै भेला गरेर मात्र संशोधन गर्न सकिन्छ । भीरगाऊँका स्थानीयलाई ५हजार, बाहिरबाट आई पढेकालाई २ हजार र विवाह गरेर अन्यत्र जानुपर्ने भएकालाई १ हजार तिर्नुपर्ने नियम बनाएको छ ।२०० रुपैया क्षेशिनिमा बुझाउनु पर्दछ । त्यो पनि एकमुष्ठ लिएको हो । तर महँगो तिरुन् भनेर होइन, यही विद्यालयमा रहेर अध्ययन गरुन् भन्ने अभिप्राय हो । शिक्षा नियमावलीमा ५०० भन्दा बढी लिन नपाईने भन्ने छ, सोही अनुसार त्यो पाँच सय लिइन्छ र बाँकी ४ हजार ५ सय अभिभावकले विद्यालयलाई चन्दा सहयोग दिएको भनी रेकर्ड देखाइन्छ ।<br>**डम्बर प्रसाद गुरागाईं, अध्यक्ष, विव्यसः** यसै विद्यालयमा रहेको विषय पढ्नलाई प्रमाण पत्र लिएर अन्यत्र जान खोज्नेका लागि मात्र हो महँगो शुल्क । |
| ३१ | सुजन सुवेदी, सहभागी | यही विद्यालयमा गुणस्तरीय शिक्षा दिन भन्दै विद्यार्थी अन्यत्र जानबाट रोकिएको छ । तर महिनामा दुई दिन शिक्षक पढाउन आएर कसरी हुन्छ गुणस्तरीय पढाई? अघिल्लो वर्षको ११ को परीक्षामा १ जना पनि विद्यार्थी पास भएनन् । यही बसेर अन्य विद्यार्थी पनि पढ्ने हो भने विद्यार्थीको भविष्य के होला? | रोहित गौतम, संयोजक, उच्च मावि | हाम्रो नियत विद्यार्थीलाई ५२०० लिने होइन, विद्यार्थीलाई यही राख्ने मात्र हो । शिक्षकहरुले अनिवार्य नपढाउने समस्या केहि समय भएकै हो । तर हाल आएर उच्च मावि पढाइका लागि कुनै कन्ज्युसाई) भएको छैन । पहिले शिक्षक व्यवस्थापनमा केहि कमजोरी आएकै कारण यस्तो समस्या आएको हो । अहिले सबै शिक्षकहरुको व्यवस्था भइसकेको छ । अब सुधारको अपेक्षा गरिएको छ । |
| ३२ | मेघराज थापा, सहभागी | एसएलसी परीक्षा पास भएका सबैले ५हजार २ सय तिरेर प्रमाणपत्र लिएर ग एभने यहाँ एघार कक्षा कसरी चल्छ ? यो निर्णय उचित होला की नहोला ? गुणस्तरीय शिक्षा दिएर पो विद्यार्थी आकर्षण गर्नुपर्छ होला त ? | रोहित गौतम, संयोजक, उच्च मावि | विद्यार्थी नरोक्ने भए उच्च मावि सञ्चालन गर्ने निर्णय किन गर्नुभयो भीरगाऊँ बासीले ? आगामी दिनमा शैक्षिक गुणस्तरको बारेमा र पढाउने कुरामा कुनै कन्जुस्याई हुन्न । हाम्रो टिमबाट त्यस्तो गल्ती भएमा हामी प्रअ शिक्षक कोही भन्दैनौं । हामी तपाईं अभिभावकहरु समक्ष आउँछौं । प्रअ ले पनि यस कुरामा प्रतिबद्धता गर्नुपर्दछ । विद्यार्थी बाहिर पठाउने कुरा नगरौं । सबै मिलेर गुणस्तरको लागि पहल गरौं । |
| ३३ | जेसिन मगर, सहभागी | एसएलसी प्रमाणपत्रका लागि ५हजार २ सय शुल्क तोक्नु भयो । तर हामी जस्ता गरीब तिर्न नसक्नेले के गर्ने ? यदी विद्यार्थी रोक्ने नै हो भने त्यो भन्दा बढी शुल्क चाहिँ किन नतोक्नु भएको हो ? | डम्बर प्रसाद गुरागाई, अध्यक्ष, विव्यस | त्यही तिर्न नसक्नेका लागि शहर बजारमा गएर पनि खर्चिलो हुन्छ । यही अध्ययन गरौं भनेर हामीले विद्यार्थी रोक्न नै खोजेका हौं । पढाइका लागि हामी सुधारको प्रयत्न गरिरहेका छौं । यसै विद्यालयमा रहेको विषय पढ्नलाई प्रमाण पत्र लिएर अन्यत्र जान खोज्नेका लागि मात्र हो महँगो शुल्क । अन्य विषय पढ्छु भनेर जान्छ भने सहुलियत नै छ । |
| ३४ | विमला तामाँग, सहभागी | गाविसबाट महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि ५४ हजार विनियोजन थियो । महिला सञ्जाल अध्यक्षले त्यो पैसा किन स्वास्थ्य स्वयंसेविकालाई दियो भन्नु भयो ? हामी चाही यो गाविसका महिला होइन की ? हाम्रो काम चाहिँ हेरिन्दैन की ? महिला सञ्जालको ५० हजारको कम्प्युटर चाहिँ अहिलेसम्म किन खोजि गरिन्दैन ? | बालकुमार शाह, सिअहेव, उपस्वास्थ्य चौकी | गाविसबाट आउने ५४ हजार रुपैया मध्ये स्वास्थ्य संस्थाले गर्ने कार्यक्रमहरु भिटामिन ए कार्यक्रम, महिनाको अन्त्यमा आएर महिला स्वास्थ्य स्वयंसेविकाले रिपोर्ट दिँदाको खाजा खर्च बापत उहाँहरुलाई प्रौत्साहन स्वरुप मासिक ४सयका दरले दिएको हो । यो तलब होइन, प्रोत्साहन हो । अन्य बचेको पैसाले स्वास्थ्य सम्बन्धी कार्यक्रम गरिन्छ । |

| क.सं | प्रश्नकर्ताको नाम ठेगाना | सोधिएको प्रश्न | जवाफकर्ताको नाम | जवाफ दिएको विवरण |
|---|---|---|---|---|
| | | ,, | | **चन्द्रलाल:** तपाईंहरु ढुक्क हुनुहोस् । यसबारे समस्या समाधान भइसकेको छ । बैठकमा निर्णय भइसकेको छ । त्यो घटेर आउँदैन, बरु अझ बढेर आउँछ । |
| | | ,, | | **रमा बराल:** मैंले महिला सञ्जालको संयोजकको नाताले कसरी र कहाँ खर्च भइरहेको छ ? भनेर बुझ्न खोजेको हो । भीरगाऊँका महिलाहरुका लागि आएको पैसा ९ जनालाई मात्र दिँदा सबै वडाको प्रतिनिधित्व होला कि नहोला भन्ने लागेर हो । |
| | | ,, | | **गाविस सचिव:** महिला सञ्जालको बजेट १०प्रतिशत दलीय संयन्त्रबाटै निर्णय भएको र स्वयंसेविकाहरुलाई पनि दिने भनिएको हो । महिला स्वास्थ्यसम्बन्धी कार्यक्रम र महिला स्वास्थ्य स्वयंसेविकालाई प्रोत्साहन भत्ता दिन सकिने कार्यविधिमा व्यवस्था भए अनुसार नै गत २।३ वर्षबाटै महिला शिर्षकको बजेटबाट महिला स्वास्थ्य स्वयंसेविकालाई विनियोजन गरिएको छ । यो ९ जना स्वयंसेविकालाई मात्र दिएको नसम्झेर ९ वटै वडाका महिला सञ्जालका सदस्यहरुलाई दिएको सम्झनु पर्दछ । |
| ३५ | युवा थापा, चन्द्रबहादुर थापा, रुपा बनेम, सहभागी | वडा नं. ७ को गाऊँघर क्लिनिक भनिएको छ तर सेवा उपलब्ध छैन । यसमा के गर्न सकिन्छ ? जसलाई खोल्न पाए थोरै भए पनि राहत पुग्ने थियो । वडा नं. ८ मा पनि क्लिनिक छ तर डाक्टर पुग्दैनन् । सेवाग्राहीहरु आएर फर्कनुहुन्छ । यो क्लिनिक कि हटाउनु पर्‍यो र स्वास्थ्य संस्थामा मात्र सेवा दिनुपर्‍यो कि त क्लिनिक नियमित हुनुपर्‍यो । | बालकुमार शाह, सिअहेव | गाऊँ घर क्लिनिक २।३ महिनादेखि नै बन्द भइरहेको छ । स्वास्थ्य संस्थामा दुई जना मात्र कर्मचारी छौं। गाऊँ घर क्लिनिक ४ ठाऊँ र खोप क्लिनिक ५ ठाऊँ चल्नु पर्ने हो । महिनामा ९ पटक क्लिनिक चलाउनु पर्नेहो । कर्मचारी अभावले यो समस्या आएको हो । |
| ३६ | रुपा बनेम, सहभागी | स्वास्थ्य चौकीमा दुई जना मात्र कर्मचारी हुनुहुन्छ । कहिले काहिँ अहेवको जिल्लामा तालिम, अनमीको गाऊँघर क्लिनिक हुँदा स्वास्थ्य चौकी त बन्द हुन्छ, यो समयमा सेवाग्राहीले के गर्ने ? | बालकुमार शाह, सिअहेव | जिल्लामा तालिम परेको बेला र खोप चलाउन जाँदा कहिलेकाही स्वास्थ्य चौकी बन्द नै भएको छ । अब अहेव कर्मचारी एक जना चाहियो । यसका लागि हामी सबैले पहल गरौं । कि त गाविसले १ लाख ५० हजार सम्म बजेट विनियोजन गरेर कर्मचारी राख्न पहल गर्नुपर्‍यो । |

कार्यक्रममा उपस्थित सहभागीहरुको लिँगीय विवरण निम्न अनुसार रहेको छ :

| क्र.सं. | सार्बजनिक सुनुवाईको उपस्थिति | | | |
|---|---|---|---|---|
| | विवरण | महिला | पुरुष | जम्मा |
| १ | दलित | १० | ११ | २१ |
| २ | जनजाती | १६ | ५० | ६६ |
| ३ | अन्य | ३१ | ६८ | ९९ |
| **कुल सहभागी** | | **५७** | **१२९** | **१८६** |

यसैगरी कार्यक्रममा उपस्थित सहभागीहरुको वडागत सहभागिताको विवरण निम्न अनुसार रहेको छ :

| सहभागीहरुको विवरण | वडागत रुपमा सहभागीहरुको विवरण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | अन्य | जम्मा |
| | १२ | १६ | ३८ | ११ | १९ | ९ | २२ | ३५ | १३ | ११ | १८६ |

## २.६ प्रतिबद्धता अनुगमन

## २.७ गाऊँ परिषद् र सार्वजनिक सुनुवाईको सहभागीताको विश्लेषण

| क्र.सं. | सार्बजनिक सुनुवाई कार्यक्रम, भीरगाऊँ | | | | गाऊँ परिषद्, भीरगाऊँ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | दलित | १० | ११ | २१ | २ | ३ | ५ |
| २ | जनजाती | १६ | ५० | ६६ | २ | ९ | ११ |
| ४ | अन्य | ३१ | ६८ | ९९ | ५ | २० | २५ |
| **कुल सहभागी** | | **५७** | **१२९** | **१८६** | **९** | **३२** | **४१** |

# खण्ड सात
## प्रतिबद्धताको घोषणा पत्र  र सहभागिताको अवस्था

### ७.१ गाविसस्तरीय घोषणापत्रहरु
क्रमशः वेलहारा, तेलिया, तांखुवा, परेवादिन र भीरगाऊँ गाविसहरुमा भएका घोषणापत्रहरु :

## खण्ड आठ
## कार्यक्रममा जनसहभागिताको अवस्था

### ८.१ गाविसस्तरीय अभिमुखीकरण कार्यक्रमको सहभागिताको विश्लेषण

| कार्यक्रम गरिएको गाविस | अभिमुखीकरण कार्यक्रमको मिति | सार्बजनिक सुनुवाई तथा प्रतिबद्धता पालना परियोजनाबारे भएको अभिमुखीकरण कार्यक्रमको विश्लेषण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दलित | | जनजाती | | अन्य | | जम्मा | | |
| | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | जम्मा |
| कुरुले तेनुपा गाविस | २०६९.११.२१.२ | ० | २ | ३ | ० | ६ | ८ | ९ | १० | १९ |
| तेलिया गाविस | २०६९.१२.६.३ | २ | ३ | १ | ९ | १ | २० | ४ | ३२ | ३६ |
| ताँखुवा गाविस | २०६९.१२.७.४ | ० | ० | २ | १० | ० | २० | २ | ३० | ३२ |
| वेलहारा गाविस | २०६९.१२.८.५ | २ | १ | ० | ८ | ५ | १५ | ७ | २४ | ३१ |
| भीरगाऊँ गाविस | २०६९.१२.१०.७ | ० | २ | २ | ९ | २ | १६ | ४ | २७ | ३१ |
| परेवादिन गाविस | २०६९.१२.१२.२ | ५ | ० | २ | ७ | ७ | १२ | १४ | १९ | ३३ |
| | जम्मा | ९ | ८ | १० | ४३ | २१ | ९१ | ४० | १४२ | १८२ |

### ८.२ सेवाग्राही बहिर्गमन सर्वेक्षणको सहभागिताको विश्लेषण

सार्बजनिक सुनुवाई परियोजना सञ्चालन भएका पाँच गाविसहरुमा सञ्चालन गरिएको सेवाग्राही बहिर्गमन सर्वेक्षणको सहभागीताको विश्लेषण

| गाविस | लिँग | | | जातजाती | | | | गाविसमा आउने सेवाग्राहीहरुको वडागत विवरण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | दलित | जनजाती | अन्य | जम्मा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा |
| वेलहारा | २२ | ३८ | ६० | ४ | १८ | ३८ | ६० | ० | १ | ५ | ११ | २० | ४ | १९ | ० | ० | ६० |
| तेलिया | १७ | ४३ | ६० | १५ | ११ | ३४ | ६० | १० | ४ | ३ | ३ | ११ | १९ | ५ | २ | ३ | ६० |
| ताँखुवा | ३४ | २६ | ६० | ३ | ४२ | १५ | ६० | ३ | ३ | ५ | १३ | १६ | १३ | ५ | २ | ० | ६० |
| परेवादिन | १३ | ४७ | ६० | ० | २७ | ३३ | ६० | ४ | ६ | ५ | २ | १४ | २० | ६ | ० | ३ | ६० |
| भीरगाऊँ | १७ | ४३ | ६० | ३ | २८ | २९ | ६० | २ | ९ | ६ | ९ | ९ | २ | १ | २१ | १ | ६० |
| जम्मा | १०३ | १९७ | ३०० | २५ | १२६ | १४९ | ३०० | १९ | २३ | २४ | ३८ | ७० | ५८ | ३६ | २५ | ७ | ३०० |

### ८.३ नागरीक प्रतिवेदन पत्र सर्वेक्षणको सहभागिताको अवस्था

सार्बजनिक सुनुवाई परियोजना सञ्चालन भएका पाँच गासिवमा गरिएको नागरीक प्रतिवेदन पत्रमा सहभागी सेवाग्राहीको विवरण

| गाविस | लिँग | | | जातजाती | | | | गाविसमा आउने सेवाग्राहीहरुको वडागत विवरण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | दलित | जनजाती | अन्य | जम्मा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा |
| वेलहारा | २१ | ३९ | ६० | ६ | २० | ३४ | ६० | ४ | ९ | ७ | ३ | ८ | १० | ९ | ५ | ५ | ६० |
| तेलिया | २२ | ३८ | ६० | १२ | २६ | २२ | ६० | १० | ८ | ७ | ९ | ६ | ४ | ३ | ८ | ५ | ६० |

| सार्बजनिक सुनुवाई परियोजना सञ्चालन भएका पाँच गासिवमा गरिएको नागरीक प्रतिवेदन पत्रमा सहभागी सेवाग्राहीको विवरण | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| गाविस | लिँग | | | जातजाती | | | | गाविसमा आउने सेवाग्राहीहरुको वडागत विवरण | | | | | | | | | | |
| | महिला | पुरुष | जम्मा | दलित | जनजाती | अन्य | जम्मा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा |
| ताँखुवा | ९ | ५१ | ६० | ६ | ३३ | २१ | ६० | ८ | १४ | ८ | ८ | ७ | ४ | ४ | ३ | ४ | ६० |
| परेवादिन | १२ | ४८ | ६० | ३ | २३ | ३४ | ६० | २ | १ | २ | ९ | १८ | १५ | ६ | ३ | ४ | ६० |
| भीरगाऊँ | २१ | ३९ | ६० | ८ | २३ | २९ | ६० | ६ | १ | १० | ४ | ५ | ८ | ३ | २१ | २ | ६० |
| जम्मा | ८५ | २१५ | ३०० | ३५ | १२५ | १४० | ३०० | ३० | ३३ | ३४ | ३३ | ४४ | ४१ | २५ | ४० | २० | ३०० |

## ८.४ सवाल पहिचान बैठकको सहभागिताको अवस्था

| कार्यक्रम गरिएको गाविस | सवाल पहिचान बैठक | सार्बजनिक सुनुवाई तथा प्रतिबद्धता पालना परियोजनाबारे भएको अभिमुखीकरण कार्यक्रमको विश्लेषण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दलित | | जनजाती | | अन्य | | जम्मा | | |
| | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | जम्मा |
| वेलहारा गाविस | २०७०.१.१९ | १ | ० | ३ | ८ | ३ | १७ | ७ | २५ | ३२ |
| तेलिया गाविस | २०७०.२.३ | ० | २ | २ | १२ | ४ | १९ | ६ | ३३ | ३९ |
| ताँखुवा गाविस | २०७०.२.४ | ० | ० | ३ | ६ | ० | ८ | ३ | १४ | १७ |
| परेवादिन गाविस | २०७०.२.७ | १ | ० | ० | ८ | ४ | ५ | ५ | १३ | १८ |
| भीरगाऊँ गाविस | २०७०.२.२४ | ० | ३ | १ | १६ | २ | १८ | ३ | ३७ | ४० |
| | जम्मा | २ | ५ | ९ | ५० | १३ | ६७ | २४ | १२२ | १४६ |

## ८.५ सार्वजनिक सुनुवाई कार्यक्रमको सहभागिताको अवस्था

| सार्बजनिक सुनुवाई परियोजना अन्तरगत आयोजित सार्बजनिक सुनुवाई कार्यक्रमको सहभागीताको विश्लेषण | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कार्यक्रम भएको मिति | गाविसहरु | लिँग | | | जातजाती | | | | सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थित नागरीकहरुको वडागत विवरण | | | | | | | | | | |
| | | महिला | पुरुष | जम्मा | दलित | जनजाती | अन्य | जम्मा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | अन्य | जम्मा |
| २०७०.२.९ | वेलहारा | ४८ | १३९ | १८७ | १८ | ७३ | ९६ | १८७ | ३ | ६ | ३ | १७ | ८१ | ७ | ५० | ९ | ५ | ६ | १८७ |
| २०७०.२.१९ | तेलिया | ३८ | ७४ | ११२ | ८ | ६० | ४४ | ११२ | ३५ | ५ | ४ | ९ | ६ | १७ | १४ | ८ | ८ | ६ | ११२ |
| २०७०.२.२० | ताँखुवा | १३ | ५६ | ६९ | ५ | ३४ | ३० | ६९ | २ | १० | ६ | ७ | २१ | ४ | ९ | १ | ० | ९ | ६९ |
| २०७०.२.२७ | परेवादिन | ४३ | ११३ | १५६ | ५ | ६९ | ८२ | १५६ | ६ | ३ | २ | ९ | ६३ | २९ | २० | १० | २ | १२ | १५६ |
| २०७०.२.३१ | भीरगाऊँ | ५७ | १२९ | १८६ | २१ | ६६ | ९९ | १८६ | १२ | १६ | ३८ | ११ | १९ | ९ | २२ | ३५ | १३ | ११ | १८६ |
| | जम्मा | १९९ | ५११ | ७१० | ५७ | ३०२ | ३५१ | ७१० | ५८ | ४२ | ५३ | ५३ | १९० | ६६ | ११५ | ६३ | २८ | ४४ | ७१० |

## ८.७ गाऊँ परिषद् र सार्वजनिक सुनुवाईको सहभागिताको तुलना

### क. वेलहारा गाविस

| कार्यक्रम | सार्बजनिक सुनुवाई, वेलहारा | | | गाऊँ परिषद्, वेलहारा | | |
|---|---|---|---|---|---|---|
| विवरण | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| दलित | ७ | ११ | १८ | २ | १ | ३ |
| जनजाती | २८ | ४५ | ७३ | ३ | १० | १३ |
| अन्य | १३ | ८३ | ९६ | ५ | १८ | २३ |
| जम्मा | ४८ | १३९ | १८७ | १० | २९ | ३९ |

**ख. तेलिया गाविस**

| क्र.सं. | सार्बजनिक सुनुवाई, तेलिया | | | | गाऊँ परिषद्, तेलिया | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | दलित | १ | ७ | ८ | २ | ४ | ६ |
| २ | जनजाती | २२ | ३८ | ६० | ७ | ११ | १८ |
| ३ | अन्य | १५ | २९ | ४४ | ४ | १३ | १७ |
| **कुल सहभागी** | | **३८** | **७४** | **११२** | **१३** | **२८** | **४१** |

**ग. तांखुवा गाविस**

| क्र.सं. | सार्बजनिक सुनुवाई, तांखुवा | | | | **गाऊँ परिषद्, तांखुवा** | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | दलित | ० | ५ | ५ | ० | १ | १ |
| २ | जनजाती | ६ | २८ | ३४ | ६ | १४ | २० |
| ४ | अन्य | ७ | २३ | ३० | २ | ४ | ६ |
| **कुल सहभागी** | | **१३** | **५६** | **६९** | **८** | **१९** | **२७** |

**घ. परेवादिन गाविस**

| क्र.सं. | सार्बजनिक सुनुवाई, परेवादिन | | | | **गाऊँ परिषद्, परेवादिन** | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | दलित | १ | ४ | ५ | ० | १ | १ |
| २ | जनजाती | २० | ४९ | ६९ | २ | १४ | १६ |
| ४ | अन्य | २२ | ६० | ८२ | ३ | १८ | २१ |
| **कुल सहभागी** | | **४३** | **११३** | **१५६** | **५** | **३३** | **३८** |

**ङ. भीरगाऊँ गाविस**

| क्र.सं. | सार्बजनिक सुनुवाई कार्यक्रम, भीरगाऊँ | | | | गाऊँ परिषद्, भीरगाऊँ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | दलित | १० | ११ | २१ | २ | ३ | ५ |
| २ | जनजाती | १६ | ५० | ६६ | २ | ९ | ११ |
| ४ | अन्य | ३१ | ६८ | ९९ | ५ | २० | २५ |
| **कुल सहभागी** | | **५७** | **१२९** | **१८६** | **९** | **३२** | **४१** |

८.८ जिविसले गरेको सार्वजनिक सुनुवाईको सहभागिताको विश्लेषण

क. लिँगीय सहभागिता विश्लेषण :




ख. जातीय सहभागीताको विश्लेषण



## खण्ड नौ
## उपलब्धी, सिकाई तथा चुनौतीहरु

### ९.१ उपलब्धी

- गाविसहरुमा साझा सवालमा सार्वजनिक प्रतिबद्धताको घोषणा पत्रहरु जारी गरिएको छ।
- गाविसको सेवा प्रवाह, योजना निर्माण तथा बजेट विनियोजन प्रक्रियामा नागरीकहरुमा चासो बढेको पाइयो।
- सार्वजनिक सुनुवाई कार्यक्रमको सञ्चालनपश्चात मारेककटहरे गाविसस्थित सहकारी संस्थाबाट सहजीकरणको लागि अनुरोध भई कार्यक्रम सहजीकरण गरिएको छ।
- धनकुटा नगरपालिकाले आफ्नो नियमित सार्वजनिक सुनुवाई कार्यक्रमको लागि बजेट तथा सहजीकरणको जिम्मेवारी यस संस्थालाई प्रदान गरेको छ।

### ९.२ सिकाई

- गाविसमा रहेका सर्वसाधारण नागरीकहरु गाविसको बजेट, योजना र परिषद्हरुमा सहभागिताको लागि इच्छुक देखिएका।
- सरकारी गैरसरकारी साझेदारीमा कार्यक्रम गर्दा प्रभावकारी देखियो।
- अनुसन्धानमुलक कार्यक्रम गर्दा तथ्यमा आधारित हुन सकिने रहेछ।
- सेवाग्राही बहिर्गमन सर्वेक्षण र नागरीक प्रतिवेदन पत्र सर्वेक्षणले गाविसमा हुने समग्र समस्या तथा जनताको अपेक्षाहरु झल्किएको पाइयो।
- सवाल पहिचान बैठकबाट साझा सार्वजनिक प्रतिबद्धताका लागि सवालहरु टुँगो लगाउन सहभागितामुलक अवसर प्राप्त भएको पाइएको।

### ९.३ चुनौती

- गाविसहरुमा जनप्रतिनिधिहरुको उपस्थिति नहुनु।
- लक्षित वर्ग र क्षेत्रलाई प्राथमिकता दिएर बजेट विनियोजन गर्दा सबैभन्दा बढी बजेट हिनामिना र खर्च नहुने गरेको पाइएको। पेश्की फछ्र्यौटमा समस्या देखिएको।
- गाविस सचिवहरुलाई बढि काम सदरमुकाममा पर्ने हुँदा धेरै समय गाविसमा नै रहन असहज देखिएको।
- लक्षित वर्ग र क्षेत्रको समुदाय अझै सशक्तिकरण नभएको अवस्था पाइएको।
- राजनीतिक दलहरुले गाविसस्तरीय अनुगमन समितिमा सक्रिय भुमिका निर्वाह गर्न नसकेको पाइएको।
- कुनै गाविसहरुमा सामाजिक परिचालनको अवस्था, नागरीक सचेतना केन्द्रको अवस्था कमजोर देखिएको।

### ९.४ सुझाव

- गाविसहरुमा न्युनतम् शर्त मापनका कार्यहरुमा चुस्तता हुन जरुरी देखिन्छ।
- गाविसमा हुने योजना निर्माण र बजेट विनियोजन प्रक्रियामा अर्थपुर्ण जनसहभागिता अभिवृद्धि गर्नुपर्ने आवश्यकता छ।
- पेश्की बेरुजु फछ्र्यौटमा गाविसमा ठोस निर्णय भई कडाईका साथ लागु गर्नुपर्ने आवश्यकता देखिन्छ।
- नागरीक वडा पत्र, सुचना पाटी, गुनासो पेटिका जस्ता आधारभुत सुचकहरुलाई व्यवस्थित गर्नु आवश्यकता देखिन्छ।
- गाविस सचिवहरुको उपस्थितिलाई गाऊँमा अलिक वृद्धि गर्नुपर्ने आवश्यकता देखिन्छ।
- गाऊँ परिषद्को माइन्युटलाई व्यवस्थित अभिलेखिकरण गर्नुपर्ने आवश्यकता देखिएको छ।
- गाऊ विकास समिति अनुदान सञ्चालन कार्यविधि बमोजिम उपभोक्ता समितिहरुलाई गर्नुपर्ने अभिमुखीकरण कार्यक्रमहरु तेस्रो पक्षसंगको साझेदारीमा गर्नु उपयुक्त देखिएको।
- गाऊँ पार्श्वचित्र नबनाइएका गाविसहरुले तत्काल पार्श्वचित्र निर्माण गरिसक्नु पर्ने र बनाइसकेका गाविसहरुले तत्काल अध्यावधिक गर्नुपर्ने आवश्यकता देखियो।
- योजनाहरुको होर्डिंग बोर्ड राख्ने र शिक्षक कर्मचारी उपभोक्ता समितिमा बस्न नपाउने अनि दोहोरो उपभोक्ता समितिमा बस्न नमिल्ने प्रावधानलाई कडाइका साथ लागु गर्न सक्नु पर्दछ।
- गाविस स्तरीय अनुगमन समितिहरु सक्रिय पार्नुपर्ने देखिन्छ।
- नागरीक वडापत्रको महत्वको बारेमा वडानागरीक मञ्चहरुलाई सक्रिय पारेर थप सचेतना गर्नुपर्ने देखिन्छ।

**अनुसुचीहरु**